प्रेस काउन्सिल नेपालद्वारा राष्ट्रियस्तरको (क) वर्गमा वर्गीकृत

# वैजयन्ती

वर्ष १७ अङ्क ३ पूर्णाङ्क ९३ विधाकेन्द्रित साहित्यिक पत्रिका २०८१ भाद्र-असोज

**संस्थापक**
वसन्तकुमार शर्म्मा 'नेपाल'

**संरक्षक**
राधादेवी शर्मा

**निर्देशक**
विनयकुमार शर्मा नेपाल

**प्रधान सम्पादक**
डा. रमेश शुभेच्छु

**सम्पादक**
यादव भट्टराई

**सहयोगी**
कमला नेपाल, भाभा शर्मा, आभा शर्मा, मातृका आचार्य, विभव नेपाल

**आवरण**
सुबोध घिमिरे, क्यालिफोर्निया अमेरिका

**प्रकाशक**
**शब्दार्थ प्रकाशन**
**चाबेल, काठमाडौं**

**Shabdartha Prakashan**
Chabahil Ganeshthan, Kathmandu, Nepal
977-01-4497351 / 9841-496103
email : shabdarthaprakashan@gmail.com
nepal.vk@hotmail.com / nepal120@yahoo.com
web : http://nepalipublisher.com / http://shabdarthaprakashan.com

सूचना - वैजयन्तीमा प्रकाशित रचनाको सम्पूर्ण जिम्मेवार स्वयम् लेखक नै हुनेछन्।

# सम्पादकीय

- फ्रान्सेली निबन्धकार मोन्तेनले निबन्धलाई चिनाउने क्रममा भनेका थिए- 'मेरो निबन्धको विषय म नै हुँ किनभने मैले सबभन्दा बढ्ता मलाई नै चिनेको छु ।' उनको निबन्धसम्बन्धी यही चिन्तनले निबन्ध रचनामा आत्मपरकताको जग बसाल्यो । आत्मपरक निबन्ध कुनै विषय वा शीर्षकमा केन्द्रित रहेर पनि लेखकका निजी धारणा, विचार र कल्पनालाई कलात्मक रूपमा प्रस्तुत गर्ने ढाँचामा तयार परिएको हुन्छ । यस्तो निबन्धलाई निजात्मक वा भावपरक निबन्ध पनि भनिन्छ । यसलाई पहिचान गर्ने मूल पक्ष यसको दृष्टिविन्दु हो । यस्तो निबन्धात्मक बान्कीमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको हुन्छ । यस किसिमका निबन्धमा लेखकका वैयक्तिक अनुभूतिहरू विषय वा विम्बका रूपमा अभिव्यक्त भएका हुन्छन् ।

- निबन्ध प्रस्तुति कि वस्तुपरक कि आत्मपरक दुई बान्कीमा भएको हुन्छ । कुनै विषय वा शीर्षकमा केन्द्रित रही सम्बन्धित विषयको व्याख्या, वर्णन र विश्लेषण गरी लेखिएको निबन्ध वस्तुपरक र त्यसै विषयलाई पनि लेखकले तटस्थ नरही भावनात्मक गहिराइका साथ आफ्ना अनुभूतिले पनि सजाएर प्रस्तुत गरे आत्मपरक हुन्छ । आजको नेपाली निबन्ध संस्मरण, आत्मकथा, यात्रा, नियात्रा आदिका माध्यमबाट वस्तुपरक बान्कीका तुलनामा आत्मपरक बान्कीमा अगाडि बढिरहेको छ । यसले निबन्ध रुखो विधा हो भन्ने भाष्यलाई चिर्दै पनि ल्याएको छ । निबन्धभित्र कथा र आत्मकथाको स्वाद बिस्तारै समाहित हुँदै आएको छ । यो नेपाली निबन्धको पाठकमैत्री सिर्जना बन्ने बाटो बनिरहेको छ ।

- नेपाली निबन्ध परम्परामा देवकोटा र समका कलमबाट सँगसँगैजस्तो देखापरेको आत्मपरक निबन्ध सिर्जन बान्की आज धेरै निबन्धकारको रोजाइको बान्की बनिरहेको छ । यसो हुनुको मूल कारण रचनाभित्र निबन्धकार स्वयम् उपस्थित भएर प्रस्तुत गर्न खोजेको विषयवस्तुसँग आफ्ना निजी अनुभूतिहरूलाई प्रस्तुत गर्नु हो । यसरी लेखकले भोगेको, देखेको, सुनेको, बुझेको पक्षलाई प्रस्तुत गर्दा पाठक बढी विश्वस्त बन्छ । आत्मजीवनीका शैलीमा लेखकले आफू जन्मिएको हुर्किएको परिवार, समाज, स्वजन र स्थल एवम् प्रयोगका वस्तुलाई नजिक उभ्याउने हुँदा पाठकले रुचिपूर्वक पठन गर्छन् । लेखकले भोगेको जीवन र उसका निजी विचारको प्रतिविम्बन रहनु नै निजात्मक निबन्धका बान्कीको आकर्षणको मूल हो ।

- आत्मपरक निबन्धमा लेखक कल्पनाको संसारमा हुन्छ । ऊ कल्पना र भावनामा वहकिन पनि सक्छ तर उसले सकेसम्म विचारलाई विश्वसनीय रूपमा प्रस्तुत गरिरहेको हुन्छ । विचार सूत्रहरू छरिएर विशृङ्खलित जस्ता लागे पनि यस्ता निबन्धमा लेखकीय अनुभवले पाठकलाई तानेर आफूसँगै राख्दछ ।

- निबन्धको आत्मपरक बान्कीको मूल विषय र भाव स्रष्टा नै हो । यस्तो निबन्धलाई वैयक्तिक, भावात्मक र विचारात्मक जुन रूपमा भए पनि स्रष्टाको निजी अनुभूति र भोगाइहरूको अभिव्यक्ति प्रधान रहन्छ । यो प्रधानता आजका निबन्ध सर्जकका रचनामा निरन्तर बढ्दो छ र पाठकहरू पनि यस किसिमका निबन्धमा अन्यविधाको स्वादसहितको आनन्द लिइरहेका छन् ।

- **वैजयन्ती**लाई माया गरेर आफ्ना रचना उपलब्ध गराउनुहुने सम्पूर्ण स्रष्टाहरूमा वैजयन्ती परिवार हार्दिक आभार प्रकट गर्दछ । यसका साथै आगामी समयमा पनि सम्पूर्ण लेखक साहित्यकार एवं पाठकहरूबाट स्नेह, सद्भाव र सहयोग प्राप्त हुनेछ भन्नेमा हामी विश्वस्त छौं ।

- **शब्दार्थ प्रकाशन**को **वेब साइड**मा **वैजयन्ती**का सबै अङ्क '**डाउनलोड**' गर्न मिल्ने गरी राखिएका छन् ।

## यस अङ्कमा


| क्रम. | निबन्ध | निबन्धकार | पृष्ठ |
|---|---|---|---|
| १. | बाँच्ने कला | इन्दिरा चापागाईं | ५ |
| २. | छुवाछूत | खगेन्द्र खोल्साघरे | ९ |
| ३. | कन्जुस्याइँ | देवीप्रसाद चापागाई | १२ |
| ४. | मनभित्रका प्रश्नहरू | नवराज रिजाल | १७ |
| ५. | स्वयंलाई नियाल्दा | डा. नारायण निरौला | २३ |
| ६. | घर | निशेष आङदेम्बे | २९ |
| ७. | भ्कार | बाँस्कोटा धनञ्जय | ३४ |
| ८. | सभ्यताको सकस | बाबुराम न्यौपाने 'उत्स' | ३८ |
| ९. | शरद् र स्मृतिहरू | बी.पी. सेढाई | ४० |
| १०. | कुर्सी | मेघनाथ 'बन्धु' | ४४ |
| ११. | यो घर कसको ? | रमेश समर्थन | ४७ |
| १२. | अस्तित्त्वका लागि मेरो सङ्घर्ष | राजेन्द्रकुमार आचार्य | ५३ |
| १३. | जीवनका तन्त्रिकाहरू | लक्ष्मण अर्याल | ५५ |
| १४. | के खुसी नै आनन्द हो ? | विनयकुमार शर्मा नेपाल | ५९ |
| १५. | कुरा मान्छेको | विनोद नेपाल | ६२ |
| १६. | ठालु | विश्वदीप अधिकारी | ६७ |
| १७. | लामखुट्टे विरुद्धको विज्ञप्ति | श्रीबाबु कार्की | ७० |
| १८. | बक्सिस | सुमी लोहनी | ७५ |

पुछारको पातो : निबन्धको आत्मपरक शैली डा. रमेश शुभेच्छु ७७


### अब हाम्रो पालो

गीत, चारु, छन्दकविता, हाइकु, विदेशयात्रा, स्वअन्तर्वार्ता, नाटक-आख्यान-समीक्षाको सैद्धान्तिक समालोचना (पूर्वशताङ्क), वैजयन्ती सयौं अङ्को इतिहास-अध्ययन (शताङ्क) आदि अङ्क

## वैजयन्ती स्रष्टा सम्मानद्वारा सम्मानित व्यक्तित्वहरू

| | |
|---|---|
| अङ्क १. प्रा.डा. कपिल अज्ञात (समीक्षा) | अङ्क २. राजेश्वर देवकोटा (पूर्वस्मृति) |
| अङ्क ३. बुनू लामिछाने (राष्ट्रिय व्यक्तित्व) | अङ्क ४. उर्मिला लामिछाने (नीतिकथा) |
| अङ्क ५. डा. शैलेन्द्रप्रकाश नेपाल (छन्दकविता) | अङ्क ६. भीष्म उप्रेती (स्वदेशयात्रा) |
| अङ्क ७. युवराज नयाँघरे (स्वदेशयात्रा) | अङ्क ८. डा.रामप्रसाद ज्ञवाली (छन्दकविता) |
| अङ्क ९. प्रा.डा. जयराज पन्त (चाडपर्व) | अङ्क १०. कन्हैया नासनानी (विदेशयात्रा) |
| अङ्क ११. भुवनहरि सिग्देल (प्रणयकथा) | अङ्क १२. प्रा.डा.दुर्गाप्रसाद अर्याल (समीक्षा) |
| अङ्क १३. प्रा. गोपीकृष्ण शर्मा (समीक्षा) | अङ्क १४. रामेश्वर राउत 'मातृदास' (गद्यकविता) |
| अङ्क १५. डा. घनश्याम न्यौपाने (संस्मरण) | अङ्क १६. प्रदीप नेपाल (संस्मरण) |
| अङ्क १७. प्रा. शिवगोपाल रिसाल (छन्दकविता) | अङ्क १८. विजय चालिसे (निबन्ध) |
| अङ्क १९. प्रकाशमणि दाहाल (निबन्ध) | अङ्क २०. श्रीओम श्रेष्ठ रोदन (संस्मरण) |
| अङ्क २१. रामप्रसाद पन्त (स्वदेशयात्रा) | अङ्क २२. मञ्जुल (विदेशयात्रा) |
| अङ्क २३. नारायण निरासी (छन्दकविता) | अङ्क २४. शशी थापा 'पण्डित' (संस्कृति) |
| अङ्क २५. किशोर पहाडी (लघुकथा) | अङ्क २६. ललिता दोषी (एकाङ्की) |
| अङ्क २७. गीता केशरी (लघुउपन्यास) | अङ्क २८. राधेश्याम लेकाली (गद्यकविता) |
| अङ्क २९. चन्द्रकान्त आचार्य (राष्ट्रियव्यक्तित्व) | अङ्क ३०. देवी नेपाल (छन्दकविता) |
| अङ्क ३१. अमरकुमार प्रधान (राष्ट्रियव्यक्तित्व) | अङ्क ३२. दिव्य गिरी (मुक्तक) |
| अङ्क ३३. सुषमा मानन्धर (कथा) | अङ्क ३४. बूँद राना (गजल) |
| अङ्क ३५. प्रा. राजेन्द्र सुवेदी (समीक्षा) | अङ्क ३६. नरेन्द्र पराशर (छन्दकविता) |
| अङ्क ३७. मेनुका पौडेल (निबन्ध) | अङ्क ३८. कृष्ण बजगाई (कथा) |
| अङ्क ३९. धीरकुमार श्रेष्ठ (गद्यकविता) | अङ्क ४०. रामकाजी कोने (मुक्तक) |
| अङ्क ४१. प्रा.डा कृष्णप्रसाद दाहाल (समीक्षा) | अङ्क ४२. मुकुन्द शर्मा चालिसे (छन्दकविता) |
| अङ्क ४३. रोचक घिमिरे (संस्मरण) | अङ्क ४४. डा. विश्वदीप अधिकारी (निबन्ध) |
| अङ्क ४५. घनश्याम राजकर्णिकार (संस्मरण) | अङ्क ४६. खिमानन्द पोखरेल (गजल) |
| अङ्क ४७. मञ्जु काँचुली (लघुकथा) | अङ्क ४८. त्रिलोचन आचार्य (छन्दकविता) |
| अङ्क ४९. इन्द्रकुमार श्रेष्ठ सरित् (कथा) | अङ्क ५०. डा. लेखप्रसाद निरौला (समालोचना) |
| अङ्क ५१. भास्कर भण्डारी (निबन्ध) | अङ्क ५२. वासुदेव अधिकारी (गद्यकविता) |
| अङ्क ५३. वासुदेव पाण्डे (गजल) | अङ्क ५४. प्रभा भट्टराई (छन्दकविता) |
| अङ्क ५५. माधव पोखरेल गोज्याङ्ग्रे (लघुकथा) | अङ्क ५६. शीतल गिरी (निबन्ध) |
| अङ्क ५७. आत्माराम खरेल (निबन्ध) | अङ्क ५८. दुर्गाकिरण तिवारी (गद्यकविता) |
| अङ्क ५९. डा. रमेश शुभेच्छु (गद्यकविता) | अङ्क ६०. विनोद नेपाल (स्वदेशयात्रा) |
| अङ्क ६१. सूब सेन (नाटक) | अङ्क ६२. विष्णुप्रसाद शर्मा पराजुली (कथा) |
| अङ्क ६३. ज्ञान उदास (मुक्तक) | अङ्क ६४. डा. विष्णु केसी (समीक्षा) |
| अङ्क ६५. लक्ष्मण अर्याल (लघुकथा) | अङ्क ६६. प्रह्लाद पोखरेल (छन्दकविता) |
| अङ्क ६७. हरि पाण्डे पथिक (राष्ट्रियव्यक्तित्व) | अङ्क ६८. बालकृष्ण भट्टराई (राष्ट्रियव्यक्तित्व) |
| अङ्क ६९. जनक वाग्ले (गीत) | अङ्क ७०. खगेन्द्र खोल्साघरे (संस्मरण) |
| अङ्क ७१. रासा (कथा) | अङ्क ७२. रुद्र ज्ञवाली (छन्दकविता) |
| अङ्क ७३. डा. प्रदीपकुमार मैनाली (गजल) | अङ्क ७४. तिलस्मी प्रभास (मुक्तक) |
| अङ्क ७५. प्रा.डा. कृष्णचन्द्र शर्मा (समीक्षा) | अङ्क ७६. पुण्य कार्की (निबन्ध) |
| अङ्क ७७. हरि थापा (गद्यकविता) | अङ्क ७८. कलानिधि दाहाल (छन्दकविता) |
| अङ्क ७९. जीवराज भट्टराई (संस्मरण) | अङ्क ८०. कृष्ण बाउसे (हाइकू) |
| अङ्क ८१. प्रेम राई परीक्षित (लघुकथा) | अङ्क ८२. कलाधर काफ्ले (विदेशयात्रा) |
| अङ्क ८३. प्रा.डा. लक्ष्मणप्र. गौतम (अन्तर्वार्ता) | अङ्क ८४. शिव त्रिपाठी (छन्दकविता) |

# बाँच्ने कला



इन्दिरा चापागाईं

बाँच्नेकला सामान्य अर्थमा जीवित रहनु, जिउँदो हुनु, कालको मुखमा नपर्नु वा बाँच्नु हो । अर्को अर्थमा बाँकी रहनु, जोगिनु पनि हो । प्रज्ञा नेपाली बृहद् शब्दकोषले यही भन्दछ । जीवन बाँच्ने सम्बन्धमा हाम्रो समाजमा विभिन्न उक्तिहरू पनि चलेका छन् । जस्तो : मानिसहरू भन्ने गर्छन् कि 'एक जीवन बाँच्नलाई धेरै पटक मर्नु पर्छ ।' यसबाट थाहा हुन्छ कि जीवित रहनु या जिउँदो हुनु या कालको मुखमा नपर्नु मात्र बाँच्नु होइन रहेछ । बाँकी रहनु या जोगिनु मात्र पनि बाँच्नु होइन रहेछ । सही अर्थमा बाँच्नु त अर्कै कुरा रहेछ ।

सोध्ने गरिन्छ नि ! तिमी कति समय बाँच्यौ ? त्यसले खासै अर्थ राख्दैन तर खुसी भएर चाहिँ कति बाँच्यौ त्यो महत्त्वपूर्ण कुरा हो । यसरी खुसी भएर बाँच्नु अर्थात् पटक पटक नमर्नु भनेको चाहिँ सही अर्थमा बाँच्नु रहेछ । त्यस्तै अर्को उक्ति पनि छ- 'घाँटी हेरेर हाड निल्नु' । यो उक्तिलाई पालना गर्दा घाँटीमा हाड अड्किने र दुर्घटना हुने डर हुँदैन । त्यस्तै अर्को उक्ति - 'ओड्ने छोटो भएमा खुट्टा खुम्च्याउँनु' अर्थात् छोटो ओढ्नेले पनि तरिका पुऱ्याउँदा काम चलाउन सकिन्छ । सोझो अर्थमा कुरा यही हो । लाक्षणिक अर्थमा भने यी दुवै उक्तिहरू जीवन जिउँने तरिका हुन् । यी भनाइहरूले आफ्नो साधन स्रोतलाई किफायत गरेर बाँच अर्थात् आफ्नो हैसियतभित्र बाँच है भनेका हुन् । समाजले जीवन जिउँने मार्गदर्शनकै रूपमा यी उक्तिहरू बनाएको हो ।

सन्तोषं परामास्थाय सुखार्थी संयतो भवेत् ।
सन्तोष मूलं हि सुखं दुखमूलं विपर्ययः ॥

मनुस्मृतिका उपरोक्त पङ्क्तिको अर्थ हो कि, सुखको इच्छा गर्ने व्यक्तिले परम सन्तोष लिएर, संयमित जीवन व्यतित गर्नुपर्छ । सुखको मूल सन्तोष हो भने त्यसको विपरीत अर्थात् दुःखको कारण चाहिँ असन्तोष हो । जसले जीवन र जगत् बुझ्छ र आत्मिक सुख प्राप्त गर्न चाहन्छ त्यस्ता थोरै मानिसको मात्र जीवन जिउँने मूलमन्त्र 'सन्तोषम् परम् सुखम्' हुन सक्दछ । यसरी एक दृष्टिकोणले हेर्दा 'सन्तोषम् परम् सुखम्' पनि जीवन जिउँने उत्तम आधार हो तसर्थ विद्वान्

व्यक्ति यस संसारमा सन्तोष नै ठूलो धन हो भन्दछन् ।

अर्को दृष्टिकोणले हेर्दा जुन विन्दुमा सन्तोषको सास फेरिन्छ अरू सिँढी चढ्न आवश्यक देखिँदैन । यसरी यस मन्त्रले कहिलेकाहीँ प्रगतिशील पाइलाहरूलाई रोकिदिन पनि सक्छ किनभने असन्तोष आविष्कारकी जननी पनि हो । त्यसैले अर्काथरि मान्छे 'सन्तोष नै सुख हो' भन्ने कुरा स्वीकार गर्दैनन् । उनीहरूका विचारमा आरोग्य ठूलो सुख हो । त्यस्तै सम्भोगसुख प्रकृतिप्रदत्त र अपरिहार्य सुख हो, सन्तानसुख झन् अनुपम सुख हो, तसर्थ यस्ता सुखलाई त्याग गरेर, मन मारेर 'सन्तोषम् परम् सुखम्' भन्नु या भौतिक सुखलाई छोडेर आत्मिक सुखको वकालत गर्नु मान्छेको ढोङ मात्र हो । असन्तोष हुनु भनेको तृष्णा कायम रहनु हो । तृष्णा पूर्तिपछि प्राप्त सन्तोषले चाहिँ परम सुख दिन्छ तर फेरि तृष्णा आफैमा अनन्त हुन्छ ।

जेहोस् मनुष्य जीवन अनमोल छ । यस कुरामा सायदै दुई मत होला । रविशङ्करको 'आर्ट अफ लिभिङ' होस् या डाक्टर राजु अधिकारीको 'आर्ट अफ इटिङ' मानव मात्रको जीवन बाँच्नकै लागि बनाइएका मार्गदर्शन हुन् । किनभने अस्वस्थ मान्छे खुसी हुन सक्दैन । स्वस्थ बन्न आहार, विहार र विचार स्वस्थ हुन आवश्यक छ । अर्को शब्दमा कुनै पनि मानिसको आहार, विहार र विचारले नै उसको स्वास्थ्य र आयु निर्धारण गर्दछ । साथै मानिस मन, वचन र कर्मले जस्तो चाहन्छ त्यस्तै बन्न सक्दछ तसर्थ सधैं मन, वचन र कर्मले राम्रो गर्ने प्रयास गर्नुपर्दछ ।

चार्वाक ऋषिको भौतिक दर्शनले भन्छ : 'यावज्जीवेत सुखं जीवेद ऋणं कृत्वा घृतं पिवेत, भस्मीभूतस्य देहस्य पुनरागमनं कुतः ।' संस्कृत भाषाको यस श्लोकको अर्थ हुन्छ- जबसम्म बाँचिन्छ सुखपूर्वक बाँच्नु पर्छ, चाहे ऋण काडेर घिउ खानु परोस् । मरेपछि शरीर नाश भएर खरानी बन्छ भने फेरि जीवन पाउँन त कसरी सम्भव हुन्छ र ? यस दर्शनले मस्ती गर्दै बाँच्न र सबै प्रकारका चीज भोग उपभोग गर्न प्रेरित गर्दछ । यस दृष्टिकोणलाई आधार मानेर जीवन यापन गर्ने हो भने एकातिर समाजमा आफ्नो साधनस्रोत भन्दा बढी महत्त्वाकाङ्क्षा राखेर महत्त्वाकाङ्क्षा पूरा हुन नसक्दा 'डिप्रेसन'मा जाने, मानसिक रोगी हुनेदेखि लिएर आत्महत्या गर्ने सम्मका नकारात्मक नतिजा पनि देख्न पाइन्छ । यस दृष्टिकोणले राज्यको अर्थव्यवस्थामा समेत असर गर्दछ । आजको मान्छे उद्यम नगर्ने, खेतबारी बाँझो राख्ने तर ब्रान्डेड वस्तु खाने, लगाउनै पर्ने कारणले गर्दा निर्यात घट्ने र आयात बढ्ने फलस्वरूप व्यापार घाटा बढ्ने अवस्था छँदै छ । अर्कोतिर सन्तोष गरेर बसेपछि प्रगति कसरी हुन्छ र ? आफ्नो क्षमताको महत्तम उपयोग गर्नु र परिवार, समाज र देशलाई यथासक्य योगदान दिनु हरेक व्यक्तिको कर्तव्य पनि

हो । उपभोगमा मात्र रमाउने र क्षमता उपयोगमा तल्लीन हुने दुवै कामका चरम विन्दु उचित होइनन् । एक हद भन्दा बढी कुनै पनि कुरा राम्रो हुँदैन तसर्थ यी दुईका बीचमा मध्यविन्दु अर्थात् मध्यमार्गी तरिका खोजेर जीवनयात्रामा सन्तुलन कायम गर्नु उपयुक्त हुन्छ । कर्म गर्ने कुरामा असन्तोष गर्ने तर कर्तव्य पूरा गरेर सन्तोष गर्ने महत्तम सन्तुलन विन्दु हुन सक्छ ।

'प्रकृतितर्फ फर्क' भन्ने जाँ ज्याक रूसोले मान्छे प्रकृतिको उपहार हो र प्राकृतिक रूपमै बाँच्नु पर्छ भनेका छन् । कसैले त बाँच्ने काइदा राउटेबाट सिक्नु पर्छ पनि भन्ने गर्छन् । हुन पनि प्रकृतिसँग नजिक भएर बाँच्ने प्राणीहरू तुलनात्मक रूपमा निरोगी देखिन्छन् । आजका दिनमा औषधी, बिषादि र रसायनयुक्त खानपान अनि तनावयुक्त जीवन शैलीले गर्दा धेरै मान्छे विभिन्न शारीरिक तथा मानसिक समस्याबाट गुज्रिरहेका छन् । 'ॐ शान्ति' होस् या त 'ओसोमार्ग' या 'साइबाबा' या इस्कोन (अन्तर्राष्ट्रिय कृष्ण भावनामृत संघ) यी सबै मान्छेलाई तनावमुक्त पारी जीवन सहज बनाउने प्रयासहरू हुन् । मानिसहरू यस्तै कुनै न कुनै धारमा आबद्ध भएर जीवन सहज बनाउने प्रयास गरिरहेका हुन्छन् । आस्था जसमा राखे पनि हुन्छ । सकारात्मक सोच चाहियो बस् । पूर्वीय दर्शनले योग, ध्यान, प्राणायामद्वारा शरीर र मन व्यवस्थित गर्न र आत्मासँग परमात्मा जोड्न आह्वान गर्दछ । यस कुरालाई विभिन्न पाश्चात्य मुलुकले समेत अनुशरण गर्न थालेका छन् । कोरोनाकालमा त झन् यो पद्धति विश्वमै निकै उपयोगी सिध्द भएको थियो ।

जे भए पनि मानव जीवन पाउनु र पाएर बाँच्नु आफैमा महत्त्वपूर्ण कुरा हो । कति जीवन त गर्भावस्थामै नष्ट गरिन्छन् । कयौं जीवन रोग, भोक र शोकले छिनिदिन्छ । त्यस्तै कति जीवन प्राकृतिक विपत्तिको आहारा बन्छन् तसर्थ बाँच्नु, बाँच्न पाउँनु वास्तवमै ठूलो कुरा हो । जीवन बाँच्ने क्रममा गौतम बुद्धले शान्तिको खोजी गरे । कहाँ जाऊँ, के गरूँ, कसरी शान्ति पाइएला भनेर लागिरहे । ध्यान गरे र शान्ति प्राप्त गरे । अरूका लागि समेत शान्तिको मार्ग प्रशस्त गरिदिए । अष्टाङ्ग मार्ग देखाइदिए तर आजको भोगवादी मानिस बुद्धमार्गमा हिँड्न सकिरहेका छैनन् । अर्कोतिर बौद्ध गुम्बाहरू पनि विवादरहित हुन सकिरहेका छैनन् ।

समाजमा भावीको लेखालाई विश्वास गर्नेहरू पनि छन् । उनीहरू 'भावीले जे लेखेको छ त्यही भोग्ने हो' भन्ने गर्छन् तर मानिसले भोग्ने कुरा धेरै हदसम्म आफ्नै कर्मले निर्धारण गर्दछ । हिन्दीमा एउटा उखान छ नि 'जैसी करनी वैसी भरनी ।' अर्थात् हामीले जस्तो कर्म गर्छौं त्यस्तै फल पाउँछौं । कोदो रोपेर धान त फल्दैन ।

'संसर्गजा दोषगुणाः भवन्तिः' अर्थात् सङ्गत र वातावरणले पनि मानिसको

जीवनलाई या भनौं जीवन जिउने शैलीलाई धेरै हदसम्म प्रभाव पार्दछ । आफू कस्तो बन्ने हो त्यस्तै व्यक्तिको सङ्गत गर्नु पर्दछ । अर्को शब्दमा झिँगाको सङ्गत गरे फोहोरमा पुऱ्याउँछ, मौरीको सङ्गत गरे महमा पुऱ्याउँछ या मह बनाउँन सिकाउँछ ।

हरेकको जीवन उसको आफ्नै हो र कसरी जिउने भन्ने कुरामा ऊ स्वतन्त्र छ । त्यसैले यही तरिका ठीक भन्नु सहि हुँदैन तथापि मानव जीवन अनमोल छ र यो जीवनको महत्तम उपयोग गर्नु पर्दछ । दिनभर गरेको कर्मले रातभर मस्त निदाउँन सकियोस् । यही जीवन बाँच्ने मूलमन्त्र हो । जुन 'सत्कर्म, सन्तुष्टि र शान्तिसहितको जीवन सार्थक हुन्छ ।' सार्थक जीवन बाँचेर जाऔं । जननी र जन्मभूमिको ऋण चुक्ता गरेर जाऔं । आफूले धर्ती छाडेर जाँदा केही गुन छोडेर जाऔं । केही पुण्य लिएर जाऔं ।

हाल : सूर्यविनायक न.पा. भक्तपुर ।

-_-


# के तपाईंलाई थाहा छ ?

हामी २०७९ र २०८० को
वर्ष साहित्य पुस्तकमा जुटिसकेका छौं ।
प्रत्येक वैशाखदेखि चैत्रसम्म निस्केका
पुस्तकहरूको हामी परिचय प्रकाशन गर्दछौं ।

त्यसैले हामीलाई पुस्तक उपलब्ध गराउनुहोस् ।

साहित्य संवर्द्धन केन्द्र / शब्दार्थ प्रकाशन
चाबेल, काठमाडौं ०१-४४१७३५१/९८४११४४५१०/९८४१४१६१०३

# छुवाछूत



**खगेन्द्र खोल्साघरे**

मानिस भएर मानिसमाथि नै छुवाछूतको नियम लगाउनु कति उचित वा अनुचित हो भन्ने कुरा मानिस मात्रलाई थाहा नभएर कसलाई थाहा हुने हो ? यो कुरा थाहाका लागि अब मानिसले कहाँ गएर कसलाई गुरु मानेर सही गलत पत्ता लगाएर थाहा पाउने हो ?

यस संसारमा मानिस भन्दा माथि विषय ज्ञान छ भने केवल प्रकृतिमा मात्र छ। प्रकृति भन्दा असल गुरु कोही छैन र प्रकृतिले प्रकृति माथि नै छुवाछूतको पाठ सिकाएको छ र ? छैन भने किन कसरी यो नियम बसालियो ? विषय ज्ञान थाहा भएको मानिसले नै यस प्रथालाई किन लामो समयसम्म पालेर राख्यो ? प्रथाभित्र सुखी भएर बाँच्ने समूह भन्दा दुःखी भएर बाँच्ने समूहले किन आफ्नै दाजु भाइसँग अंश लिन सकेन ? यो पनि कमजोरी नै भएको छ एकातिर भने अर्कोतिर भाइले भाइमाथि अति अन्याय गरेको छ। अन्याय गर्ने र अन्याय सहने दुवै दण्डका भागी हुन् भन्ने पाठ पढाउने पढ्ने दुवैलाई यो कुराको ज्ञान छ ?

कुनै समय कुनै एउटा व्यक्तिले गरेको गल्तीमा त्यस समयको कानूनले दण्ड सजाय दियो वा दिएन यो फरक कुरा हो तर जसले अन्याय गऱ्यो उसका सन्तान दरसन्तान सबैले सजाय पाउनु पर्ने नै हो र ? सजाय भोग्नेहरू थोत्रो जेल तोडेर किन खुला रूपमा बाहिर आउन्नन् र किन आउन सकेका छैनन् त। पाप लाग्छ, हाम्रो पनि धर्म नासिन्छ, हामी साना जात नै हौं भन्नेको जमात पनि छँदै छ। यस्ता समाजभित्रको पुरानो सोच मासिनु पर्छ र दुवैबीचको खाडल पुरिएर समथर सङ्लो हुन आवश्याक छ । कानूनले कागजमा अन्त्य गरिसके पनि समाजमा अन्त्य नभएकाले यो विषयको उठान अझै आवश्यक देखिन्छ ।

वास्तवमा छुवाछूतको विषय यति सामान्य मात्रै होइन धेरै गहिरो छ । छुवाछूत मासिँदैन, समाप्त हुनै सक्तैन किनकि यो केवल जात, भात र पानीमा मात्र होइन वा पुरानो रुढीवादी धारणाभित्र रहेर मात्र पनि होइन। सिङ्गो समाजको सङ्लो घेराभित्र रहेर गढन्त कुरालाई एउटै मनोभावनामा उचाली जुठो, चोखो, सफा, फोहर, असल, कमसल, अनुशासन आदि विषयमा राम्रो गर्ने वा नगर्नेबीचको

छुवाछूत भने फरक हुन्छ । यो भनेको एउटा मानिस झुण्ड सिङ्गो समाज र सिङ्गो संसारलाई नै खराब गर्छ भने त्यसलाई अलग्याउनु राम्रो ।

खराब आचरणमा हिंड्ने मानिस त्यो तथाकथित ब्राह्मण होस् वा शूद्र होस् यी सबै समाजका धमिरा बन्ने हुँदा ती अछूत नै हुन् । चोरी डकैती गर्ने गराउँने, समाजमा बसेर पशुवत व्यवहार गर्ने, राज्यले बनाएको नियम कानूनलाई धर्मको रूपमा पालना नगर्ने, कर्मको पथभ्रष्ट अधर्मीलाई राज्यको कानूनले भन्दा अझ कडा सामाजिक रूपमा अलग्गै गर्नु पर्ने हुन्छ तर जो जसलाई अछूत मान्नु पर्ने हुन्छ उसका सन्तान दरसन्तानलाई होइन । 'जन्मनाम् जायते शूद्र कर्मणाम द्विज उच्यते, वेदाम्भ्यासी भवेत् विप्र, ब्रह्मजानाति ब्राह्मण' जन्मदा सबै शूद्रका रूपमा नै जन्म लिन्छन् भन्दा शूद्रको अर्थ हुन्छ हरिजन र हरिजनको अर्थ हुन्छ भगवान्मा आस्था राख्ने । आत्मा शुद्ध भएको मानिस प्रकृतिपछिको कोरा प्रकृतिको मानिस नै छलकपट नभएको हुन सक्छ । कर्मणामसम्म भन्दा वेदको अभ्यास गरी पुरेत्याई वा यजमान गर्ने पेसाको मानिस हुन्छ भने 'ब्रह्म जानाति ब्राह्मणम्' अर्थात् जसले संसार बुझेको हुन्छ वा जसले प्रकृतिको साङ्गोपाङ्गो र यो भवसागर चलाउँने सञ्चालक-ईश्वरप्रतिको विषयबोध गर्न सकेको हुन्छ वा सही आचरण शुद्ध विचारले ती विषय ज्ञान अरूलाई दिन सक्ने हुन्छ भने मात्र त्यो ब्राह्मण हो ।

तथाकथित शूद्रको कोखमा जन्मिएको होस् वा ब्राह्मणका कोखमा । यहाँ कोखको कुरा गौण र केवल ज्ञानको कुरा महत्त्व देखिन्छ तसर्थ पनि जातका आधारमा छुवाछूत हुनु धर्म सङ्गत मान्न सकिन्न । फोहोरी भएर हिंड्ने, अस्वस्थ वा महामारी, सरुवा रोग लागेका वेला त्यो रोगले नछोडेसम्मको समयमा एक अर्कालाई सर्ने भएका कारण एक किसिमको अलग रहनु, बस्नु पर्छ र राज्य धर्मी हुनु पर्छ भने यसलाई छुवाछूत भन्न सकिन्न । छुवाछूतको बारना त्यहाँ हुनु पर्छ जहाँ केवल मान्छेले समाज विपरीत अपराधजन्य काम गरेको हुन्छ । उसले गरेको अपराधले व्यक्ति, समाज राष्ट्र आदिको अस्तित्वलाई खतरामा पार्छ । समाज विपरीत अपराध गरेको छ भने दण्डको रूपमा उसलाई समाजबाट अलग्याउनु पर्छ, अछूत मान्नु पर्छ, त्यो पनि केवल त्यस व्यक्तिलाई मात्र । मान्छेको सन्तानलाई व्यक्तिको अपराधको सजायँ दिन सकिन्न ।

हामीले मानेको ईश्वर वा प्रकृतिका निमित्त सम्पूर्ण प्राणीहरू बराबर छौं भने फेरि को छूत को अछूत ? कसैलाई छूत र अछूत भनेर भिन्नै पाटोमा राखेको छैन प्रकृतिले । हामीले ईश्वरको नाम बेचेर ईश्वरको नाममा ईश्वरले यसो भन्नुभएको छ उसो भन्नुभएको छ भनेर विषयवस्तु बङ्ग्याएर कुन खेती गरिरहेका छौं ? हाम्रो सिर्जनाकार एउटा ईश्वर सिङ्गो प्रकृति हुँदाहुँदै पनि आफैले विभिन्न

किसिमका ईश्वर पन्थ खडा गरेर तेरो यो, मेरो यो, मेरो यस्तो, तेरो उस्तो भनेर बखडा निकालेर धर्म, ईश्वर र संस्कारलाई  अलग अलग विषय बोध नगराई एउटै भीडमा होमिदिएका छौं । त्यही भीड आफै हो हो, हो हो भन्दै मडारिएर भीडकै चरु होमिरहेछ । त्यो भीडले धर्म, दर्शन, ईश्वर, संस्कार अलग अलग कुरा हुन् भन्न सकिरहेको छैन । यसैलाई सनातन मानी एउटै डोकोमा बोकी हिँडिरहेछौं हामी । यसको परिणाम समयको माग नबुझी पुरातनवादी चरित्रलाई प्रश्रय दिएका कारण भीडले पनि अनेकौ अनुयायी पाई नै रहेको छ । हो पुरातनभित्र ज्यादै राम्रा राम्रा विषयहरू पनि छन् । नैतिक शिक्षाका राम्रा कुराहरू छन् । ती हामीले त्याग्न हुँदैन । नैतिक शिक्षा अति नै आवश्यक कुरा पनि हो । आज नैतिक शिक्षाको कमीका कारण समाज अनैतिक भएको छ । व्यवहारिक शिक्षाका नाममा व्यवसायिक शिक्षा बाँडिरहेछौं ।

आजभोलि जातिगत छुवाछुत मात्र नभएर मञ्चगत छूवाछुत पनि अगाडि आएका छन् । यस खाले छुवाछूतदेखि पनि हामीले सतर्क रहनु राम्रो हुन्छ । हो पक्कै सबै किसिमका छुवाछूत नामेट नहुन सक्छ तर निरन्तर प्रयास गरिरहे नामेट हुँदैन पनि भन्न मिल्दैन । समाजमा निकै ज्यादै राम्रा कुराहरू पनि छन् । नुहाएर, सफा कपडा लगाएर खाना बनाउँने । फोहरमा गएर आएको कपडा लगाएर नखाने । फोहरी मानिसले पकाएर दिएको खाना नखाने । मांसहार नगर्ने । तामसी खाना नखाने । सधैं सात्विक भोजन गर्ने कुरा राम्रो हो तर आजभोलि यिनैमा विकृति थपिएको छ । हिजोको छुवाछूतको खाडल पुरिनुको साटो आज अर्को खाडल खन्ने काम हुन थालेको छ ।

ईश्वरको पूजा कर्मले हुन्छ, कर्मको धर्मले हुन्छ । प्राणी मात्रको  कल्याण नै ईश्वरको पूजा हो । गरीब, दुःखी, फोहरी, सुग्घरी, धनाड्य सबै एकै ईश्वरका सन्तान हुन् । सबैले सबैलाई फूलको आँखाले हेर्नु पर्दछ । असक्त, रोगी, फोहरीलाई पनि नुहाइ धुवाइ सफा पारी राम्रो ठाउँमा राखेर खान बस्न दिएर सेवा गर्न सकेमां निश्चित नै ईश्वरको पूजा हुन्छ । आफ्नै आनन्दमा फूलिरहेको सफा फूललाई टिपेर मूर्त्ति वा मन्दिरमा चढाउँदै हामी ईश्वको पूजा गऱ्यौं भन्छौं भने यो आफैमा कति सहि हुन्छ ? के फूलको जीवन छैन ? अर्काको स्वार्थमा बलि चढिनु पर्ने हो र उसले ? तिम्रो र फूलको अस्तित्वमा के नै फरक छ र प्रकृतिका लागि ?

ईश्वरका फूलबारीमा फुलेका सबै किसिमका फूल-प्रकृतिका तत्त्व तत्त्वको यस सृष्टिमा समान हक, अधिकार र कर्तव्य छन् । हामी सबैले यही ईश्वरीय फूलबारीमा 'वसुधैव कुटुम्बकम्' सिद्धान्तमा हिँडे सबैको उन्नति हुनेछ । यहाँका, सृष्टिका सबै जीव, वनस्पति र जड बराबर हौं । कोही कसैलै कसैलाई छुवाछूतका भावनाले हेरिनु महागल्ती हुनेछ ।

-_-

# कन्जुस्याइँ



देवीप्रसाद चापागाई

आवश्यकता भन्दा कम गर्ने मनोवृतिलाई कन्जुस्याइँ भन्नेहरू छन्। भौतिक सामग्रीको छुच्याइँ हो र मानवोचित व्यवहारमा समेत उनीहरू चुक्छन् भन्ने राय धेरैले दिएका छन्। केलाउँदै जाँदा कन्जुस्याइँका विविधता पनि भेट्न सकिएला। व्यवहारमा कुन्जुस्याइँ, आधारमा कन्जुस्याइँ, बोलीवचनमा कन्जुस्याइँ यस्ता अनेक कन्जुस्याइँका उदाहरण भेटिन सक्छन्।

भौतिक वस्तुको मात्र कुरा गरेर कन्जुसलाई हाम्रा वरिपरि नदिने मनोवृत्ति तपाई हामीमा छ तर जति बल लगाए पनि हाम्रै अगाडि उसको आगमन गराउने पात्र दशमा एक पक्कै छ। कन्जुसलाई भरथेग पुग्ने गरी केही दयालु अनुहारले मितव्ययीको संज्ञा दिएका पनि छन्। ती कन्जुसका ज्वाइँ भान्जाभान्जी, सालासाली वा कतै न कतै छोइने नातो हुन सक्छ। होला भन्न सकिन्छ। हुन त हामी प्याच्च बोलेर ठूलो मान्छे बन्न खोज्छौं। कुरै नबुझी कुरा नबुझ्दा भीमसेनले पनि कुवेरलाई कन्जुस भनेका रे ! तर उनी कन्जुस नभएर धनार्जनको शास्त्रीय मूल्य पढाउने वैदिककालीन उद्‌भट अर्थशास्त्री हुन्। आफ्नो पेसामा एकाग्र भई लाग्न दिएको त्यो आदर्श सन्देश हो। कुबेर विचरा सानो आर्थिक समस्या लिएर आउने व्यक्तिलाई समेत रित्तो हात फर्काउँदैनथे अरे ! तर उद्देश्य चाहिँ पवित्र हुनै पर्थ्यो। कुरा नबुझी कुबेरलाई कन्जुसको उपमा भिराउनेलाई महाकन्जुस भन्न मन लाग्छ।

कन्जुसलाई प्रयोग गरिने केही प्रतीकात्मक शब्द सुन्नुहोस् न त। मख्खीचुस, चुइयाँ, चिम्टा आदि। कन्जुसलाई कलाकार बनाउनु पर्दछ भनी कोही त तम्सिएका पनि भेटिन्छन्। कोही धनी बन्ने सूत्रको मुख्य सर्जक लोभी हुन् भनेर कन्जुस्याइँप्रति न्याय पनि गर्न खोज्दछन्।

मेरो दावी कन्जुस हुँदै हुँदैनन् भन्ने होइन। आफूबाहेक अरूलाई केही न केही उपमा दिने हाम्रो त्यो प्रवृत्तिप्रति असन्तोषको जाहेरी भएको हो। उदार छन् भने अनुदार पनि छन् नै। निर्लोभी चिनाउन अनुहार, कन्जुस, लोभी भन्दै विपीरतार्थी शब्द राखेर वाक्य बनाउन सिकाउन दिए सिक्न सक्छन्। अर्थबोध

पनि तत्कालै हात लागिहाल्छ।

धनी, गरीब, दानी, खुनी, निर्लोभी, कन्जुस आदि विपरीतार्थी शब्द हाम्रा व्यवहारमा बारम्बार प्रकट हुन्छन्। ऐँचोपैँचो, लेनदेन हुन आतिथ्यग्रहण आदिमा कन्जुस्याइँ थोरतिनो सार्वजनिक हुन्छ नै। मेरा एक जना छिमेकीका पत्नी यति कन्जुस थिइन् कि लोग्नेले थाल राम्रोसँग चाटेर नखाएकोले आगो हुन्थिन्। भाँडा माझ्न बढी समय लाग्ने र पानीको पनि बढी खर्च हुन्छ भन्दै गनगन गरिरहन्थिन्। छोराछोरीलाई माइती मावलीतिर छोटो भइसकेको कपडा लगाइदिन्थिन्। जुत्ताले कुर्कुच्चाको पछाडि वा औँलामा घाउ बनाइदिएको हुन्थ्यो। टिसर्टहरू नि भ्याङलाङ्ग परेका हुन्थे कि नाइटो देखिन्थ्यो। खाटमा ओच्छ्याइएका तन्ना सिरानतिर तान्दा पुछारमा खाली, पुछारतिर तान्दा सिरानमा खाली हुन्थ्यो। सिरानीका खोल दश ठाउँमा आखीँझ्याल भइसकेका हुन्थे। बच्चालाई किताब शैक्षिक सत्रको अन्तिमतिर ल्याइदिएकी हुन्थिन्। 'ठूलो परीक्षाले पास फेल हुने हो जाबो साना परीक्षालाई किन चाहियो ?' किताब भन्दथिन् जहिल्यै नि। 'शिक्षकले लेखाइदिएको पढे भइहाल्यो नि !' फेरि कन्जुसको त्यो प्रवृत्ति भनेको आफ्नो दिनुपर्दा मात्र हो। अर्काको पाउँदा कुनै भोजभतेरमा गइएको छ भने तीन दिनलाई पुग्ने गरी बोक्छन्। कन्जुसको पनि लिङ्ग भेद हुन्छ। पुरुष कन्जुस भए बढी चुप लाग्छ र महिला कन्जुस भई भने बढी गनगन गर्ने हुन्छन्। यो हाम्रो व्यावहारिक दर्शनको भनाइ हो।

कन्जुस खनखाँचो टार्न परे बरु ननिदाउँने। कुनै भोजभतेर, वनभोज प्रायः भान्छामा नै बढी खटिएको देखिन्छ। हाम्रा एक जना कन्जुस थिए। विद्यार्थीका परीक्षामा कापीको नलेखिएको पाना च्यातेर छोराछोरीलाई कापी बनाइदिन्थे। ससुराली-मावलीमा जतिसुकै सानो कार्जेमा बोलाऊन् वा नबोलाऊन् उपस्थित भइरहन्थे। बाहिरी आवरणमा उनी मावली वा ससुराली गएको देखिनुमा घरको अन्न नखोट्याउने उनको मनसाय लुकेको हुन्थ्यो। केही मानिस त कन्जुसलाई अर्थमन्त्री बनाइदिए देशको अर्थतन्त्र उभो लाग्दथ्यो कि भन्ने तर्क गर्दछन् तर त्यो एउटा कल्पना मात्र हो। मैले कुनै बेला एउटा कन्जुस कर्मचारी भेटेको थिएँ। ऊ होटलमा प्रायः हाफ प्लेट खाना माग्थ्यो। दाललाई प्लेटको गणनामा नहालिने हुँदा ऊ प्रायः दाल बढी पिउँथ्यो। पलङमा सुत्दा पैसा बढी लाग्दछ भनेर ऊ भुइँमा नै पर्लक्क पल्टिन्थ्यो। प्रायः होटलको वरन्डामा गुन्द्रीमा स्लिपिङ व्यागभित्र सुत्थ्यो। त्यस्तो कन्जुसले स्लिपङ व्याग किनेछ भन्ने तपाईलाई लाग्ला। एकजना सरुवा भएको हाकिमको भारी बसपार्कसम्म पुऱ्याउने क्रममा खुसुक्क स्लिपङ व्याग फिर्ता ल्याएको हुँदा त्यसैलाई उपयोग गरेको रहेछ।

भ्रष्टचारी र कन्जुसको कतै न कतै मेलमिलाप हुने रहेछ। सधैं नजिक

रहेर सङ्गत गर्नेले मात्र कन्जुस चिनिन्छ भन्ने कुरा पनि सहि नै हो । लामो समयपछि भेटिने व्यक्ति पनि एकै बसाइमा कतिको कन्जुस रहेछ भनी चिन्न धेर समय खर्चनु पर्दैन ।

एउटी मेरी आफन्त बाहिनी थिई । म दुई चार वर्षमा उनीकोमा पुग्थें । ऊ आफ्ना छोराछोरीलाई 'चोक्टा छिरेको तरकारी' भन्दै झोल पकाएर खुवाउँथी । बच्चाले दूध, दही, घ्यु मागेमा गाई भैंसीको कल्चौंडामा कीरा परेछ भन्दै त्यही झोलसँग खुवाउँथी । बच्चा साना थिए । आमाले भनेको नपत्याउने कुरै थिएन । एक दिन म उनको घरमा पाहुना लाग्न पुगें । खाना खान आरम्भ गरेको दुई मिनेट भएको छैन । खाना थपौं दाइ ? भनी सोधी । थालमा भात हुँदाहुँदै थाप्ने कुरा भएन । पर्दैन भनिदिएँ । त्यति जवाफ चाहिएको हो उनीलाई दोहोऱ्याएर थपौं भनिनन् ।

मेरा अर्का आफन्त थिए शहरका । उनी छोराछोरीलाई जाडोमा स्वीटर समेत किनिदिँदैनथे । काठमाडौंको पुस-माघको जाडोमा एकसरो सर्ट लगाएर ती बच्चा स्कूल जान्थे । हेर्दै मरन्च्याँसे लागेर आउँथ्यो । 'बरु स्कुल नै नजाऊन्, लोभको पनि हद हुन्छ नि ? पैसा नै नभए महँगो बोर्डिङमा किन पढाउँछौ ? लगाउन खान दियौ भने स्वस्थ हुन्छन् । शरीर स्वस्थ भएमा स्मरणशक्ति र सिर्जनाभक्ति बलियो हुन्छ' म भन्थें । मेरो कुरा सुनेर उनी भन्थे- 'भोलि दाइका छोराछोरी पढेर विदेश जान्छन् । मेरा छोराछोरी यहाँ बसेर कसरी धनी हुन सक्छन् ?' दाइले त खान लगाउन प्रशस्त दिएर राम्रो स्कुलमा पनि पढाएका छन् । तिमीले त शरीर लाई मारेर पढाउने नाटक मात्र गरेका हौ' म भन्थें । उनी मेरा कुरा किन सुन्थे । चार कक्षा पढिरहेको छोराको कुपोषणले ज्यान लियो । छोरी चाहिँलाई रतन्धो रोगले गाँजेको थियो । अब यस्ता पात्रलाई कन्जुसेको उपमा दिनु पनि कन्जुस शब्दकै बेइज्जत पो हुने हो कि ?

मेरा अर्का आफन्त अलि टाढा नै बस्थे । घरका कोही बिरामी भए हस्पिटल लैजान भनेपछि उनलाई टाउको दुख्थ्यो । हस्पिटलको औषधीले साइड इफेक्ट हुन्छ बरु तातोपानी खाइरहे ठीक हुन्छ भनिरहन्थे । ज्वरो आउँदा, खोकी लाग्दा जेसुकै हुँदा होस् उनी तातोपानी खानुपर्दछ मात्र भन्थे । उनको छिमेकीले बुहारीलाई सुत्केरी व्यथा लाग्दा पनि 'तातोपानी खा' भन्छ यो भनेर गिज्याउँथिन् । घर वरिपरि नै ओखती छ नि भन्दै कहिले तीतेपाती चुँड्न जान्थे त कहिले कुमारक (सिप्लीकान) अनि त कहिले निर्गुण्डी (सिमाली) । प्रायः फुर्सदको समयमा असुरो, दतिवन-वज्रदन्ती, खोजिहिँड्थे । सकेसम्म अस्पतालको ओखती खान हुँदैन अनेक अभक्ष मिसाइएको हुन्छ भन्थे । जेठी बुहारीलाई घर मै सुत्केरी गराउन खोज्दा उनको ज्यान गयो । यस्तो व्यक्तिलाई कन्जुस मात्र

भनेर नपुग्ला कि ?

मेरा एक लेखक मित्र थिए । होटल पसलमा अरूको खान्थे आफू पैसा पटक्कै निकाल्दैनथे । भोक चाहिँ लागिरहन्थ्यो । उनको प्रायः खाजा खुवाउने व्यक्तिकै खोजी बढी हुन्थ्यो । कुनै कार्यक्रममा गए भने एकै ठाँउमा स्थिर भएर बस्दैनथे । बारम्बार कुर्सी फेरिरहने, ट्वाइलेट गइरहने अनि नयाँ नयाँ व्यक्तिसँग बोलिरहेका हुन्थे । गाडी भाडा आफैले तिरेको कहिले पनि थाहा भएन । बेलुकी तरकारी किनेर ल्याउन पनि साथीसँग नै हात पसार्थे । कहिलेकाहीँ सापटी भनेर मागे भने फिर्ता कहिल्यै गर्दैनथे । एउटा कार्यक्रममा हामीसँगै थियौं । त्यो दिन उनीसँग नफर्किने योजना बनाएँ मैले । आफू फुत्त निस्किएँ अर्जेन्ट फोन आएको बाहाना गरी । उनी त मेरो पछि पछि कुद्‌दै पो रहेछन् । फुत्त बसमा चढें । उनले 'बेलुकी घरमा तरकारी लैजानु छ पाँच सय सापटी देऊ न !' भन्दै हात पसारिहाले । बसभाडा बाहेक आफूसँग कौडी नभएको बताएँ । उनी कालो अनुहार लगाएर ओर्लिएका थिए । एकजना साहित्यिक पत्रकार फेला पारेछन् । अर्को कार्यक्रममा ती साहित्यिक पत्रकारले उनको बारेमा सोध्दै थिए, आज चाहिँ उनी आएनन् ? मैले कुरा नबुझी सोधें- 'किन र ?' सापटी भनेर मागेका थिए । दश पटक फोन गरें । फोन नै उठ्दैन । बरु तपाईं मलाई दिनुहोस् । उनी तपाईंकै नजिक बस्छन् क्यारे ! माग्नुहोस् न है ?' 'हुन त हुन्थ्यो के गर्नु मसँग भएन' भनेर टारिदिएँ । ती पत्रकार निन्याउरो अनुहार लगाएर साथीहरूसँग बोलिरहेका थिए ।

त्यस्तै अर्का लेखक एवम् समालोचकको पनि चर्चा गरौं । उमेरले पैंतालीस नकाटेका भए पनि साठी नाघेका जस्ता देखिन्थे । अधिकाङ्‌श पुस्तक विमोचन कार्यक्रम छुटाउँदैनथे । अधिकाङ्‌श नवोदित लेखकको पुस्तकमा उनको भूमिका हुन्थ्यो । पार्टीका कार्यक्रम पनि छुटाउँदैनथे । कलेजका प्रोफेसर विवाह व्रतबन्धमा पनि बारम्बार भेटिन्थे । 'जतातते कसरी भ्याउन सक्नुहुन्छ ?' भनी खुसुक्क सोधेको थिएँ उनीलाई । उनी दिनमा तीन चार घण्टा मात्र सुत्दा रहेछन् । निःशुल्क विदेश भ्रमण जाने, स्कुल कलेजमा आफूले लेखेको पाठ्यपुस्तक राख्न लगाउने काममा उनको दौडधुप हुँदो रहेछ । स्कुल कलेजका प्रधानाध्यापक प्रिन्सिपल, विद्यालय निरीक्षक, स्रोत व्यक्ति (RP), नगर-प्रमुख, गाउँपालिका अध्यक्ष आदिका छोराछोरीको पास्नीमा धरी पुगेकै हुँदा रहेछन् । प्राय : खाम कि रित्ता हुन्थे कि त दश पन्ध्र रूपैयाँ मात्र हालेर दिन्थे । खाम दश रूपैयाको हुन्थ्यो भित्र भने पाँच रूपैयाको नोट । काठमाडौंमा चार पाँचओटा कलेजमा शेयर, सय भन्दा बढी गाडी भाडामा लगाएका रहेछन् । खाजा र खाना कतिखेर खान्थे पत्तो नै हुन्नथ्यो । दिनमा दश पन्ध्रओटा त्यस्ता कार्यक्रममा सहभागी हुने हुँदा एक दुई ठाउँमा खाए पुगिहाल्थ्यो । एउटा गाडी चलाउँथे । एक धनी व्यक्तिको किताब आफैले लेखिदिए

वापत जोडेका रहेछन् । दुई तीन ठाउँको घर पनि त्यसरी नै जोडेका रहेछन् । एक दिन उनी नभएको बेला उनको घरमा पुगेको थिएँ । सोफाको खोल च्यातिएको थियो । ट्वाइलेटमा पानी राख्ने भाँडोसमेत थिएन, हात धुने साबुन त परै जाओस् ।

एक मेरा छिमेकी पुरोहित थिए । उनका ओढ्ने, ओच्छ्याउने, परिकारले लगाउने कपडा पनि दानपात्र नै हुन्थ्यो । छोराछोरीको स्कुल ड्रेस पनि हत्तपत्त किन्दैनथे । वच्चाहरू जहिल्यै आउट ड्रेसमा आएको देखेर प्रिन्सिपल आजित भई उनलाई बोलाएछन् । 'कपडा जाबो म कहिल्यै किन्दिनँ' भने उनले । जति सम्झाए पनि भएन । त्यही बेला प्रिन्सिपलको आँखा उनको हातमा बाँधेको ब्रासलेटमा परेछ । त्यो ब्रासलेट महँगो थियो । एक जना माडवारीले केबाट बनेको नभनी दान गरेका रहेछन् । पुरोहितले कुनै कम्सल घातु होला भन्ने ठानेको थियो । 'यो केको ब्रासलेट हो बाजे ?' भनेर सोधे । दान पाएको हो, केबाट बनेको थाहा भएन भने । प्रिन्सिपल गहनाका पारखी थिए । 'म तपाईंको बच्चालाई कपडा हालिदिन्छु सित्तैंमा । तपाईं पनि यही दिन सक्नुहुन्छ' प्रिन्सीपलले भनेछन् । उनको पालो दुई तोलाको सुनको ब्रासलेट फुकालेर दिएछन् ।

अब कन्जुस मान्छे राम्रो गुणको पारख गर्न पनि कन्जुस नै हुन्छ । व्यवहारमा पनि त्यस्तै । आफूलाई कसैले नराम्रो, असभ्य कमजोर ठान्छ वा भन्न जसलाई पनि पाइने हुँदा म पनि कन्जुस नभए पनि कन्जुसकै आफन्त पर्न के बेर ?

--

**शब्दार्थ प्रकाशनले**
**२२ थरी शब्दकोश प्रकाशन गरिसकेको छ र**
**अझै अरू प्रकाशन गर्दै छ ।**
**के तपाईं पनि आफ्नो शब्दकोश प्रकाशन गर्न इच्छुक हुनुहुन्छ ?**

तपाईंले हामीलाई भेट्न खोज्नुभएको हो ?
रचना, विज्ञापन वा पुस्तक-पत्रिकाको लागि
**शब्दार्थ प्रकाशनको कार्यालय-चाबेल, गणेशस्थान**
**०१-४४९७३५१/९८४१-४९६१०३**

# मनभित्रका प्रश्नहरू



नवराज रिजाल

एकान्त स्थलमा एक्लै बसेर मनभित्र कल्पनाको सगरमाथा चढ्न खोजिरहेछु तर जति प्रयत्न गरे पनि सफल हुन सकिरहेको छैन। निरन्तर विफल भइरहेको छु। विफलताले पटक्कै बस्न दिइरहेको छैन। सोचिरहन घचघच्याइरहेको छ। यसकारण प्रयत्न छाडेको छैन, निरन्तर लागिरहेको छु। 'लागेको कामबाट पछि हट्न हुँदैन, हिँड्ने मात्र अगाडि पुग्ने हुन्' यस्ता विचार धेरै सुनेको छु। ती विचार घरिघरि आँखामा आउँछन्, भाखामा आउँछन्, नसुनौं भन्दाभन्दै पनि सुन्न बाध्य हुन्छु किनकि एकान्तस्थलका साथीहरू ती मात्र हुन्। यस्ता बाध्यता धेरै भोगेको छु। मनभित्र उत्तर खोज्ने अभिलाषा छ यसर्थ पछाडि फर्कने इच्छा लागेकै छैन।

निकै लामो समयदेखि एकनास सोचिरहेछु। विचारमा विचार रोपेर हराइरहेछु। पक्कै उम्रेला मनमा आशा र विश्वास छ। आस्थाभित्र छताछुल्ल पोखिइरहेछु। उठाउने प्रयास नगरेको हैन गरेको छु तर समर्थ बन्न सकिरहेको छैन। बाटा एक हैन, अनेक छन्। भन्नेहरूका भनाई मनमा छन्, खोजी पनि रहेछु तर प्राप्त गर्न सकिरहेको छैन। भेटिन्छ या भेटिँदैन थाहा छैन तर पनि मैले प्रयास छाडेको छैन। नछाड्नुको अर्थ आशावादिता हो यसर्थ म मूल बाटोबाट बाहिर गएको छैन अथवा त्यहीँ छु र त्यहीँबाट अगाडितिर हिँडिरहेछु। प्रयास एकदिन पक्कै सार्थक बन्ने छ, विश्वासले विश्वास दिलाउन खोजेको छ विश्वस्त बनेको छु। मनले एउटा अनुभूति गरेको छ, साँच्चै विश्वासले मजैसँग हिँडाउँदो रहेछ। पछिपछि लागिरहेको छु। अहिलेसम्म साथ सहयोग प्राप्त भइरहेको छ। कहिलेसम्म ? अहिल्यै भन्न सकिने स्थिति छैन।

हिजो देखेका वा देखाइएका सपना आज बेकामे र फाल्तु बनेका र बनाइएका छन्। परिस्थिति आत्मसात गर्नुभन्दा बढी मनसँग अर्को विकल्प छैन। छाती मिचेर पनि सहन गर्नुपर्ने छ। प्रश्न प्रश्नका रूपमा उपस्थित छन्, म उत्तरको खोजी गरिरहेको छु। जो कसैले पनि गर्न सक्ने जति मात्र गर्ने हो, त्योभन्दा अगाडि कुनै पाइला पनि बढ्न सक्दैनन्। ती कुरा आँखाले मज्जैले देखेका छन्।

'किन ?' आज प्रश्न गर्ने ठाउँसमेत अभाव छ । अभावको पखेटा कति लामा हुन्छन्, यसको अनुभव भोगेकाहरूलाई मात्र हुन्छ । नभोगेकाहरू अनुभवबाट सदा बञ्चित रहन्छन् । नजानेका विषय वस्तुमा कसैले पनि नबोली दिए हुने मनमा भावनाका अनेक तरङ्ग उब्जन्छन् । 'म सबैकुरा जान्दछु' यो भूत मनभित्र सवार छ त्यसैले ती सबैकुरा जानिरहेछन्, बुझिरहेछन् र गरिरहेछन् ।

यस्तो होला ! अँह कहिल्यै कल्पना गरिएको थिएन । फेरि कल्पना गरिएको कुरा मात्र पनि कहाँ हुन्छ र ? हुँदैन । जीवन देखाएको वा लगाएको बाटोबाट मात्र हिँड्ने भए आज संसारको अवस्था विलकुल अर्कै भइसक्ने थियो । त्यो बाटोबाट मात्र जीवन हिँड्छ यो भ्रम र मिथ्या हो, सत्य होइन । यी कुराबाट मुक्त हुनु हिँड्नेहरूको नैतिक जिम्मेवारी हो । त्यस्तो सोच नराखेकै बेस, किनकि त्यसले हामीलाई कतै पनि पुऱ्याउँदैन । केवल हामी हिँडेकै बाटो फनफनी घुमाइरहन्छ । यही कमजोरी हाम्रो ढाडमाथि सवार भएर हामी माथि नै सत्ता सञ्चालन गरिरहेछ । त्यो जहिले पनि, जसरी पनि र जहाँबाट पनि हामीमाथि हावी बन्छ । मन मनलाई सुनाइरहेछ, बुझाइरहेछ र देखाइरहेछ । यो सब परिदृश्य म पर बसेर हेरिरहेको छु ।

विचार समय समयमा छताछुल्ल हुन खोज्छ । समात्ने प्रयास गर्छु तर अँह सक्दिनँ । मन वेला वेलामा भारी बन्छ । आँखा पोखिन तम्तयार बन्छन् । परि स्थिति आफसे आफ निर्माण हुन्छ तथापि अनुमति दिन पटक्कै मन लाग्दैन । ती जोरजुलुम गर्न खोज्छन् । तत्काल प्रतिवादमा ओर्लन्छु । ती बिस्तारै पछि हट्छन् । आफूलाई विनयी सम्झन्छु । सम्झनु यो विचार हो, विचारबाट को पछि हटेका छन् र ? अँह कोही हटेका छैनन् । आँखा वरिपरिको परवेशबाट बाहिर जान सक्दैन । यहाँ बग्नेहरू बगिरहेछन् । तैरनेहरू तैरिइरहेछन् । आफ्नो गतिमा सबै अडिग र अविचलित छन् । म अस्थिर मानसिकता बोकेर एकान्त स्थलमा एक्लै आफैभित्र हराइरहेको छु । कहिलेकाहीँ त आफैदेखि आफैलाई पनि डरडर लाग्छ तर डराएर बाटोबाट पछाडि हटेको छैन । आँखा उत्तर खोजिरहेछन् र मनले त्यसलाई साथ दिइरहेको छ ।

आँखा अगाडिका दृश्य/परिदृश्य आहत नभएर राहत खोज्छन् । पहिले अलमल्ल पर्छु । परिस्थिति कसरी अगाडि बढ्न खोजिरहेको छ ठम्याउन सक्दिनँ । ती त विषय नै हैनन् । मनलाई सम्झाउन खोज्छु तर समर्थ बन्दिनँ । नसकेपछि कसको के नै पो लाग्छ र ? बाटोबाट पछि हट्नु पर्दो रहेछ । सक्नेहरू नै अगाडि बढ्ने हुन्, नसक्नेहरूको काम जहिले पनि पछि हट्ने नै हो । यो आजको प्रचलन होइन । यो प्रचलन हिजो, अस्ति र झन् अस्तिभन्दा पनि पहिलेदेखिको हो । अगाडि कामले निरन्तरता पाएको मात्र हो । कहिलेसम्म पाउला ? मचाहिँ

पटक्कै भन्न सक्दिनँ । यसर्थ पनि नजानेका, नबुझेका र नदेखेका कुरालाई आत्मसात गरी अगाडि बोल्न पटक्कै सकिरहेको छैन ।

देशबाट युवाहरू दैनिक रूपमा विदेश पलायन भइरहेका छन् । राम्रो र नराम्रोका बीचमा बहस चलिरहेको छ । आफ्नो विचार थाती राख्दा पनि कसको विचार पत्याउनु मेरो मन अन्योल अन्योलमा छ । रोकिने थामिने त कुरै छैन, अझै पलायनको क्रम बढ्ने अवस्थामा छ । खै केले हो कुन्नि, परदेश अधिकांशको उद्देश्य बनिरहेको छ । गर्भमा रहेको शिशुबाट पनि बाआमा परदेशको सपना देख्न लागेका छन् । भर्खर स्कुल जान थालेका आफ्ना सन्तानबाट पनि बाआमा त्यही अपेक्षा राख्न थालेका छन् । घर देशमै केही गरौं भन्नेहरूको सङ्ख्या न्यून छ । नबोल्नेहरू त चुपचाप हुने नै भए तर बोली भएकाहरूको पनि मुख खुलिरहेको छैन अर्थात् ती मुख थुनेर बसेका छन् । जानेहरूका बाटाघाटा न सांस्कृतिक चाडपर्व न त पारिवारिक मायामोह र वैवाहिक कार्यक्रमहरूले नै तलमाथि बनाउन सकिरहेका छन् । माता पिताका स्नेह सद्भाव र देशप्रेम पनि छेकबार बन्न सकिरहेका छैनन् ।

संसारका सबै प्राणीका निम्ति एउटा न एउटा बन्धन आवश्यक छ । बन्धन नभए कोही पनि यथास्थानमा रहन सक्दैनन् । त्यसो त बन्धन धेरै प्रकारका छन् अर्थात् सबै बन्धन एकै खालका छैनन् । कुनै कस्ता त कुनै कस्ता छन् । सबैमा एउटै बन्धनले काम गर्दैन । यसैले विभिन्न बन्धन अस्तित्त्वमा आएका हुन् । मानिसका लागि नैतिक, सामाजिक, धार्मिक र सांस्कृतिकजस्ता बन्धन सफल हुन्छन् अनि जीवजन्तुका लागि अर्कै बन्धनको आवश्यकता पर्दछ । जे होस् मानिस होउन् वा जीवजन्तु सबै विनाबन्धन स्वाभिमानमा बाँच्न सक्दैनन् । माथिका कुनै पनि कुराहरूले नछोएकाहरू बन्धन मुक्त हुन् । यसकारण यी र यस्ता कुराले रोक्न छेक्न नसकेकाहरू मनमा गाँठो पारेर भए पनि निर्वाद्य गतिमा घरदेश छाडिरहेछन् ।

युवाशक्ति देशबाट पलायन हुनु कुनै पनि मुलुकका लागि हितकर हुन सक्दैन । यो अपूरणीय क्षति हो । यसरी हुने क्षतिले देशलाई कालान्तरमा रसातालमा पुऱ्याउने कुरामा शङ्का छैन । हरेक देशको भोलिको जिम्मेवारी आजका युवाहरूको काँधमा हुन्छ । त्यस्तो सम्भावना बोक्ने युवा आज देशबाट धमाधम पलायन हुनु निसन्देह दुःखद् कुरा हो । यो कुरालाई सामान्य नजरले हेर्न सकिँदै सकिँदैन । कोही कसैले यसलाई सामान्य नजरले हेर्छ वा नजरअन्दाज गर्छ भने बुझ्न सकिन्छ ऊ देशप्रति, देशको माटोप्रति, पितापुर्खा, उनीहरूको योगदानप्रति र इतिहासप्रति अलिकति पनि संवेदनशील छैन । माथिका कुरामा सम्बेदनशील हुने व्यक्तिहरू आफ्नो देशप्रति कहिल्यै पनि गैह्रजिम्मेवार बन्न

सक्दै सक्दैनन् ।

असल नागरिकको मुख्य कर्तव्य मुलुकको उन्नति, प्रगति र भलो चिताउनु हो । यसका साथै हैसियतले भ्याए र जाने बुझेसम्म विकास, भलाई तथा अगाडिको बाटो खोज्नु पनि हो । के दिन सकिन्छ वा म केका लागि उपयुक्त छु चिन्तन मनन गर्नु पनि हो । आफ्नो देशको कुभलो चिताउनेहरूको पहिचान गरेर तिनीहरूलाई नजरको नजरलाई कैदी बनाई अगाडि बढ्नबाट रोक्नु पनि हो । अझै सकारात्मक सोचका साथ आफू र देश दुवैको उद्यमशीलता बढाउन प्रयत्नशील रहनु पनि हो । बाटो भुलेका र भुल्न खोजिरहेकालाई वास्तविक धरातल देखाएर यथार्थ संसारको पहिचान गराउनु पनि हो ।

हामीले देशका लागि कति काम गरेका छौं ? कि गरेका छैनौं ? वा गर्न सक्दै सक्दैनौं ? यी प्रश्नका उत्तर हरेक जिम्मेवार नागरिकका मन मस्तिष्कमा हुनु अति आवश्यक छ । उत्तर नहुनेहरू असल र जिम्मेवार नागरिकका कोटीमा पर्न सक्दैनन् । प्रश्न नउठ्ने मन यथार्थमा सकारात्मक हुन पनि सक्दैनन् । भए पनि ती आफ्ना नभएर अर्कैका हुन्छन् । अर्कैका मन बोकी पेटका लागि बाँचेका हुन सक्छन् । यस्ताहरूको अस्तित्त्व संसारभर भएकाले हाम्रोमा नहोला भन्न सकिँदैन । तिनीहरूले आधुनिकताका नाममा फरक भाव, दृष्टिकोण, विचार आत्मसात गरेका हुन सक्छन् । त्यस्ताहरू मात्र माथि उठेका कुरामा विमति राख्छन् वा अति सामान्य नजरले हेर्छन् ।

हामी विश्वका विभिन्न देशमा जनशक्ति निर्यातकर्ताका रूपमा रूपान्तरित हुँदै गएका छौं । उनीहरूले पठाएका रेमिट्यान्सले देशको अर्थतन्त्र धानिरहेको अवस्था छ । त्यताबाट रेमिट्यान्स आउन छाडे के हुन्छ ? यो विषयलाई गम्भीरताका साथ सोचिएकै छैन । 'त्यहाँ नभए अर्को देशमा जान्छन्' हलुका ढङ्गले सोचिएको छ । यो राम्रो सोच होइन । यस्ता सोचले हामीलाई कहाँ पुऱ्याउलान् यो मननीय विषय हो । लाहोर गएकै कारण लाहुरे भएको धेरैको भनाई छ तर दुःखको कुरा हिजो यो परम्पराको घोर विरोध गर्नेहरू आज पनि विपक्षमा देखिँदैनन् । उल्टो ती आफन्तका नाममा त्यस्ता संस्था खोलेर धमाधम युवालाई विदेश पठाइरहेछन् । यसो गरिरहँदा तिनीहरूका मनमा अलिकति पनि पश्चात्ताप गरेको देखिँदैन ।

धेरै युवा पितापुर्खाले दुःख-कष्टसाथ निर्माण गरेको, आफू जन्मेर हुर्किबढेको, मातापिता, आफन्त, बन्धुबान्धव अनि इष्टमित्र बसोबास गरिरहेको मुलुक छाडेर दैनिक रूपमा किन परदेश गइरहेछन्, कारण के हो ? गम्भीर खोजीनीतिमा कसैको दृष्टि पुगेको देखिँदैन । खोजी धेरै पहिल्यै हुनुपर्थ्यो । ढीलो हुन लागिसकेको छ । यसो हुनु राज्य गम्भीर नबन्नु हो । दैनिक ठूलो सङ्ख्यामा युवा

विदेश पलायन हुँदैछन् । कतिपय अवस्थामा नेपाल मात्र नभएर भारतका नाका समेत प्रयोग भइरहेको छ । जे जसरी पनि ती कल्पनाको संसारमा पुग्न हतारिइर हेछन् । देश छाड्ने हतारले मन आतिइरहेछ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा देखिने लर्को त लर्को नै भयो ।

संवेदनशीलहरूका लागि यो सामान्य विषय होइन तर हामी नेपाली सामान्य भन्दा पनि सामान्य मानिरहेछौं । खै के मनस्थिति बनाएर हो कुन्नि, हाम्रा आँखा ट्वालट्वालती हेर्छन् मात्र । बोल्नु पर्ने ठाउँमा बोल्दैनन् तर नबोल्नु पर्ने आवश्यकभन्दा पनि बढी बोल्छन् । युवा जनशक्तिको पलायन आज सामान्यजस्तो लागे पनि भविष्यमा यसले गम्भीर समस्या निम्याउने पक्कापक्की जस्तै छ । यसमा कुनै शङ्का छैन । बेलैमा सोच्नु र मूलकारण पत्ता लगाएर समाधानको बाटोमा अग्रसर बन्नु अन्तिम विकल्प हो । परिचय नै समयमा नसोच्ने-नचेत्ने तर अन्त्यमा आतिने प्राणीका रूपमा भएको छ । यसैले इतिहासदेखि वर्तमानसम्मका अनेकौं कालखण्डमा हार र मार व्यहोर्नु परेको हो । समयमै गम्भीरताका साथ नसोचे भविष्यमा ठूलो समस्या आउने निश्चित जस्तै छ । अझै नसोचे त्यो समय आएपछि पछुताउनुबाहेक कुनै पनि विकल्प रहने छैन ।

साँच्चै हो, हामी आज हेरेर आजका लागि बाँचिरहेछौं । भोलिको चित्र मन मस्तिष्कमा पटक्कै निर्माण हुन सकिरहेको छैन । यो कुराले हामीलाई गतिशील बनाउँदैन । अगतिशील जीवनको बाटो अगतिशील नै हुन्छ । भोलिको निर्माण आज हुनुपर्छ अर्थात् भोलि-पर्सिको कामका लागि आजै गम्भीरताका साथ लाग्नु पर्छ । इतिहास इतिहास हो, यसलाई सत्तोसराप गरेर सन्तोषको सास फेर्नु असक्षम रहनुको बलियो प्रमाण हो । इतिहासबाट सिकेर वर्तमान बनाउनु प्रत्येक जिम्मेवार नागरिकको मुख्य कर्तव्य हो । हामी त्यो बाटोबाट हिँडिरहेका छौं त ? हाम्रा मनमनमा यी कुरा हुनु अति आवश्यक छ । नभएकै कारण हामी पछि परिरहेका हौं ।

आजको बचाई त पेटको बचाई हुन्छ । यसको सम्बन्ध जीवनसँग कहिल्यै हुँदैन । जीवनको गति, यति र लयसँग पनि हुँदैन । केवल सास फेर्नुसँग हुन्छ । सम्भवतः हामी त्यही गरिरहेछौं । त्यो भन्दा एकपाइलो अगाडि जान पनि सकिरहेका छैनौं । यसले हामीलाई गतिहीन त बनाएको छ नै, यहाँभन्दा अगाडि बाटो छैन भन्ने अवस्थामा पनि पुऱ्याएको छ । नत्र त युवापलायन समस्यालाई देश र देशको भलो चिताउनेहरू सबैले गम्भीर रूपमा लिनु पर्ने हो । ए बाबा ! ती देश छाडेर किन हिँडिरहेका छन् ?, के हो कारण अँह खोजविन गरिएकै छैन मात्र हैन सोच निर्माण पनि भएको देखिँदैन । यसको अर्थ त्यो कुरालाई सामान्य रूपमा हेरिनु हो अर्थात् जाने जान्छन्, आउने आउँछन् भनेर नजरअन्दाज गरिनु हो ।

अदक्ष जनशक्ति मात्र नभएर देशका दक्ष जनशक्ति पनि विदेशिने लहरमा छन् । एउटा दक्ष जनशक्ति तयार पार्न देशले धेरै खर्च गर्नुपर्छ तर आज ती पनि पाइला उठाइरहेछन् । के ती पैसाका लागि मात्र विदेसिएका हुन् ? झारा तिराई र गैह्रजिम्मेवार बोलीमा त हो भन्न सकिएला तर यथार्थ त्यस्तो मात्र हैन । देशभित्र सम्भावना र समतापूर्ण व्यवहार नदेखेपछि तिनीहरूका पाइला उचालिएका पनि त हुन सक्छन् । यतातिर हाम्रो ध्यान जान सकिरहेको छैन । यो विषयमा जिम्मेवार निकायले सोच्नु र निराकरणका लागि पाइला चाल्नु आवश्यक छ । खोज अनुसन्धानतिर ध्यान नदिई हरेक गतिविधिलाई नजरअन्दाज गर्ने प्रवृतिले हाम्रा मस्तिष्कमा घर गरेका कारण स्थिति नकारात्मक बन्दै गएको हो । यो कुरा सबैले गम्भीरतापूर्वक मनन गर्नु अति आवश्यक छ ।

विभिन्न बहानामा देश छाडिरहेकाहरूप्रति संवेदनशील बन्नु राज्यको पहिलो आवश्यकता हो । 'गए जाउन् बसे बसुन्, यस्तो भाव राख्नु हुँदैन । कतै कमी कमजोरी भएको त छैन, राम्रामा आँखा चिम्लेर नराम्रातिर नजिक त गएनौं ? अहिले राज्यले सोच्नु अति आवश्यक छ । राज्यले विश्वास दिलाउन नसकेकै कारण तिनीहरूले पलायनता रोजेका हुन् भन्ने कुरामा धेरैको विश्वास छ । अति भइसक्यो, अब त देशका जिम्मेवार नागरिकहरूले सोच्ने बेला आइसकेको छ । अब पनि नसोचे कहिले सोच्ने, त्यता ध्यान लगाउनु पर्ने बेला भएन र ?

यो समस्याबाट तपाईं हामी कोही पनि भाग्न पाउँदैनौं । हामी सबैको नैतिक जिम्मेवारी छ । त्यो जिम्मेवारीबाट हामी कोही पनि भाग्न पाउँदैनौं । अन्य काम कुरा गर्न नसके पनि बोल्न त सक्छौं नि । त्यसकारण पनि अब बोलौं । चुपो लागेर नबसौं । हाम्रा आवाज ठूला भए अवश्य पनि सुनिन्छन् । नबोलेकै कारण हाम्रो बोली नसुनिएको हो । मानिसमा देशप्रति अविश्वास बढेको हो । युवाहरू देशबाट पलायन भइरहेका हुन् । यसको खोजी गरी समस्या समाधानतिर पाइला अगाडि बढाउनु जिम्मेवार निकायहरूको दायित्व हो यसर्थ सबैले आग्रह गरौं । यो हामी सबैको साझा कर्तव्य र नैतिक दायित्व पनि हो । एकान्तमा एक्लै बस्दा मेरो मनमा यस्ता प्रश्न जन्मन्छन् र जन्मिरहेका छन् ।

स्वाभिमानबस्ती, बारा ।

-_-

अब हाम्रो पालो
गीत, हाइकु, विदेशयात्रा, स्वअन्तर्वार्ता, नाटक-आख्यान-समीक्षाको सैद्धान्तिक समालोचना (पूर्वशताङ्क), वैजयन्ती सयौं अङ्को इतिहास-अध्ययन (शताङ्क) आदि अङ्क ।

# स्वयंलाई नियाल्दा



डा. नारायण निरौला

स्वयंलाई नियाल्न खोज्नु वा सक्नु सामान्य कुरा होइन रहेछ । त्यसमा पनि बौद्धिक रूपमा र स्वतःस्फूर्त रूपमा नियाल्नु भिन्न कुरा रहेछन् । कहिलेकाहीँ अन्तस्करणका विषयमा गहिरिएर चिन्तन गर्दा वा अन्यमनस्क भएर चिन्तनरहित हुँदाका अवस्थाहरू भिन्न प्रकारका हुँदा रहेछन् । आफ्नै बारेमा अप्रत्यक्ष विषयको चिन्तन गर्नु कति रोचक र आनन्ददायी छ, त्यो अद्‌भुत छ, अविस्मरणीय छ । जहाँ न कुनै हर्ष छ न त विस्मय नै, न दुःखको लेश छ, न त खुसीको अवस्था नै । एक समान अवस्था मानौँ त्यो स्वैरकल्पनाको मानसरोवरमा अनवरत तैरिरहने श्वेतवर्णका राजहंसको जुन स्थिति हुन्छ शान्त सुन्दर स्वच्छन्दपूर्वक विहार त्यहाँ न कुनै चिन्ता न कुनै इच्छा छ मात्र आनन्द नै आनन्द छ ।

कहिलेकाहीँ आफैलाई हेरौँ न त भन्दा म स्वयंलाई देख्न सक्दिनँ अरूलाई कसरी देखौँ ? हुन पनि म भनिने वस्तु देखिने नै होइन रहेछ । कसैले मलाई देख्नै सक्दैन रहेछ, देखोस् पनि कसरी ? जसले देखेको छु भन्छ त्यो उसको बाह्य ज्ञान हो म अर्कै तत्त्वको कुरा गरिरहेको छु जो आभ्यन्तरिक तत्त्व हो र सूक्ष्म छ । उसले स्वयंलाई नै देखेको हुँदैन भने मलाई कसरी देख्छ ? कसैले यी हेर ! मैले मलाई देखिरहेको छु र तँलाई पनि देखिरहेको छु, छुन सक्छु इत्यादि भन्छ भने त्यस बालकलाई भन्नु मेरो केही छैन । आँखाले देखिने शरीर मात्रै हो म त भित्री तत्त्वको कुरा गरिरहेको छु भित्री आँखाको कुरा गरिरहेको छु । यहाँ बालक भन्नाले मैले भन्न खोजेको विषयको ज्ञान नभएको भन्न खोजिएको हो । मलाई देख्नेहरूको बजार निकै ठूलो छ तिनका नयनाभिराम व्यापारबाट म नित्य दृष्ट र अदृष्ट (ओझेल पर्नु) रूपमा विगत लामो समयदेखि क्रेय र विक्रेय भइरहेको छु । विगतदेखि वर्तमानसम्ममा म असङ्ख्य रूपमा यस कार्यमा सङ्लग्न भएँ र भइएँ/बनेँ र बनाइएँ । म त्यस प्रकारको बालबुद्धिसँग सिँगौरी खेल्न आएको हुँदै होइन ।

जस्ता प्रकारले प्रकृतिले बीजहरूको निर्माण स्वयं गर्दछ त्यस्तै प्रकारले बुद्धिले पनि अनेक प्रकारका विचारहरू उत्पन्न गर्दछ । त्यस बीजको संरक्षण र

अभिवृद्धिमा पञ्चतत्त्वले जसरी महत्त्वपूर्ण भूमिका खेल्दछ त्यसैगरी बुद्धिमा उत्पन्न भएका विचारहरूलाई पञ्चज्ञानेन्द्रियले संरक्षण र अभिवृद्धि गर्दछन् भने मनले गोडमेल गर्ने काम गर्दछ । मैले मेरो बारेमा विचार गर्दा मसँग सम्बन्धित कुराहरूको विचार गर्नु पर्दछ किनकि 'मेरो' शब्द नै सम्बन्ध वाचक हो । 'स्वयंलाई' विचार गर्दा चाहिँ सम्बन्धितको विचार गरेको नहुने भयो । यहाँ स्वयंका बारेमा विचार गरिँदैछ अर्थात् शरीर र त्यसका अवयवहरूका बारेमा कुरा हुँदैन ।

शरीरका प्रत्येक अङ्गहरू मेरा रहेछन् । म त शरीर नभएर अर्कै पो रहेछु । शरीरसँग त मेरो सम्बन्ध पो रहेछ त्यसैले शरीर म होइन रहेछु । म समग्र शरीरलाई नै 'म' भनिरहेको थिएँ । मेरो शरीरभन्दा त सम्बन्ध पो जोडिँदो रहेछ जसरी मेरो बुवाभन्दा सम्बन्ध लाग्छ । 'म र मेरो बुबा' भन्दा हाडनाताको सम्बन्ध भयो भने 'म र मेरो शरीर' भन्दा देह-देहीभाव वा शरीर-शरीरीभाव सम्बन्ध हुने रहेछ । देह-देहीभाव वा शरीर-शरीरीभाव सम्बन्धमा देहीभन्दा र शरीरीभन्दा बुझिने तत्त्व नै जीवात्मा अर्थात् आत्मा नामले बुझिने तत्त्व रहेछ । यहाँ आत्माका साथमा अन्य अर्थात् शरीर र त्यसका अङ्गहरूको सम्बन्ध भनिएको हो । शरीरको मुख्य तत्त्व यही रहेछ । पितापुत्रमा आत्माको साथ सम्बन्ध हुँदैन त्यहाँ त शरीरसँगको सम्बन्ध हुँदो रहेछ । पितापुत्रका प्रसङ्गमा प्रयुक्त हुने आत्मा शब्दले चाहिँ शरीर अर्थलाई नै बोध गराउँदछ । मेरा अङ्गहरूमा घाउ हुँदा मलाई दुख्छ अर्थात् अङ्गलाई घाउ हुँदा अङ्गीलाई दुख्छ । त्यसैगरी मेरा पितालाई कष्ट हुँदा मलाई भावनात्मक रूपमा पीर पर्छ तर शारीरिक कष्टको अनुभूति हुँदैन किनकि त्यहाँ आत्मिक सम्बन्ध छैन । शरीरसँग भने आत्माको सम्बन्ध छ । यस अतिरिक्त आत्माको सम्बन्ध सायद् साक्षात् परमात्माको साथमा हुन्छ । यहाँ अनिश्चयात्मक वाक्यको प्रयोग गर्नु लेखकको दायित्व हो किनकि यो मेरो अनुभवगम्य विषयमा परेन ।

जसरी प्रत्येक वडाहरूको समष्टिरूप नै राष्ट्र हो त्यसैगरी प्रत्येक अङ्गहरूको समष्टिरूप हो शरीर । अङ्गविनाको शरीरको के अस्तित्त्व छ र ? केही अङ्गहरू विकृत देखिए तापनि अङ्गीको अस्तित्त्व रहन सक्दछ । अङ्गहरूको समूहलाई अङ्गी भनिन्छ । अङ्गी भनेको शरीर हो । शरीर र शरीरीचाहिँ एकअर्काका पुरक हुन् । शरीरविना शरीरी र शरीरीविना शरीर रहन सक्दैनन् । शरीरीको अर्थ नै म अर्थात् आत्मा हो । जसरी राष्ट्राध्यक्षले राज्यको सञ्चालन गर्दछ र विना राष्ट्राध्यक्ष राष्ट्र धेरै समय रहन सक्दैन त्यसैगरी आत्मा विना शरीर चल्न नसक्ने रहेछ । यसरी हेर्दा शरीरी पनि आत्माकै वाचक रहेछ ।

पाँच ज्ञानेन्द्रिय चक्षु श्रोत्र घ्राण रसना र त्वक् र पाँच कर्मेन्द्रिय वाक् पाणि पाद गुदा उपस्थ (लिङ्ग) गरी दश इन्द्रिय मन र आत्मा अदृश्य छन् । ती सबैका आआफ्ना आश्रय भिन्नभिन्न छन् । जस्तै चक्षु नामको इन्द्रिय आँखा नामक

आसनमा बस्दछ त्यसैले संस्कृतमा आँखालाई चक्षु पनि भनिन्छ । श्रोत्र नामको इन्द्रिय कानरूपी आसनमा बस्दछ त्यसैले कानलाई श्रोत्र पनि भनिन्छ । घ्राण नामको इन्द्रिय नाकरूपी आसनमा बस्दछ । रसना नामको इन्द्रिय जिब्रोमा रहन्छ भने त्वक् नामक इन्द्रिय छालालाई आश्रय बनाएर रहन्छ त्यसैले छालालाई त्वचा भनिन्छ । यी सबैले आ-आफ्नो क्षेत्राधिकारमा पर्ने ज्ञानका कुराहरूलाई सङ्ग्रह गर्ने गर्दछन् । तत् तत् विषयको सङ्ग्रह गर्नेहरूमा ती ती इन्द्रियहरू मुख्यसाधन मानिन्छन् साथै यिनीहरू एकअर्काका छिमेकी मात्रै हुन् सहयोगी होइनन् किनकि एकले अर्कालाई कुनै पनि अवस्थामा सहयोग गर्दैनन्, जस्तै आँखाले देख्न छाड्यो भने नाककानहरूले देख्ने काम गर्न सघाउँदैनन् । त्यस्तै कानले सुन्ने काम गर्न छाड्यो भनेर आँखाले सघाउँदैन । यो नियम मनुष्य र पशुहरूको लागि हो । अन्य कयौं यस्ता पनि जीवहरू होलान् जसमा यी नियमहरू नलाग्दा हुन् । भनिन्छ वृक्षहरूले पनि सुन्दछन् । सर्पहरूले आँखाले नै सुन्छन् आदि । सामान्यतया आँखा र कान आदिलाई नै इन्द्रिय भन्ने गरेको पाइन्छ तर पनि सूक्ष्मरूपले विचार गर्दा आँखा कानहरू इन्द्रिय नभएर तिनका आश्रय हुन् किनकि जब यी आश्रयहरूमा कुनै पनि कारणले खराबी देखिन्छ त्यसबेला ती इन्द्रियहरू बाधित भएको देखिनु ठिकै हो, जस्तो कि आँखा ट्याप्पै हुँदा नदेखिनु स्वभाविक हो तर सामान्य परिक्षणमा ठिक हुँदाहुँदै पनि नदेखिनु चाहिँ इन्द्रियले काम नगर्नु हो । त्यो अवस्था भनेको अङ्गका उपाङ्गहरूको राम्रो निरीक्षण परीक्षणपछि पनि डाक्टरहरूले गरेको प्रयास सफल नहुनु हो । वास्तवमा 'इन्द्रियहरू अतीन्द्रिय हुन्छन्' अर्थात् कुनै पनि इन्द्रियले अर्को इन्द्रियलाई जान्न सक्दैन । जस्तै आँखाले श्रोत्रेन्द्रिय घ्राणेन्द्रिय आदिलाई देख्न सक्दैन त्यसो त अर्काको आँखामा रहने चक्षु नामक इन्द्रियलाई नै देख्न सक्दैन, उसले त कान नाक आदि मात्रै देख्दछ । जस्ता प्रकारले चिनीमा रहेको गुलियो आँखाले देख्न सक्दैनन् आँखाले त केवल चिनी मात्रै देख्दछन् । चिनीमा रहेको गुलियोपन रसेन्द्रियको सहायताले जिब्रोले थाहा पाउँदछ तर त्यसले पनि चीनीलाई देख्न सक्दैन । त्यसमा पनि चिनीमा रहेको कडापनलाई रसेन्द्रियले थाहा पाउन सक्दैन किनकि रसेन्द्रियले कडा र नरम, तातो र चिसो आदि थाहा पाउँदैन त्यो थाहा पाउने भनेको जिब्रोभित्र सूक्ष्मरूपमा रहेको त्वगेन्द्रियले हो । यो त भयो ज्ञानेन्द्रियहरूको कुरा ।

अब कर्मेन्द्रियहरूको कुरा गरौं । हात खुट्टा वाणी लिङ्ग र गुदा यी पाँच कर्मेन्द्रियहरू हुन् । यिनीहरूका पनि भिन्नाभिन्नै कामहरू छन् । यिनीहरूलाई पनि आपसमा कसैले सघाउँदैनन् हातको काम खुट्टाले र खुट्टाको काम वाणीले गर्दैन यसै गरी अरूको पनि जान्नु पर्छ भने भिन्नै गुण भएका अलग्गै प्रजातिका ज्ञानेन्द्रियहरूले सघाउने कुरै आएन । काममा मात्रै निरन्तर लाग्ने हुनाले र बौद्धिक

क्षमताको प्रयोग नहुनाले यिनलाई कर्मेन्द्रिय भनिएको हुनुपर्छ। यही दृष्टिकोणबाट विचार गर्दा मुटु कलेजो फोक्सो आन्द्रा र गुर्दा आदि पनि कर्मेन्द्रिय नै हुन् किन भने यिनीहरू पनि आआफ्नो काममा निरन्तर लागिरहेका छन्। वस्तुतः प्रसिद्ध बाह्य पाँच कर्मेन्द्रियहरू भन्दा यी आन्तरिक पाँच कर्मेन्द्रियहरू निरन्तर रूपमा काम गरिरहेका हुन्छन्। बाह्य पाँच कर्मेन्द्रियहरूलाई बुद्धिले आदेश नदिउनञ्जेलसम्म तिनले काम गर्दैनन् भने आन्तरिक पाँचलाई बुद्धिले आदेश दिइरहनु पर्दैन। उल्टै स्वयं बुद्धिले काम नगर्दा पनि ती निरन्तर रूपमा काममा लागिरहेका हुन्छन्। मानौं ती राष्ट्रपतिका विशेष सुरक्षक (ब्ल्याक कमाण्डो) हुन्। बाह्य कर्मेन्द्रियहरू त गृहमन्त्रीको आदेशमा चल्ने पुलिस जस्ता मात्रै रहेछन्। त्यसो भए यहाँ प्रश्न आउँछ कि यी आन्तरिक कर्मेन्द्रियहरूले कसको आदेशमा काम गरिरहेका हुन्छन् ? र कसको लागि काम गरिरहेका हुन्छन् ? त्यसैगरी पाँच ज्ञानेन्द्रियहरूले कसका लागि ज्ञान सङ्ग्रह गरेका हुन्छन् ? के ती ती इन्द्रियहरूले आफ्नै लागि ज्ञान सङ्ग्रह गरेका हुन् त ? यसको उत्तर हो- अवश्य पनि होइन किनकि ती ती इन्द्रियहरूले गरेका ज्ञान बुद्धिले सङ्ग्रह गरेर राख्दछन्। ती ज्ञानहरूलाई बुद्धिले सङ्ग्रह गरेर राखेमा उसैलाई काम परेको बेलामा ती ज्ञानहरूले सहयोग गर्दछन्। पाँच ज्ञानेन्द्रिय भनेका बाहिर छरपस्ट भएर रहेका ज्ञानहरूलाई आफूभित्र तान्ने त्यस्ता चुम्बक हुन् जो तानिसकेपछि आफूमा राख्दैनन्। त्यसैले ती एक प्रकारका साधन मात्रै हुन्। त्यसो भए कसका साधन हुन् त ? भन्ने प्रश्न हुनु पनि स्वाभाविक नै हो। यसको उत्तर हुन्छ- बुद्धिका साधन हुन्। अब फेरि प्रश्न हुन्छ कि- जीवित रहनका लागि बुद्धिको स्वतन्त्र अस्तित्त्व पर्याप्त छ कि छैन ? यसको उत्तर हो 'छैन'। जीवित रहनको लागि जीवको अस्तित्त्व मात्रै पर्याप्त छ। बाँकी सबै उसका निकटतम सहयोगी मात्रै हुन्। त्यसैले जीवन जिउनु जिउँदो बुद्धिजीवी जस्ता शब्दको प्रयोग भएको हामी पाउँदछौं। जसलाई आत्मा जीव जीवात्मा चैतन्य आदि नामले पुकारिन्छ।

हो, जीवन जीउनका लागि जीवको अपरिहार्य यसकारणले पनि छ कि जीवविना बाँकी सबै अधुरा छन्। सामान्यतया प्रत्यक्षरूपले यसले केही काम गर्दैन र गरेको देखिँदैन त्यसैले असूक्ष्मदर्शीहरू त्यसको अस्तित्त्वलाई स्वीकार्दैनन्। त्यो उनीहरूको विचार हो। यहाँ त जीवको अस्तित्त्वको चर्चा हुन्छ, चैतन्यको चर्चा हुन्छ। जुन कुरालाई देखिँदैन त्यसको अस्तित्त्व नै छैन भन्नु बालकपनबाहेक केही होइन किनकि आँखाले नदेखिने कुराहरू उदाहरणका रूपमा हेरौं- कुनै पनि देशको राष्ट्राध्यक्षले कुनै एक भवनको एउटा कोठामा बसेर हरेक समस्याको समाधान गरिरहेको हुन्छ। उसलाई सर्वसाधारणले देख्न सदैनन्। सर्वसाधारणको दृष्टिमा त देशको सीमाको रक्षा सेनाले, आन्तरिक सुरक्षा पुलिसले, बाँकी प्रशासनको काम निजामती कर्मचारीहरूले गरिरहेका छन् अतः राष्ट्राध्यक्षको के

काम ? भन्लान् र नदेखिने हुनाले छैन पनि भलान् तर बुद्धिजीवीहरूले त्यसो भन्दैनन् र भन्न पनि हुँदैन। त्यस्तै नै शरीरमा जीव रहन्छ। प्रत्येक इन्द्रियहरूको नियन्त्रक बुद्धि भए तापनि बुद्धिलगायत आन्तरिक पाँच कर्मेन्द्रियहरूको पनि नियन्त्रक जीव नै हो अर्थात् नेता उही हो। मानौं कुनै दिन इन्द्रियहरूले जीवको अकर्मण्यतालाई देखेर अर्थात् आफूहरू जस्तै काम गरिरहेको नदेखेर नेताको रूपमा स्वीकार गरेनन् भने तिनीहरूको अवस्था कस्तो होला ? यो एकदमै विचारणीय प्रश्न छ। एकछिन विचार गरौं- बाह्य दशै इन्द्रियहरू मिलेर जीवात्मालाई नेताको रूपमा स्वीकार नगर्नका लागि आन्दोलन गर्दछन्। त्यसैबेला सधैं म सबैको भारी बोकेर हिँडिरहनु, म नभए हेरौं त यो कसरी चल्दो रहेछ भनेर खुट्टाले शरीरलाई छाडिदियो भने के जीवन चल्दैन त ? यसको उत्तर हो- जीवन मज्जाले चल्दछ। त्यसैगरी हातले पनि मरी मरी काम गर्ने म सम्मान पाउने निधार भनेर छाडे पनि शरीर चल्छ। हात खुट्टा नहुँदा त मागेर पो खाँदो रहेछ है भनेर वाणीले पनि छाडोस् र पनि जीवन चल्छ। त्यसैगरी नाक कान आँखा त्वक् रसना आदि सबैले एकेक बहानामा छाडेर पर बसेर टुलुटुलु हेरेर बसे पनि जीवन मूढो जस्तो डल्लिरहे पनि चल्छ, अर्थात् बाँचिरहन्छ तर जीवात्माले यस शरीरलाई जब छाड्दछ तब अत्यन्तै बलवान् भएर पनि ती सबै इन्द्रियहरूले शरीरमा रत्तिभर पनि काम गर्न सक्दैनन्। बाहुबलीले आफ्नै हात उठाउन सक्दैन, कयौं पटक दौड प्रतियोगितामा प्रथम भएको व्यक्तिले आफ्नै खुट्टा हल्लाउन सक्दैन, एकैछिनको लागि थोरै मात्रमा पनि खुट्टाले हलचल गरिदिंदैन। अनेक प्रकारका स्वादहरू चाखीचाखी पड्किने जिब्रो त्यसबेला एक्कैछिन चल्न चट्पटाउन सक्दैन आदि। जीवात्माले छाडेर गएपछि शक्तिहीन भएर इन्द्रियहरूले उसैको पछि लाग्नुपर्दछ अर्थात् माझीले जालबाट सबै माछाहरूलाई ताने झैं जीवात्माले पनि सबै इन्द्रियहरूलाई आफैसँग लैजान्छ परन्तु इन्द्रियले जीवात्मालाई तान्न सक्दैनन्। अपवादमा कहिलेकाहीं ठूलो माछाले माझीलाई पछारे झैं विषयाशक्त मनुष्य पनि त्यस इन्द्रिय अनुरूप अतृप्त हुँदा पछारिन सक्छ।

भन्नुको तात्पर्य यो हो कि जीवन्त रहनका लागि सबै इन्द्रियहरू पुरक सहयोगी मात्रै हुन्। यिनीहरूको अभावमा जीवन रहँदैन भन्ने हुँदैन। त्यसैले नाशवान् यस शरीर र आफ्ना इन्द्रियहरूको घमण्ड कहिल्यै गर्न हुँदैन। यस शरीरलाई जीवात्माले कतिबेला छाड्दछ त्यो कसैलाई थाहा हुँदैन। सबै बुद्धिमान् व्यक्तिको बुद्धिले पनि त्यसको अनुमान गर्न सक्दैन। केही बुद्धिमान् व्यक्तिको बुद्धिले सहजै त्यसलाई अनुभवको परिधिभित्र पार्न सकेन भन्दैमा त्यसको अस्तित्त्वमा शङ्का हुँदैन। चिकित्सा क्षेत्रमा भएका अनुसन्धानले केही बिमारीहरूका मृत्युका बारेमा पूर्वानुमान गरे तापनि तिनै चिकित्सकले गरेका कयौं अनुमान असफल पनि

भएका छन् र चिकित्सकले बाँच्दैन भनेका कयौं बिमारीहरू मज्जाले वर्षौंदेखि बाँचिरहेका पनि छन्। अतः जीवनका लागि जीवको जुन अपरिहार्यता छ त्यसलाई यसैगरी बुझ्नुपर्दछ अर्थात् म भनेको त जीवात्मा रहेछ। आत्म जागृत व्यक्तिले यसको अस्तित्त्वको महत्त्व बुझ्दछ भने सुप्तले बुझ्दैन।

यसरी अन्तस्थ भई स्वयम्लाई नियाल्दा जीवनको अर्को पाटो स्पष्ट देख्न सकिँदो रहेछ साथै यसभित्रका अनेकौं अवान्तर सूक्ष्मतत्त्वहरू पनि छन् जसलाई यहाँ अटाउन सकिँदैन।

चतरा, सुनसरी।

-_-


**हाम्रा केही**

**निबन्ध-प्रबन्ध-नियात्रा-संस्मरण-वृत्तान्त**

| | | |
|---|---|---|
| १. ब्रह्मचर्य यौनसंयमको वैज्ञानिक उपाय | -तीर्थराज पौडेल | १५०/- |
| २. जीवनको आँखीझ्याल | -नारायणप्रसाद ढुङ्गाना | ८५/- |
| ३. मधेसी आन्दोलनका २१ दिन | -मधुसूदन पाण्डे | १००/- |
| ४. वोर्नियोको नरमुण्ड शिकारी | -मधुसूदन पाण्डे | ८०/- |
| ५. पत्थर पगाल्दै | -गोपाल सञ्जेल | १५०/- |
| ६. धूमशिखाको लयमा सल्लाको सुसेली | -रमेश विकल | २५०/- |
| ७. Infinity | -भवेश खनाल | १७५/- |
| ८. सम्राट्को सीमाभित्र र बाहिर भानुभक्त | -प्रा. राजेन्द्र सुवेदी | १६०/- |
| ९. मेरो माटोसँग | -हरि थापा | २२५/- |
| १०. समय समयका कुरा | -जगदीश लामिछाने | २५०/- |
| ११. लयको खोजीमा | -रजनी ढकाल | २००/- |
| १२. सत्यसंलाप | -मोहन चापागाईं | २५०/- |
| १३. झ्याम्ली बाख्राको पाठो | -डा. शिव गौतम | ४००/- |
| १४. साँढे (हाँस्यव्यङ्ग्य) | -सर्वज्ञ वाग्ले | २५०/- |
| १५. छेऊ न टुप्पो | -प्रकाशप्रसाद उपाध्याय | १५०/- |
| १६. सुदर्शन | -कमल रिजाल | ४००/- |
| १७. अमरत्वको सम्झना | -प्रा. शिवगोपल रिसाल | ५००/- |
| १८. नोटबन्दी | -सरस्वती गिरी | ५००/- |
| १९. श्रीजङ्ग शाहको जीवन यात्रा | -सरस्वती गिरी | २५०/- |
| २०. प्रेरणा स्रोत भद्रकुमारी घले | -सरस्वती गिरी | ३००/- |
| २१. आत्मकथन | -सरस्वती गिरी | ५५०/- |
| २२. मेरो जीवनयात्रा | -शालिग्राम पोडेल | ३००/- |

# घर



निशेष आङदेम्बे

घर एउटा यस्तो ठाउँ हो, जहाँ मन बस्छ । नाङ्गो आँखाले देख्दा घरभित्र मनहरू बस्छन् तर मनले देख्दा मनहरू भित्र घरहरू बस्दा रहेछन् । त्यसैले त होला सायद, विद्यालयमा शिक्षिकाले गाली गर्दा मन दुखाएको अबोध बालकले आँसु खसाएर भन्छ घर जान्छु र घर सम्झन्छ । बाटामा बालबालिकाहरू चल्छन्, झगडा गर्छन् । रोए, मन दुखाए भने घर सम्झन्छन् र घर जान्छु भन्छन् । सायद त्यसैले होला, म सानो छँदा हजुरबुवासँग बस्तु चराउन जङ्गल जान्थेँ । त्यसबखत आकाशमा बिजुली चम्कँदा, मेघ गर्जंदा, अनि चट्याङ पर्न खोज्दा म सधैँ सधैँ घर सम्झन्थेँ । जब मेघ गर्जन थाल्दथ्यो, म सधैँ हजुरबुवालाई 'घर जाऔँ' भन्दथेँ । यदि साँच्चै चट्याङ् नै परे घर गोठले नथाम्ने कुरा मलाई मेरो माक्ला दाजुले राम्रो सम्झाउनुभएको थियो । अझ भनौँ चट्याङ नै परे घरले नछेक्ने कुरो मलाई राम्ररी थाह थियो तैपनि जब मेघ गर्जेर, बिजुली चम्कन थाल्दथ्यो, म हजुरबुवाको चोरी औँला समातेर घरसम्म आएपछि मात्र ढुक्क हुने गर्थे । साँच्चै घर मेरो मनभित्र भएर न यति छिटो घरको याद आउँथ्यो होला अनि म जब घर भित्र बस्दथेँ, आफूलाई सबैभन्दा सुरक्षित महसुस गर्दथे । त्यसैले त होला सायद घर हाम्रो मनभित्र बस्ने रहेछ अनि हामी घरभित्र ।

घर छोडेर संसारको कुना कुनामा मानिसहरू धन कमाउन पुग्छन् । ज्ञान, धन, सीप र शिक्षा हासिल गर्न पुग्छन् तर उनीहरू सञ्चो, बिसन्चो हुँदा पनि घर सम्झन्छन् । अलिकति सपनाले छुँदा पनि घर सम्झन्छन् । बरु मर्नै परे पनि घरैमा मरौँ भन्छन् । घर साँच्चै उनीहरूको मनमा नहुँदो हो त, उनीहरू घरैमा मर्ने सपना सायदै देख्दैनथे ।

कोसौँ तलबाट सुरु भएको पहिरो हरेक बर्खामा अलिअलि गर्दै चार सालमा आँगन चरक्क चर्कायो । घरबारी आधा बग्यो । करेसाबारी एक-एक डिल तल-तल सरिसक्यो । कुन दिन या कुन रात पहिरोले घर तान्छ पत्तो भएन । कुन दिन रेडियोको समाचार बन्छौँ पत्तो भएन । कुन दिन टेलिभिजनको समाचारको दृश्य बन्छौँ पत्तो भएन । त्यसैले त धेरै गाउँलेहरू बसाइँ सरिसकेका थिए । बुवा र

आमाले दुःखले पर गैरीगाँउमा नयाँ घर बनाउनुभयो । त्यही नयाँ घरमा बसाइँ सरौं भनेको हजुरबुवा र हजुरआमा मान्नुभएन । हामी मरे पनि यही घरमा मर्छौं भन्नुभयो । यहीबाट थाह हुन्छ हजुरबुवा र हजुरआमाले आफूले बनाएको त्यो घरलाई आफ्नो जिन्दगीभन्दा धेरै माया गर्नुहुन्थ्यो । त्यही घर उनीहरूको मनभित्र थियो र मरे पनि यही घरभित्र मर्छौं भन्नुहुन्थ्यो ।

गाउँ गाँउबाट छोराछोरी नाति-नातिना सबै शहरबजार छिरे । देश विदेश छिरिसके गाउँहरूमा घरहरू छन् अनि बूढापाकाहरू छन् । अझै पनि बूढापाका घर छोड्न सक्दैनन् । गाँउघरबाट युवायुवती सर्लक्क शहर सरे जसरी शहरबजारका देश विदेश सरेका छन् । वास्तवमा भन्ने हो भने यो समय घर छोड्ने समय बनेर आएको छ । हाम्रो देशबाट अन्य देश सरेका ती छोराछोरीले आफ्ना बुवाआमालाई आफूसँगै लग्न नसक्ने कदापि होइन तर यी घरहरू छोडेर क्यानडा, अस्ट्रेलिया, युके, युएसएका ती ठूला-ठूला घर अनि कोठाहरूमा कदापि बुवाआमाका मनहरू अटाएनन् । गल्ली-गल्ली, छिँडी छिँडीमा टेको लगाइएकै भए पनि आफ्नै गाउँ शहरका, आफ्नै देशका घरहरूलाई छोड्न सकेनन् ती आमाबुबाहरूले । यो हेराइबाट हेर्दा शहर भए पनि गाउँ भए पनि एउटै पीडामा छन् तर शहरका घरहरूमा कुल्ली, ज्यामीदेखि लिएर हाकिम, पियन, विद्यार्थी अनेकौं मानिसहरू बस्छन् । तर मानिस-मानिस बीचमा पनि मानिस चिन्दैनन् । शहरका घरहरूमा मानिसहरूको भीडमा एक्लो भइन्छ मानिस आफै । त्यसैले त भन्छन् सायद- शहरमा घरहरू नजिक-नजिक भएर पनि मनहरू टाढा-टाढा हुन्छन् । शहरमा मर्दा-पर्दा देख्ने कोही हुँदैनन् । गाउँमा घरहरू टाढा-टाढा भए पनि मनहरू नजिक नजिक हुन्छन् । मर्दा-पर्दा हेर्ने मनिसहरू हुन्छन् तर आजभोलि लास उठाउने पनि तन्नेरी छैनन् गाउँहरूमा । घरहरू एक्ला-एक्ला छन् गाउँमा । बर्सौवर्ष पनि एक्लै उभिरहेका छन् घरहरू फक्ताङलुङ (कुम्भकर्ण) जस्तै गरी अनि चम्जङलुङ (सगरमाथा) जस्तै गरी । छोराहरू मुग्लान पसेसँगै बुहारीहरूले घर छोडे तर घरहरूले मन कहिले छाडेनन् घर त साँच्चैकै घरै रहेछ ।

हुरी चल्दा मनले घर सम्झन्छ । वर्षात् हुँदा मनले घर सम्झन्छ । सुनामी आउँदा घरको याद आउँछ । आकाशमा मेघ गर्जंदा, बिजुली चम्कँदा, असिना बर्सिंदा मनहरू घरमा ठोकिन्छन् । लड्दा पर्दा, दुःख बिराम पर्दा मनहरू घरमा ठोकिन्छन् । साथमा कोही नभएर एक्लो-एक्लो हुँदा घरमा पुग्छ मन अनि हुलमुलहरूमा मानिस मानिसहरूबीच एक्लो-एक्लो महसुस हुँदा घरमा पुग्छ मन । त्यसैले त घरभित्र हामी बसेर पनि हाम्रो मनभित्र बसेको हुँदो रहेछ घर । कहिल्यै उत्ता कुनामा ड्याङ्ग ठोकिन्छ । कहिल्यै यता कुनामा ड्याङ्ग ठोकिन्छ मनभित्र घर । घर साँच्चिकै घर नै रहेछ ।

भनिन्छ- समय बलवान् हुन्छ । वास्तवमा हो रहेछ । हामीले यति धेरै माया गरेको घर । मनभित्र राखेको घरबाट हामी टाढा भाग्नुपर्ने समय पनि आउँदो रहेछ । जसबखत हामी घरसँग डराएर टाढा भाग्ने रहेछौं ।

राजधानीको एउटा प्रमुख ठाउँ ललितपुरको लगनखेलदेखि जावलाखेलसम्मको बजार क्षेत्र कुमारीपाटी । दायाँबायाँ अग्ला-अग्ला घरहरूबीचको चिल्लो बाटोसहितको बजार क्षेत्र । वर्षमा एकपटक पाँच दिनसम्म चल्ने कुमारीपाटी जावलाखेल महोत्सव चलिरहेको हुन्छ । महोत्सवको दोस्रो दिन शनिबारसमेत परेकाले बढी भिजिटरको अपेक्षासहित हामी हाम्रो प्रर्दशनीस्थलमलाई विशेष शृङ्गार तथा व्यावसायिक अफरहरूलाई अझ बढाएर तयारीमा जुट्यौं । समयसँगै भिजिटरर्सको सङ्ख्या बढ्दै गयो । घडीमा बाह्र बजेको केही समयमै पृथ्वी पल्टे झैं गरेर जमिन हल्लिन थाल्यो । मेलामा आएका ती हजारौं मानिसबीच सडकमा कोही रुने, कोही चिच्याउने क्रम सुरु भयो । कुमारीपाटीजस्तो दुईतिरै घरले घेरिएको बीच सडकमा हामी पनि एक अर्काको हात समातेर घरि दाँया त घरि बायाँ गरिरहेका थियौं । भूकम्प रोकिन्छ भन्ने आशामा बसेका हामीहरूले धरहरा ढल्यो, यति मानिस मरे, हरिसिद्धिमा पूरै घरहरू ढलेजस्ता समाचारले हामी झन् आतङ्कित बन्न थाल्यौं । भूकम्प नरोकिने तथा ठूलो धनजनको क्षति भइसकेको महसुस गरी तत्काल हामी प्रर्दशनस्थलबाट अघिल्लतिर रहेको अग्लो घरको पाँचौ तल्लामा रहेको हाम्रो कम्पनीको कार्यलयमा हाम्रो सामान थन्काउन जुट्यौं । हामी हातमा कम्प्युटर प्रिन्टर लिएर घरको तल्ला चढिरहेका हुन्थ्यौं । जोडसँग घर भूकम्पले हल्लाउँथ्यो हामी सामान त्यहीँ छोडेर तल भाग्थ्यौं । कम्पन केही कम भएसँगै हामी पुनः माथि चढ्थ्यौं फेरि हल्लाउने बितिकै तल दौडन्थ्यौं । भूकम्पको समय यस्तो समय रहेछ, जुन समय हामी घर भन्ने शब्दसँग पनि भाग्ने रहेछौं । यो समय हामी घर सम्झन त परै जाओस्, घर देख्ने बित्तिकै जुत्ता छोडेर भाग्ने रहेछौं । मानिसलाई घरसँग यति धेरै डर हुने रहेछ । मानिसहरू आयो-आयो भनेर चिच्याउँथे हामी घरभन्दा टाढा-टाढा भाग्थ्यौं ।

हामी घरको चौथो तल्लामा चढिरहेका थियौं । एक्कासि भूकम्पको धक्कासँगै घर हल्लिन सुरु भयो । चिच्याहट सडकमा छताछुल्ल मानिसहरू चिच्याएको सुनिन्थ्यो । हामी हातमा लिएका सामान भुइँमा छोडेर घरको सिँढीबाट बाहिर निस्कन थाल्यौं । अफ्सोच मानिसहरू यति धेरैको सङ्ख्यामा घरभित्र पसिरहेका थिए । त्यहाँ न त तल झर्न सकिन्थ्यो, न त केही सोध्न सक्ने परिस्थिति नै थियो । भीड घरको सिँढीहरूबाट यसरी माथि उक्लिरहेको थियो कि हामीलाई उचालेरै अझ माथिको तला चढाउनेछन् । म महसुस गरिरहेको थिएँ भूकम्पले हल्लाइरहेको थियो तर मानिसहरू घरसँग डराइरहेका थिएनन् । केही समय अघिमात्र भूकम्पको

कम्पनसँगै घरभन्दा टाढा-टाढा भाग्ने त्यो भीड अब जस्तो कम्पन आए पनि घरभित्र बेपरवाह छिरिरहेको थियो । मलाई लाग्यो जमिन फाट्न सुरु भयो त्यसैले मानिस घरभित्र छिरिरहेका छन् । वास्तविकता बुझ्न भीडलाई पन्छाउँदै जब म बाहिर आएँ बाटोहरू उस्तै थिए । कुनै जमिन त फाटेको थिएन । केही समयपछि बुझ्दा पो परतिर जावलाखेलमा भूकम्पले चिडियाखाना भत्कियो । बाघ निस्केर कुमारीपाटीतिर आएको हल्ला रहेछ अनि पो मानिसहरू भूकम्पको वास्ता नगरी घरभित्र दौडिएका रहेछन् । बाघको हल्ला सुन्नुअघि भूकम्पमा घरको छाया पनि देख्न नहुने मानिसहरूलाई बाघको हल्लाले मात्र पनि घरको यति नजिक बनायो कि सबै मानिस भूकम्प बिर्सिएर घरभित्र छिरिरहेका थिए । घर वास्तवमा हाम्रो मन मष्तिष्कमै रहेछ । भोलिपल्ट मात्र थाह भयो कि चिडियाखानाका बाहिरको केही इँटाको गाह्रो मात्र भत्किएको रहेछ र बाघ निस्किएको पनि होइन रहेछ । थोरै कुरालाइ धेरै बनाएर बोल्ने हाम्रो आचरण खराब मात्र रहेछ ।

एक दिन म गाडीबाट कामको लागि निस्किएँ । काम भनेको त्यही न थियो शिक्षक मान्छेको पढाउने काम । गाडी राम्ररी चलाइरहेको थिएँ । मनमा कुराहरू खेल्दै गए । गाउँको एक्ला घरहरूमा मनहरू ठोक्किए । मेरो घरको प्वाल प्वालहरूमा गौंथलीले कति राम्रा-राम्रा उसका आफ्ना घरहरू बनाइसक्यो होला । मैले मात्र एक्लै छोडिराखेँ मेरो घरलाई । कसरी ठिङ्ग उभिरहेको होला एक्लो घर । एकछिनमा थाहा पाएँ म त विद्यालय कटेर पनि निकै पर पुगिसकेछु । एक्लै हाँस्ने पागल हो भन्थे । म एक्लै हाँस्दै फर्केर कर्मस्थल फर्कें ।

अहिले पनि सम्झन्छु, शहरमा प्रत्येक कोठाहरूमा अगल-अगल मानिसहरू बस्छन् । एउटा कोठाको भाडा हजारौं रूपैयाँ तिर्नुपर्छ । यता मैले एउटा सिङ्गो घर भाडामा लिएको छु । एउटा घरको भाडा एक पेटी बुझाउनुपर्छ हरेक महिना । भएका जायजेथा बेचेर होस् वा साँझ बिहान छाक काटेर होस् समयमा पेटी गन्नुपर्छ । उत्ता गाउँमा मेरो घरमा बसिदेऊ म मासिक पैसा दिन्छु भन्दा पनि बसिदिने कोही भएनन् । अब त भित्ताहरू पनि चर्किसकेका होलान् ।

अब त तीन वर्ष पनि भइसक्यो म घर नपुगेको । रातो माटोले लिपेको सबै वर्षात्को बाछिटाले बगाएर फिक्का-फिक्का बनाइसकेको थियो । पक्लक्क उक्किएका थिए गोबर र माटोले लिपेका भुइँहरू । ढोकानेर कति सुन्दर बुट्टेदार जालीवाला घर बनाएको रहेछ माकुराले तर त्यो जालीमा एउटा झिँगो पनि परेको थिएन । यो देखेर मन खिन्न भयो । हामीले छोडेपछि झिँगाले पनि घर छोड्ने रहेछ । आँगनमा फूलहरू भन्दा लामा-लामा झारहरू थिए । पिँढीमा जाँतोको मुखबाट उम्रिएको मकै लामो नभई सुकेर सानोमै खोस्टा भएर बसेको थियो । माथि बार्दलीमा घरमाहुरीहरू एउटा-एउटा जाने आउने गरिरहेका थिए । ठूलो रातो अरिंगाल

घरमाहुरीको गुँडको मुखमा घुमिरहेको थियो । यो सब नहुने हामीले घर रुँगेसम्म मात्र रहेछ । सम्झिँदा मन दुख्छ, देख्दा आँखाहरू दुख्छन् ।

झ्याउँकीरीहरू झ्वाइँ-झ्वाइँ गरी एउटै लयमा गीत गाइरहेका थिए । मानौं उनीहरूलाई एकदमै बैराग्य चलेको छ । ओखरबोट मुन्तिरको बाटो हुँदै गएँ । शान्त वातावरणमा एकोहोरो घामका किरणहरू गाँउभरि छरिएका थिए । एउटा दुइटा होइन धेरै घरहरू एक्लाएक्लै थिए । कति घरहरूमा ढोका बन्द थिए त कति घरमा ढोका खुलै छोडिएका देखिन्थे । हेर्दै हेर्दै गाउँ छेउको घरनिर पुगेथें । खरले छाएको घर, यताउति एक दुई फूल फुलेका तर ती फूलका बोटहरूभन्दा लामा-लामा झारहरू हुर्केका । परतिर बाबरीफूलको बोट घरको भित्ता चर्काएर झ्याङ् बनाइसकेको रहेछ । घरको आँगननिर टिमुरको ठूलोबोट माथि-माथि टुप्पोमा राता-राता टिमुरका पाकेका दानाहरू थिए । भाँचिएका हाँगा र सुकेका पातहरूले बताइरहेका थिए- घर धनीविनाको विरुवाको दुःख यो भन्दा धेरै के हुनु ?

टिमुरको बोटमुनिको गाईको गोठ आदि छानो भत्किसकेको रहेछ । गोबरको मलमा हरियो झाँगिएका उदासे झारहरू रहेछन् । वर्षौं पुरानो गोबरको डल्लो सुकेर कक्रक्क डल्लो परेर बसेको रहेछ । यी सबैले बताइरहेका थिए यी घरका धनीहरूले यो घर माया मारेको कुरा । ढोकामाथि ठूलो भोटे ताल्चा तेर्स्रो पारेर झुन्डिरहेको थियो । सिकुवामा लिपेको गोबरमाटो सबै उक्किसकेको रहेछ । चुहिएको छानोबाट आएको पानीका लामा-लामा रेखाहरू भित्ताभरि थिए । घरको यस्तो अवस्था देखिसकेपछि योभन्दा परको गाउँ जान मानेनन् मेरा पाइलाहरू । पीआरहरू, ग्रीन कार्डहरू मनमा ठोकिन आए । त्यही घरको माथिल्लो डिलको बाटो हुँदै म फर्किएँ । घरमाथिको बाटो पुग्दा त्यही घरको छानो आँखा अगाडि देखें । खरले छाएको छानो । खर पुरानो भएर कुहिएको मक्किएको ठाउँमा झारहरू उम्रिएका रहेछन् । कुरोको फुलिसकेको रहेछ । सोचें यी घरका धनीहरू कि टोरोन्टो, कि सिड्नी, कि त क्यालिफोर्निया, कि त लण्डनतिर यही कुरोका बोट छानोमा फुलेझैं ढकमक्क फुलेका होलान् ।

त्यसयता ती घरहरू समय समय मानसपटलमा ठोकिन्छन् र घरको महत्त्व मनमा झल्कन्छ । प्रश्न उठ्छ- के त यी घर छाडेर जानेले अर्को घर निर्माण नगरी रहन सके होलान् त ?

--

के तपाईंले शब्दार्थका कथा, कविता र निबन्धका
पुस्तकहरू पढ्नुभएको छ ?

# झार



बाँस्कोटा धनञ्जय

आज बिहानै मलाई आफ्नै लामो कपालले बेचैन बनायो। आफ्नै काखी ह्वास्स गन्हायो। मुख पनि तीतो भयो र अमिलो पानी आएर ह्वास्स गन्हायो। पानीको धारो खुकुलिएर पानी तपतप झरिरहेको थियो। चट्याङ्गले हानेर ढरनसो खुस्काएको एउटा फ्यान लखरक-लखरक गर्दै थियो।

ढोका उघारेर बाहिर निस्कें।

घरको कसेसाबारीमा झारले साम्राज्य जमाएर बाँकी सबै बिरुवाहरूलाई मरणासन्न बनाएको थियो। हेर्न पनि सकिनँ, अनि देखें, बोडीका झाङहरू झारले सखाप, मेवाका बिरुवा झारले सखाप, खोर्सानीका विरुवा झारले सखाप, मकैका बोट झारले ढाकेर ऐ ऐ।

एउटा भएको बबुरो घिरौंलाको लहरो पनि झारले गर्दा सिन्किएर गएको थियो। मन फुलेर आयो। प्रश्न गरें आफैलाई–यो झार चाहिँ किन सकिएन ? यो झार चाहिँ किन लुते भएन ? यसलाई न छुट्टै त पानी हालेको छ। यसलाई छुट्टै न त मल हालेको छ।

बरु पटक पटक यसलाई कुल्चेको छु। उखेलेको छु। माडेको छु हिँडेर। एक पटक त अति भएर झार मार्ने हर्विसाइट पनि हानिदिएँ। वातावारणीय कारणले त्यसपछि हान्न छाडिदिएँ तर पनि ऊ मुस्लिएर आउन छाड्दैन।

हे भगवान् ! यो त अति नै भो झारको साम्राज्य। ऊ भएका ठाउँमा त कुनै बालीनाली पनि बाँच्न नपाउने रहेछ। कोही पनि हाँस्न नपाउने ? कोही पनि नाच्न नपाउने ? कोही पनि बढ्न र प्रगति गर्न नपाउने ?

यो झारको के बिगारिदिएका थिए यी बिरुवाहरूले र यी सबैको नाश गर्न उद्दत रह्यो यो झार ? यो झार हो कि ज्यामराज ?

आज ज्यामराजसँग भिडने उद्देश्यले निस्किएँ करेसाबारीमा। छेउमा उभिएर हेरें त्यो साम्राज्यवादी झारलाई। कति हलक्क बढेको ! ठस्स परेर आएका डुकुहरू। लामा लामा जरा र तिनका हाँगा यत्रतत्र फैलिएका थिए। पातहरू चिल्ला। फूल सौगन्धित नभए पनि सुन्दर। त्यहाँ सिर्फ झारको साम्राज्य थियो। त्यहाँ झारले

लुल्याएका र सिक्रो पारेका मकैका बोट थिए। दाप्सिएका सिमीका लहरा थिए। पात छ्यान्द्रा पारेर हेरिनसक्नु पारेका लट्टेको सागका बोट थिए। फर्सीका लहरा ख्याउटे थिए।

हुन पनि त्यो मेरो बगैंचा टी. एस. इलियटको बाँझो जग्गा जस्तै थियो। त्यो केही पनि फल नफल्ने जग्गा। फूल नफुल्ने जग्गा। कोपिला नबस्ने जग्गा। पानी नभएर सुकिरहने जग्गा। जे रोपे पनि पार नलाग्ने जग्गा। जति दुःख गरे पनि अन्तिममा त्यही हुने जग्गा। मानिसलाई आशाको दियो बालिदिने तर अन्त्यमा निराश बनाएर बिरामी बनाउने जग्गा।

अनि त्यो फ्रेन्सिस स्कर्ट फिटजिराल्डको उपन्यास द ग्रेट गद्सवीमा वर्णन भएको खरानीको उपत्यका जस्तै जग्गा जसले उही बाँझो जग्गाको विम्ब पस्किन्छ। सदियौंदेखिका भत्किएका मनहरू जोडिन नसकेर रुँदै जीवन बिताएका, सबै सपनाहरू भत्किएकाहरूको बिरासत हो त्यो खरानीको उपत्यका भएको जग्गा। सपनाको संसार बुनेर बीचमा सपना भत्किनेहरूको बस्ती हो त्यो जग्गा।

मैले मेरो त्यो घुऱ्यानलाई पनि त्यही उपत्यका ठानें र हेरें इलियटका विम्बहरू त्यहाँबाट र हेरें फिटराल्डका जीजीविषाहरू त्यहाँबाट। त्यहीं देखें मैले। हेरें, त्यो मेरो एउटा दानो पनि नफल्ने कटहरको ठूलो बोट। आठ वर्षमा त्यसले एउटा पनि फल फलाएको थिएन। अर्गानिक खाने चक्करमा त्यो थारै थियो आधा दशकदेखि र पनि मैले त्यसलाई काट्न सकिरहेको थिइनँ किनभने त्यसलाई मैले छोराछोरीलाई जस्तै हेरचाह गरेर हुर्काएँ। पछि बञ्चरो लगाएँ आफै। लु जा त।

त्यस्तै अर्को छ तीन चार दाना मात्र फल्ने आँपको बोट। तीन वर्षमा त्यसले पाँचवटाको दरले पन्द्रवटा मात्र फल दिएको थियो। त्यस्तै पाँच वर्षमा एकै दाना नफल्ने पहाडे अमलाको बोट थियो। तीन सय रुपियाँमा किनेर ल्याएर रोपेको त्यसले कतिवटा दाना लगायो, झन्डै सङ्ख्या नै पो भन्न भ्याइने भइयो। बरु उही बोट बूढो भएर सुक्न थालिसक्यो तर त्यो बाँझै रह्यो।

अर्को थियो, तीन चार दाना फल्ने अनार। अर्को थियो, केही कोसा फल्ने दुईवटा सजीवनका बोट अनि लगन्ये जस्तै फल्ने एउटा अम्बकको बोट। फल्नै नसकेको, थालनी नै नगरेको एउटा सुन्तलाको बिरुवा। बूढीले रहरले रोपेका दुईवटा सुपारीका बिरुवा थिए। सिमल तरुलका केही बोट थिए। कहिल्यै खन्नु नपर्ने घर तरुलका लहरा थिए। ती लहरा उर्लिएर आउँथे, संसार ढाकुँला झैँ गर्थे तर फल एउटा पनि लाग्दैन थियो। त्यसलाई खन्ने पर्दैन थियो। भिण्डीका बोट र घिरौंलाका लहरा थिए अनि सानो गरामा छरेका बाक्ला मकै। ती मेरो जीवन र जगत्सँगको अलङ्कार बनेर ठिङ्ग उभिएका थिए लुखुरे भएर।

सिर्फ थारो, सिर्फ बाँझो, त्यस्तै देखें ।

यो अस्तव्यस्त करेसाबारीले मेरो जीवनको अस्तव्यस्ततालाई उजागर गरिरहेका थिए । मेरो समाज र मेरो देशको अस्तव्यस्ततालाई विम्बित गरिरहेका थिए ।

म झार उखेल्न थालें । झारलाई मैले विभिन्न आयाममा देख्न थालें । विभिन्न रङमा देख्न थालें । हेरें, मौलाएर आएको झार । हरियो, कालीदह भएर आएको झार । नचाहिने झार । बस्तुले मुखमा हाल्न पनि नहुने गरी नमीठो झार । कसैले पनि मन नपराउने झार । सब्जी खान पनि नहुने झार । गुन्द्रुक लगाउन पनि नहुने झार । बेच्न पनि नहुने झार । हुलुक्क आएको झार । कलिलो थियो, पटेर थियो । त्यसले छोपेका तमाम वनस्पतिहरू बढ्न र तङ्ग्रिन पाएका थिएनन् । आओस्, फलोस् भनेर प्रार्थना गरी रोपिएका चिजहरू झारले स्वाहा पारिदिएको थियो । यही सत्य विम्बहरू सजाएर म यहाँसम्म आइपुगें भन्ने लाग्यो ।

प्रकृतिको नियम रहेछ । संसारको नियती यस्तै छ । चाहिने आउँदैन रहेछ, नचाहिने चिज आइरहन्छ । नआओस् भनेर धारे हात लगाउँदा पनि त्यो आइरहन्छ । मृत्यु नआओस् भन्छौं तर आइहाल्छ । सुख र शान्तिको कामना गर्छौं तर त्यो कहिले आएको छ र ? मेरा तरकारीका बोट जस्तै । तिनले आउन चाहेर पनि आउन पाउँदैनन् । आउन दिइँदैन । त्यहाँ अनेकौं प्रकारका झारहरू छन् । झारले जेलिएका फेहरिस्तहरू छन् यत्रतत्र । झारले खाइदिएका परिवेश छन् यत्रतत्र । हेर ें, ती मुस्कुराइरहेका विकासे झारहरू मेरा तरकारी र फलफूल नष्ट गरेर उत्सव मनाइरहेको थिए । हेरें, झारको विम्बमा देशका सपनाहरू ।

मैले त जतातत‍ै झारहरू देख्न थालें । झारको साम्राज्य देख्न थालें अनि देखें, जीवनका झारहरू । सकारात्मक सोचका छालहरूमा एकाबिहानै नकारात्मकताका झारहरू गोडमेल गर्न भनेर एकथरी मान्छेहरू ज्यान दिएर लागिपरेका हुन्छन् । ती झारले सङ्ला मनहरूलाई ढाकिदिन्छन् र कलुषित गरिदिन्छन् । मीठा सपनाहरूलाई फाँडिदिने झारहरू बग्रेल्ती छन् । जीवनको बाटोलाई ढाट तेर्स्याउने झारहरू कहिले राजनीतिको, कहिले भौतिक आर्जनको त कहिले अज्ञानताको झार भएर उपस्थित हुन्छन् । ती कुरूप झार उखेल्दा उखेल्दै जीवनका सुन्दर पलहरू नष्ट गर्नुपर्ने बाध्यताबाट मूक्त हुन गाह्रो रहेछ । आज यही बोध भएको छ ।

मैले ती झारमा मनका झारहरू देखें । मान्छे भगवान्को नाम होइन, रक्सीका ब्रान्डका नाम घोकिराखेको हुन्छ । होटलको सेवा र 'सुविधा' घोकिरहेको हुन्छ । आफूलाई एक दिन मर्छु भन्नेसम्मको हेक्का रहन नदिने झार बोकेर हिँडेको हुन्छ मान्छे । आफू सधैं अमर रहने र यो भौतिक ऐश आराम अनन्त कालसम्म प्राप्त हुने भ्रमको झार अँगालोभरि बोकेर हिँड्छ मान्छे । पैसा, सत्ता र शक्तिबाहेक यो संसार फिका देख्ने हरियो झारले साम्राज्य खडा गरेको बेला मेरो

बारीको झारले पाखुरा नसुर्किनु किन ?

देखिरहेको छु आज म समाजका झारहरू । ती सत्य, न्याय, सहिष्णुता र भाइचारालाई दागबत्ती दिएर अहंमा राज गरिरहेका छन् । तिनको मानवीय संवेगात्मकता ध्वस्त पार्ने निर्दयताको, अत्याचारको, अनैतिकताको, भ्रष्टाचारको, शोषणको झार बेलुका प्रत्येक होटलमा उत्सव मनाइरहेको हुन्छ । सिर्फ त्यही झार कालीदह भएर आएको यो देशमा अरू के हुन सक्छ र ? राष्ट्र र जनताको नाममा देशलाई डिभी पार्न उद्दत्त जमातरूपी झार देखें त्यहाँ । जनता सार्वभौम छन् भनेर खोक्ने नेताहरू 'दिल्ली उवाच'को लोकप्रिय झार बेरेर नेपाल आउँछन् । नेता सार्वभौम नभएको मुलुकका जनता चाहिँ कसरी सार्वभौम हुन्छन् ?

ढाड दुःखेर बेला बेलमा उभिएँ । हेरें वरिपरि र देखें देशका झारहरू । ती झारहरू लहलह थिए, ढकरम्म थिए, पटेर थिए । पैंसठी वर्ष सिर्फ प्रजातन्त्र र संविधान भनेर सिध्याए । पहिचान र संविधानसभा भनेर सिध्याए । सामन्तवाद र नोकरशाह भनेर सिध्याए । दलाल र फासिस्ट भनेर सिध्याए । भारतीय विस्तारवाद भनेर सिध्याए । ती झाररूपी पदावलीले देश अघि बढन कुनै पनि हालतमा दिएन । भुटान केही वर्ष अघिसम्म नेपालभन्दा धेरै गरीब मुलुक थियो । आज सार्कमै विशिष्ट मुलुक बन्दै छ । अरब मुलुकहरू विश्वकै धनी मुलुक बने । तिनले न कहिले प्रजातन्त्रको लागि भनेर जनता भडकाए, न पहिचान भनेर सडकमा टायर बाले, न त तिनले पिठ्युँमा भ्रमको एक त्यान्द्रो झार नै बोके ।

मैले फेरि हेरें र देखें सभ्यताका झारहरू । सबै झारहरू सिर्फ खान्छन् अरूलाई र आँफू पोसिन्छन् । मौलाउँछन् । आफन्तहरूलाई प्रयोग गर्छन् अनि महान् बन्छन् तर मैले त्यो झारलाई बिहानभरि लगाएर सबै उखेलिदिएँ । त्यसको हँसिलो मुहारलाई मर्काइदिएर उखेलें । उसले मेरा नारीलाई चुनौती दिन सकेन । नाङ्गै बनाएँ भूइँ र मुस्कराएँ तर अहिले सम्झिन्छु, मैले मेरा अन्तस्करणका झारहरू उखेलें त ? मेरा झारहरूले पनि मलाई गाँजेका छन् तर मलाई पत्तै छैन । प्रयास गरेर पनि ती झारहरूलाई उखेल्न सकिरहेको छैन । समाजका झारहरू पलाइरहेकै छन्, बढिरहेका छन् तर तिनलाई कसैले उखेल्ने अग्रसरता देखाएकै छैनन् । मर्ने मरिहरेका छन्, हाँस्ने हाँसिरहेका छन् । लुट्ने लुटिरहेका छन् । विमुख हुनेहरू पर किनारामा उभिएर नीरसताको गीत गाइरहेका छन् । कसले सुन्छ तिनका गीत ? मुलुकका झारहरू झनै लहलह बन्दै गएका छन् । उखेल्ने हातहरूको आजसम्म निर्माण भएको देखिएको छैन ।

--

के तपाईंले हाम्रा प्रकाशनका शब्दकोशहरू पढ्नुभएको छ ?

# सभ्यताको सकस



बाबुराम न्यौपाने "उत्स"

टाढा दूरक्षितिजमा सदियौं सदियौंदेखि म एउटा प्रकाशको ज्योतिर्मय विन्दु देखिरहेको छु । त्यो प्रकाशको विन्दु स्पर्श गर्न मेरा कयौं युगहरू बर्सेनी लुगा फाटे जसरी धुजाधुजा भएर फाटिरहेका छन् ।

क्षितिजको अर्को विन्दुमा छ भीमकाय अन्धकार गुफा । गुफाको डरलाग्दो कालो अन्धकार मलाई सिङ्गै निल्न चाहन्छ । सधैं सधैंका लागि मेरो अस्तित्त्व मेट्न चाहन्छ । उज्यालो र अँध्यारोका बीचमा विध्वंसात्मक भयङ्कर युद्धहरू भएका छन् । युगको बलेसीमा कैयौं पटक रगतको नदी बगेको छ, बग्ने क्रम जारी छ ।

कति उष्ण गर्मी र ठिहिऱ्याउने हिउँदहरूको प्रकोप सहेर 'म' गन्तव्यसम्म पुग्न यात्रा गरिरहेको छु । मेरा पछाडि लम्बेतान मानिसहरू कोलाहल मच्चाएर मलाई पछ्याउँदै छन् अथवा लखेट्दै छन् । यी मानिसहरू मेरा शत्रु हुन् वा मित्र ठम्याउन सजिलो छैन ।

टालाटुली बटुलेर म युग सुहाउँदो लुगा सिलाउँछु अर्कोले च्यातिदिन्छ । उसले सिलाउँछ म च्यातिदिन्छु । वस्त्र पहिरिएका हामी नाङ्गा मानिसहरूको यात्रा आफैले अवरुद्ध गर्छौं, एकले अर्काको खुट्टा तान्छौं । कुरीकुरी भन्छौं । अरूलाई पछार्न र नाङ्गेझार पार्न पाउँदा हामी उत्पातसँग रमाउँछौं ।

वेद, उपनिषद् , जिवेस्ता, त्रिपिटक, बाइबल, कुरान युगको करेसामा आआफ्ना घडेरी जोहो गर्दैछन् । सानासाना टुक्रामा पृथ्वीको कित्ताकाट हुँदै छ । साँध सिमानामा किचलो बढेको छ । धर्म र राजनीति आआफ्नो वर्चस्व स्थापित गर्न शीतयुद्ध गरिरहेकै छन् । राजनीति र धर्मको बीचमा एक किसिमको छद्मयुद्ध जारी छ ।

खिया लाग्दै गएको साम्यवाद र बूढो हुँदै गएको पुँजीवादको मिलनबाट समाजवादको मझेरीमा जन्मने वर्णसङ्कर सन्तानको खोजमा छ मेरो युग । कस्तो सन्तान जन्मला शिशुको अनुहार हेर्न अधीर छ मेरो जिज्ञासु मन ।

मानिस समयको महानदी माथि निर्माण र पतनको डुङ्गामा बसेर युगौदेखि

यात्रा गरिरहेको छ । रहस्यमय यो अद्भुत विश्वब्रह्माण्ड मानिसको ज्ञान, बुद्धि, विवेक र चेतनालाई चुनौती दिइरहेको छ । नैतिकपतन मानवसभ्यता अन्तत आत्मघाती द्वन्द्व र घोर निराशाको दलदलमा जाकिन्छ ।

हुन त मानिस आफै एक महान् रहस्य हो । चराचर जगत्मा मानिसको अस्तित्त्व र उपस्थितिको के कुनै गुढ अर्थ छ ? कि जन्मनु र मर्नुमात्र जीवनको क्षुद्र औचित्य हो । मानिस किन जन्मन्छ र किन मर्छ ?

'मर्नैका लागि मात्र त किन जन्मनु ?'

जन्मनु र मर्नु सृष्टिको चमत्कार हो तर मानव जाति दम्भ र अहङ्कारको छाता ओढेर धरतीको कित्ताकाट किन गरिरहेको छ ? एकअर्काको अस्तित्त्व माथि किन धावा बोलिरहेको छ ? धर्म, जात, सम्प्रदाय, नश्लभेदको धारिलो तरबार चलाएर रगतको होली खेलिरहेको छ । आफ्नै हातले आफ्नै गर्दन रेटिरहेको छ ।

मैले खोजेको मेरो र मेरो देशको भविष्य सुनको सिंहासन मुनि अलपत्र  छ । क्रान्ति मैसँग किन फेरि सुशासन र समृद्धिको भीख मागिरहेको छ ? गरीबका आँसु मतपत्रको धुलो पखाल्न प्रयोग भएको युगमा बाँचेको म मान्छे, कुन समृद्धशाली महान् सभ्यताको वकालत गरौं ।

दुई दुईवटा विध्वंसात्मक विश्वयुद्ध थेगेको धरती आज परमाणु विश्वयुद्धको विगुल बजाइरहेको छ । युद्धका कहाली लाग्दो साइरनहरूले अकाल मृत्युको कोलाहल बाँडिरहेका छन् । वरदान बनेको विज्ञान अभिशाप बनेर मृत्युको खेल खेलिरहेको छ । युगको नेपथ्यमा मानवरहित पृथ्वीको चिन्तन गर्ने नरपशु कोही जन्मला कि ? सभ्यता  मनोत्रासमा छ ।

म बाँचेको युग बारुदको राश माथि उभिएको छ । सहज प्राकृतिक मृत्यु मेरो भाग्यमा छ कि छैन ? मलाई थाहा छैन । मलाई यतिमात्र थाहा छ,ज्योतिषीका भविष्यवाणीहरू सबै सबै फेल खाने छन् ।

युक्रेनको सङ्लो हिप्रोनदीमा पानीको बदला आलो रगत बगिरहेको लाचार बनेर हेरिरहेको छु । उता गाजामा मानिसका आँसु र चित्कारहरू लावारिस बनेका छन् । जल, थल, आकाश जताततै विस्फोटक बारुदी धराप थापिएको छ ।

दयालु पृथ्वी मानवनिर्मित ज्वालामुखीमा परिणत भएको छ । करुणा र मानव संवेदनशीलता मूर्छा पर्दै गरेको युग हो यो । पर टाढा दूरक्षितिजमा अनन्तकालदेखि चम्किरहेको प्रकाशको तेजिलो ज्योतिपुञ्जलाई म कसरी चुमुला हँ ? म जिन्दावाद भन्छु, ऊ मुर्दावाद भन्छ । म मुर्दावाद भन्छु, ऊ जिन्दावाद भन्छ ।

भोजपुर, बोखिम, हाल : दमक, झापा

–_–

# शरद् र स्मृतिहरू



बी.पी. सेढाई

गर्मी पनि गृष्मको राम्रै, बर्खाको कुहिरो पनि मान हेमन्तको हुस्सु राम्रै शिशिर त्यो पनि । ऋतुराज वसन्त र दोस्रो वसन्तका रूपमा चिनिने शरद् ऋतु सबैलाई मन पर्ने समय, मौसम र वातावरण हो । यी दुई ऋतुले कवि, सर्जकलाई मात्र होइन जोकोही मनुष्य तथा जीवजन्तुलाई विमोहित पारेका हुन्छन् । के यी ऋतु मात्र ऋतु हुन् त पाठक वृन्द ? पक्कै होइन ! यो ब्रह्माण्डमा जे जे छन् ती आ-आफ्नै ठाउँमा महत्त्वपूर्ण छन् । सधैं वसन्त र सधैं शरद् मात्र रहिरहन्नन् । गृष्म, वर्षा, हेमन्त र शिशिरविना दुई अयनको अयनचक्र र छ ऋतुको ऋतुचक्र पूरा हुँदैन यसर्थ यस ब्रह्माण्डीय सृष्टिमा जो जे गुणले युक्त छ त्यो त्यही गुणका लागि महत्त्वपूर्ण हुन्छन् । समयक्रम र परिवेशअनुसार चल्नु नै गतिशीलता हो ।

मेरो बालापनलाई मैले प्रकृतिसँग साक्षत्कार गराएर बिताउँथें । शरद्कालमा फुलेका चिउरीका रूख चढी त्यसैका पात चुँडेर फूलका झोपामा झ्यापझ्याप पारी रस खान्थें । स्कुलबाट फर्केर घर जाँदा भोक लाग्दा बाटोको छेउछाउका खोरिया बारीतिर गई बेलौती टिपेर खान्थें । साथीहरू पनि त्यसै गर्थे । मैले पनि उनैको सिको गरेको थिएँ । यो चोरी हुँदैनथ्यो । गाउँघरको जीवनशैली यस्तै थियो । कानुन र पैसामा मात्र बाँच्दैनथे मान्छे त्यति वेला । सागपात, तिहुनताहुन र फलफूल बेच्ने कुरा नभई बाँडेर खाने महानता थियो त्यति वेलाको गाउँघरमा । आजभोलि झैं टिफिनबक्स लग्ने सुविधा र चलन दुवै थिएन र भोक टार्ने माध्यम शरद्को फल अम्बा पनि बन्दथे ।

विद्यार्थी हुँदा मैले शरद्को बारेमा एउटा- अटम इज अ सेकेन्ड स्प्रिङ, ह्वेन एभ्रि लिफ इज अ फ्लावर भन्ने भनाइ पढेको थिएँ । यसमा भने झैं यही शरद् ऋतु (असोज कार्तिक) मा वसन्तमा पलाएका पालुवाहरू विकसित हुने र बर्खामा उम्रिई शरद्मा फुल्ने फूल तथा अन्य ठूला रूखहरू फुलेर वनै बसाएको पनि देखेको र वासना सुँघेको थिएँ । तिनताका कतै कतै मल्लिँडो फुलेको देखिन्थ्यो र वासना पनि आइरहेको हुन्थ्यो । म कहिलेकाहीँ सोह्रश्राद्धमा मावल जान्थें । श्राद्धमा पूजा गर्न मामाले दुबोपाती टिपी फूलका रूपमा गोलैंचीको फूल

पनि टिप्नुहुन्थ्यो । घरमा हजुरबुबाले श्राद्ध गर्दा पनि मैले गोलैंचीको फूल टिपेर ल्याउँथें । मलाई त्यस फूललाई ढुङ्ग्री बनाएर खेलाउन सिकाइएको थियो ।

गृष्म र वर्षाको मेघमाला र हिलो हराएर उदाउने शरद् मधुर मिठास र सुन्दर दृश्यलाई काख हालेर बसेको हुन्छ । शरद् आर्जन र समृद्धिको ऋतु हो । यसको गर्भमा शारदीय सुवास हुर्किरहेको हुन्छ तसर्थ शरद् सुवास, सौन्दर्य, समृद्धि र उत्साहको जननी हो । मेघगर्जनको हुङ्कार सेलाई सरिताहरूमा उग्रचण्डीको रूप धारण गरेका धमिला बाढीहरू पनि सङ्लिँदै गई बदली आकाश खुल्दै जान थालेका हुन्छन् । नीलो आकाशमा शारदीय सूर्यको कान्तिले हरिया पहाडमा घमाइलो चहक र सेताम्य हिमालमा हिरकीय टलक टल्काइरहेको हुन्छ ।

शरद्, वर्षा ऋतुको समाप्तको सूचक मात्र होइन थुप्रै सांस्कृतिक पर्वहरू सन्निहित हुने ऋतु पनि हो । विश्वकर्मा पूजादेखि सोह्रश्राद्ध हुँदै नवदुर्गा र विजया दशमी अनि कोजाग्रत पूर्णिमा, यमपञ्चक तथा हरिबोधिनी एकादशीजस्ता धार्मिक सांस्कृतिक चाडपर्वहरू बोक्ने शरद् ऋतु वर्षा र हिउँदको सन्धि समय हो । बर्खाको हिलो, भल र बाढीको अत्यासले गुम्सिएका मानव तथा जीवजन्तु र वनस्पतिले शीतकालमा प्रवेश गरी उघ्रिएको आकाशमुनि रम्ने समय हो शरद् ।

वरदले शरद्लाई सकेसम्म राम्रै वरदान दिएका छन् । वसन्तमा पलाएका पल्लवी, फूल र फलेका कतिपय फलहरू शरद्मा आइपुग्दा फक्रेका, फुलेका र पाकेका हुन्छन् । वसन्तमा पलाएका पालुवाहरू प्रायः शिशिरमा झर्ने हुनाले वसन्तको परिपक्व रूप शरद् हो । शरद्को समाप्तिपछि हेमन्तमा हिउँदे वातावरण सुरु हुन्छ । साधारणतया हेमन्त र शिशिरको समयलाई हिउँद भनेर चिन्दछौं । हिउँदको चिसो ठिही र शीतलहरको कुरूपता तथा पतझड समयको उदाङ्गताले मानवहरूमा निरसता, खिन्नता र पात झरेका रूख झैं मन पनि उजाड उजाड बन्ने खालको वातावरण हुन्छ ।

शरद् वसन्तको दोस्रो रूप हो । यस समयमा पनि प्रकृतिमा रोमाञ्चकता सिर्जना हुन्छ । कतिपय फूल फुल्ने, मधुमखखी तथा भ्रमरहरू भुनभुनाउँदै पुष्पपराग उडाउँदै , पुष्पवाटिका चाहार्दै पुष्परसको रसास्वादन गरेका हुन्छन् । मौरी, भिरमौरी तथा कठ्यौरीहरूले शरद्मा निक्कै मह बनाउँदछन् । कठ्यौरीको कार्तिके रस औषधी सरह हुन्छ भनिन्छ । बारीभरि पहेँलै फुलेका तोरीका फूलहरूले गाउँबस्ती तथा फाँटहरू प्रमदासरि देखिन्छन् । कतिपय पशुपक्षीहरूले शरद् ऋतुमा सहवास र संभोग गरी सृष्टिक्रमलाई सुचारु गराउने समय पनि हो शरद् । प्रेमप्रणयका हिसाबले पनि शरद् ऋतु वसन्त जस्तै रोमाञ्चक र उर्वर याम हो ।

असोज लागेपछि नीलो आकाशमा आकासिँदै उत्तरबाट दक्षिणतिर माल बाँधेर मालचरीहरू (कर्‍याङकुरुङ ) कारकुर कारकुर गरी कराउँदै उडेको र कुनै

कुनै ठाउँमा आफै तितरबितर भई चिच्याउँदै कराएर छितरिँदै पुनः माल बाँधेर गन्तव्यतिर गएको देख्दा निक्कै रमाइलो लाग्दथ्यो । यो दृश्य विशेष गरी मेरा बालापनमा झिमरूक फाँटमा खराई लगाएको धान रुङ्न बसेका बेला खुब हेर्दथेँ । मालचरी किन सरासर नउडेर माल तोडी छरिएर त्यहीँ फनफनिएर कराउँछन् भनी जिज्ञासा राख्दा मलाई मेरा अग्रजहरूले ठूला ठूला कोट तथा देवस्थलको शक्तिलाई बेवास्ता गरी जान लागेकाले देवताको शक्तिले गर्दा माल-चरीहरूलाई धक्का लागेको बताइदिनुहुन्थ्यो । भौतिकवादी भएर सोच्दा यस कुराको विश्वास कायम हुन्छ हुँदैन त्यो पाठकहरूले जान्नुहोला । मलाई मेरा अभिभावकले सुनाएको कुरा यही थियो ।

शरद्मा शारदीय घाम बिस्तारै मधुर हुन थाल्छ भने खुलेको आकाशबाट हुने शीतपातले तृणहरूमा प्रभातमा हेर्दा मोतीका दाना तयार पारेको हुन्छ । बिस्तारै लम्बिँदै गएको रात्रिले निकालेको उषापछिको सूर्यले मधुर सूर्यकिरणहरू दिन्छ । जुन प्रकाश तापेर मनुष्य तथा प्राणीहरू जिउँछन् र रमाउँछन् । वसन्त जन्म हो भने शरद् विकासक्रमको पूर्णताको समय हो । वसन्तमा पलाएका पल्लवीहरू शिशिरमा झर्दछन् । झारपात र बुट्यानहरूको जीवनचर्या मौसमी भए पनि रूखवृक्ष तथा कतिपय प्राणीहरूमा छ ओटै ऋतुचक्रकै जीवनचर्या हुन्छ ।

शरद्ले वसन्तको प्रतीक्षा गर्दछ । हेमन्तमा पूर्णता पाउने वनस्पति शिशिरमा उजाडिन्छन् र हरियो, भरिलो र नवपल्लवीमा सजिने तरखरमा वसन्तलाई पर्खिरहेका हुन्छन् । ऋतुराज वसन्तपछिको अयन र शरद् र शरद्पछिको अयन वसन्तमा पूरा हुन्छन् । यी अयनहरूमा प्रकृतिप्रेमी र सौन्दर्यप्रेमी नयनहरूले यस धराधाममा प्राकृतिक सौन्दर्य देख्न पाउँछन् । नासिकाले सुगन्धित घ्राणको आस्वादन गर्न पाउँछन् भने आकाशमा शुक्लपक्षका चन्द्रमा पनि सुप्रदीप्त लाग्दछन् ।

शरद् याममा बारीमा तोरी फुलेको सौन्दर्य , चिउरीको फूल र त्यसको मधुर रसलगायत अन्य विभिन्न फूलहरू फुलेका हुन्छन् । चिउरीको फूलमा मौरी र अन्य भमराको भुनभुनले सङ्गीतमय वातावरण तयार पारेका हुन्छन् । मानव जीवन प्रकृतिको सापेक्षमा चल्दछ । जस्तो जस्तो प्राकृतिक परिवर्तन आउँछ त्यस्तै त्यस्तै जीवनशैली हुन्छ । बर्खा याममा छोटा र हल्का कपडा लगाई गोडामा चप्पल लगाउने र हातमा छाता बोक्ने जीवनशैली हुन्छ । गृष्म र बर्खामा चर्को घाम र पानी झरीले गर्दा घर तथा ओतभित्र बस्ने गरिन्छ भने शरद्कालमा बिहानी सूर्यका मधुर कान्तिमा बसेर घाम ताप्ने गर्दछन् । शारदीय बिहानी न्यानो किरणमा गृष्म र बर्खाको श्रान्त र क्लान्त तनलाई रविकिरणको ऊर्जाबाट स्फूर्त पार्ने काम गरिन्छ । बर्खाको मेघमालाले आच्छादित आकाशले शशीकान्तिलाई लुकाइरहेको हुन्छ । दशैं आयो, खाउँला पिउँलाको भाव जनजनमा उद्वेलित भएको पाइन्छ ।

शरद्को आधार वसन्त र वसन्तको आधार शिशिर हुन्। प्राकृतिक विविधताले भरिपूर्ण हाम्रो देशमा ६ ओटा ऋतुहरू मानिन्छ। हाम्रो देशमा मात्र होइन पूर्वीय दर्शनको आर्याव्रत क्षेत्रमा छ ओटा ऋतुहरू नै मानिन्छन्। पश्चिमी सभ्यताका मुलुकहरूमा भने चार ऋतुहरू मात्र मान्दछन्। वसन्त, गृष्म, शरद् र हिउँद गरी चार ऋतुको वर्णन गरेका हुन्छन्। वसन्त र शरद् ऋतुलाई अरू ऋतुको तुलनामा मानव तथा पशुप्रणीहरूले राम्रो मान्दै आएका छन् जसको कारण ती ऋतुहरूको सकारत्मक गुण तथा विशेषताहरू नै हुन्। वसन्त र शरद् दुवै ऋतुमा धर्तीमाता हराभरा हुन्छिन्। शरद्मा पनि थुप्रै फूलहरू फुल्छन्। मखमली, गुर्थौली, सयपत्री, हजारी र थुँगे फूलहरू झपक्क फुलेर वातावरणै रमणीय पारेका हुन्छन्। यिनै फूलका माला उनी तिहारमा दिदीबहिनीले दाजुभाइलाई गलाभरि माला लगाइदिन्छन्। न धेरै गर्मी, न धेरै ठण्डी मौसम हुने शरद्मा मानव तथा अन्य जीवजन्तुमा प्रणय र समागम हुन्छ। बाली भित्र्याउने र नयाँ बाली लगाउने समय भएकाले शरद् सिर्जनात्मक मौसमको समय हो।

सांस्कृतिक रूपले हेर्दा शरद् ऋतुमै नेपालको सांस्कृतिक महान् चाड बडा दशैं, तिहार (यमपञ्चक), छठ जस्ता राष्ट्रिय एकताको द्योतक राष्ट्रिय पर्वहरू पर्दछन्। साउन भदौ बर्खामा फलेका काँक्राको भुर्कामा चाँपेको अचार अनि दूधेकर्कलो र काँक्रो मिसाएर चाँपेको अचारसित सेल रोटी खाँदै दशैंको नवदुर्गा लागेको बेला केटाहरूसित लागी धान काटेर खाली भएको फाँटमा बसेर चङ्गा उडाएको सम्भिँदा मेरो मन अझै रमाउँछ। बालापनको याद न हो। यसै गरी निधारभरि टीका र शिरमा जमरा लगाई गाउँभरिका आफन्तका घरघर पुगी ढिकीमा कुटेका मोटामोटा चिउरामा, गिठीका ठेकीमा जमाएको ढिका परेको दही खन्याएर मालभोग केरा मुछेर झ्यापझ्याप खाँदै रमाउँदै हिँडेको सम्झना प्रौढावस्थामा पनि अझै ताजै रहेको छ। तिहारमा गाउँघरमा भैलो खेल्दाका र माइला क्षणहरू मान्छे शहर पसे पनि भुलेका छैनन् होला। यसरी हेर्दा शरद् ऋतु केवल ऋतु मात्र नभई नेपाली संस्कृतिको मुख्य धरातल पनि हो।

-_-

एक अङ्कमा एक विधाको रचना मात्र प्रकाशित हुने हुनाले 'वैजयन्ती साहित्यिक पत्रिका' नामक फेसबुकमा मागिएको विधाको रचना मात्र समय सीमाभित्र shabdarthaprakashan@gmail.com मा पठाउन सक्नुहुनेछ।

# कुर्सी



मेघनाथ 'बन्धु'

सामान्यतया चार खुट्टा भएको मानिसलाई आराम दिने वस्तुलाई कुर्सीको संज्ञा दिइन्छ । पाठकज्यू, फेरि चारखुट्टे वस्तु भनेर जनावरलाई नबुझ्नु हेला । यो त मानिसलाई आराम दिने चिज हो, जो सामान्य मानिसका घरदेखि टोल विकासका साना कार्यालय, विद्यालय हुँदै मन्त्रालयका विशाल भवनमा कर्मचारी, हाकिम, मन्त्रीहरूलाई आराम दिने वस्तु भनेर बुझ्नुपर्छ ।

आराम दिने भए पनि मलाई यसप्रति जहिल्यै वितृष्णा जागिरह्यो किनकि म करिब दश वर्षको थिएँ हुँला त्यो कुर्सीबाट एक झापडले- 'ठूला मान्छे बस्ने कुर्सीमा किन बसिस्' भन्दै म भुइँमा पछारिन पुगेको थिएँ । त्यसबेला मलाई तोरीको फूल देखिस् भने तर मैले तोरीको मात्र हैन उन्युको समेत देखेको थिएँ । हो, त्यसैबेलादेखि मलाई लाग्यो- 'यो कुर्सी ठूलालाई मात्र रहेछ ।' म कहिल्यै ठूलो हुँ जस्तो भइनँ, लागेन र भइनँ पनि, मोह आएन पनि । अहिले पनि सानै छु नि, पुग नपुग पाँच फिट ।

अरू कुर्सीमा बस्न कत्रो मरिहत्ते गर्छन् मलाई भने काउछो दलेको जस्तो लागिरहने । प्रायः धेरै मान्छेहरू खोज्छन् कुर्सी, बस्छन् पाखुरा सुर्की, गर्छन् फूर्ति । त्यो फूर्ति भने कुर्सी नपाउन्जेल मात्र हुँदो रहेछ, पाएपछि कता निस्कनु नि ! बरु त्यहाँ बसेर दिउँसै केही घण्टामा नै संसार घुम्दा रहेछन्- घ्वारघ्वार गरेर बाघ जस्तो गर्जँदै अनि कुर्सीबाट निस्कन पनि यति गाह्रो लिसो नै पो टाँसिएको जस्तो । जुनमा लिसो हुँदैन नि ! त्यसमा त जनताका कामले आनन्द पो दिने रहेछ ।

यो कुर्सी पनि अचम्मकै जात हुने रहेछ । गाउँका सामान्य टोल विकासका अध्यक्ष बस्नेदेखि लिएर राष्ट्रिय झोल विकासका अध्यक्षसम्म बस्ने कुर्सी । कतै कतै अपवादको रूपमा पनि कुर्सीको बसाइ कार्यालय नभएको ठाउँ (घर) मा हुन्छ है मित्रहरू ।

कुर्सी सामान्य रूपमा रु चार पाँच सयदेखि माथि चालीस पचास हजार सम्मका हुन्छन् भन्ने सुनेको छु । मैले यस्ता देखेको र किनेको पनि छैन । जे होस् जति पो परोस् आखिर बस्ने न हो ? स्यालको छालामा बाघको रजाइँ गर्नेहरूका

लागि बस्नेमात्र होइन सुत्ने पनि रहेछ । धत्तेरी ! कस्तो हो बस्ने बित्तिकै नुनु आइहाल्ने आरामदायी ।

कुर्सीका जात पनि काठ, बाँस, बेत, फलाम, स्टिल केकेबाट कसरी बनेका र बुनेका हुन्छन् । कुनै मन लोभ्याउने कुनै धन दोब्ब्याउने । कुनै अति आवश्यकताका लागि किनिने कुनै विलासिताका लागि । कुनै धेरै टिकाउ, कुनै एक महिना नै नपुगी आर्यघाट लग्नुपर्ने ।

ती कुर्सीका भोगीहरू, सत्ताका रोगीहरू अनि पारितिरका निर्देशनमा चल्ने जोगी र ढोगीहरू नै बढी कुसीमा लेपास्सिएका हुन्छन् । हामीलाई दिन्छन् नारा, कतै छर्छन् चारा, ती बजेट मारा, कामका थारा । के भनौं अहोरात्र कुर्सीकै ध्यानमा हुने रहेछन् । कतिका श्रीमती दिक्क होलान्, घरमा श्रीमान् सुत्दा पनि कुर्सी मिलाई दिनू श्रीमान् भनेर बर्बराएर हैरान पारेका । कुनैका श्रीमतीले चाहिँ- 'त्यो कुर्सीमा कहिले बस्ने हजुर ? हजुर त्यो कुर्सीमा बसेपछि बहिनी, भाइ र भदा पनि काममा लगाउन पाइन्थ्यो । हजुर यादै गरिसिन्न ।' श्रीमान्ले भन्लान्- 'चाहिँदैन कसैको कुर्सीसुर्सी, त्यो ठाँडो । जनताको काम गर्न आएको हुँ, कुर्सीमा बसेर बजेट लुट्नु छैन मलाई । कसैका नातेदार हुल्ने मात्र हुन् कुर्सी ?' अनि हेर्नोस् त त्यो कसैलाई मुटु झैं प्यारो लाग्ने कुर्सी, कसैलाई ठाँडो हुने ।

यसो संसद् भवनका कुर्सी विचार गरें । कहिले ती भाग्यमानी बन्छन्, कहिले अभागी । भाग्यमानी यस अर्थका कि ती कुर्सीमा बसेर जनताका आवश्यकता पूरा गर्छन्, देशको ढुकुटी भनेको जनताको खुन बगाएर जम्मा गरेको कर हो भन्दै बोल्छन् र त्यही व्यवहार पनि गर्छन् । अभागी यस अर्थमा कि कुर्सीमा बसेर आफ्नो सुविधाका कुरामात्र ओकल्ने, भ्रष्टाचार कहाँबाट कसरी गरौं ? अर्थात् उखानमा भनिन्छ नि 'उल्फाको धन फुपूको श्राद्ध' अनि अलिकति चित्त बुझेन कि कुर्सी तोडफोड, कच्याककुचुक हुने । के यो व्यक्तिगत कि शत्रुको धन ? के मानेर यसरी रिस पोखिन्छ निर्जीव कुर्सीमाथि ?

कति बतासे वेग लिएर पशुपति पुग्छन्, आशुतोषलाई पुज्छन् कुर्सी पाऊँ भनेर । कति सिल्ली त दिल्ली कि कता पनि पुग्छन् रे कुर्सीका लागि । कुर्सीमा बस्न पुग्छन् र ढसमस्स बस्छन् । कति युवा देशमा काम दिँदैनौ भने विदेश जान्छौं भन्दा गोली ठोक्छन् । तिनै चुनावका बेला कुर्सीमा बस्ने दाउले जनताका पाउ मोल्छन् र चर्का नारा घोक्छन् । विपक्षीका आन्द्राभुँडी खोल्छन् तर राष्ट्रका हितमा केही बोल्छन् ?

नेतालाई मात्र होइन कुर्सी प्यारो लाग्ने कर्मचारीलाई पनि कतिपय अवस्थामा ज्यादै प्यारो लाग्ने हुँदो रहेछ । कुर्सीमा बसेका कर्मचारी यसो विचार गरें कि, रातीजस्तो गरी टेबलमा टाउको अड्याएर कुम्भकर्ण बनेका । होइन यो

के देखियो धेरै कोठाहरूमा यस्तै दृश्य फेला पऱ्यो त। अब म हारेँ। मलाई मात्र किन यो कुर्सी मोह नभएको ? ए, ए, मैले सानामा बसेर पालो पुऱ्याएको हुँला। त्यही सरले उनिउँको फूल देखाएको दिन।

हुन त यी कुर्सी धेरै नै शक्तिशाली हुन्छन् र हुँदा रहेछन् भन्नुपऱ्यो। किनभने यसो मन लगाएर तपस्यामा एकदिन व्रत लिएरै बसेँ। किन मान्छे (नेता) हरूमा कुर्सी मोह यति साह्रो हुँदो रहेछ ? यसका विशेषता के रहेछन् भनेर खुबै ध्यानदृष्टि लगाएर हेर्दा यस्तो थाहा पाएँ।

- साना कुर्सीमा बस्दा सानातिना ग्राभेल बाटाहरूदेखि पिचसम्म पनि खान पाइने।

- पालिकादेखि जिल्ला पनि एकलौटी रजाइँ गर्न पाइने।

- माथि पुगेर ठूलो कुर्सीमा ढसमस्स बसेपछि त वाइड बडी बोइङ, बालुवाटार, सुनका डल्ला, बाल मन्दिर, टी गार्डेन, सडक, पुल, कलकारखाना, स्वास्थ्य प्रतिष्ठान, नदी, ललिता निवास आदि धेरै धेरै खान पाइने।

- उस्तै परे मान्छे (शरणार्थी) पनि बेच्न पाइने।

- टेन्डर आफूले इच्छा लागेकालाई सदर गराएर कमिसन खान पाइने।

- ठूला ठूला निकाय र विभागमा आफ्ना मान्छेलाई सहजै घुसाउन पाइने खै, अझै के के हो ?

यसरी कुर्सीको महानता हुने रहेछ र पो कुर्सीको वरिपरि घुम्न चाहँदा रहेछन्। कुर्सी बलिया हुनुपऱ्यो किनकि तानातान र नातागोता हुल्लुपर्छ। कतै पारिबाट निर्देश हुँदा विपक्षीले जबर्जस्ती तान्न पनि सक्छन् त्यो बेला त निक्कै बलियो हुनुपऱ्यो नि है ? कतै कुर्सीको खुट्टा भाँचिएर अपाङ्ग भए सबैलाई गाह्रो हुनेछ।

दमक १, झापा।

-_-

**शब्दार्थ प्रकाशनको वेबसाइटमा वैजयन्तीका सबै अङ्क, हाम्रा सबै गतिविधि, शब्दकोशहरूको सफ्टवेयर र कार्यक्रमका तस्वीर, फिलिम तपाईंका लागि उपलब्धिपूर्ण हुन सक्छन् है !**

mail : shabdarthaprakashan@gmail.com
web : www.shabdarthaprakashan.com/
www.nepalipublisher.com

# यो घर कसको ?



रमेश समर्थन

कौवाको आयु कति हुन्छ भन्ने त मलाई थाहा छैन तर दुईतीन वर्षदेखि निरन्तर देखिने गरेको त्यो एकखुट्टे कौवा केही दिनदेखि नदेखिँदा मलाई कोही आफन्त वा परिचित व्यक्ति नै हराएको जस्तो लागिरहेको थियो । मरिसक्यो वा जीवितै छ भन्ने चिन्ता लागेको थियो । आज अचानक देखा पर्‍यो । मनले राहत महसुस गर्‍यो । धन्न मरेको रहेनछ ।

कसैप्रतिको राग अनुराग आफै बढ्दो रहेछ चाहे त्यो परिचितको होस् वा नहोस्, अथवा मानिसै होस् वा नहोस् । अनुरागले नै माया पनि उमार्दो रहेछ । म कौवालाई मन पराउन्नँ तर ती नआउँदा नियास्रो भने लागिरहन्छ, अथवा यसो भनूँ, लागिरहँदो रहेछ । नमिठो बोली मात्र उसको बैगुन हैन, नराम्रो स्वभाव पनि उसको बैगुन हो । ससाना चराको गुँडमा पसेर अण्डा र चल्ला खाइदिनु पनि उसको बैगुन हो । 'खगानां वायसो धूर्तः ।' चराहरूमा कौवा धूर्त हुन्छ र मलाई धूर्त मान्छे पनि मन पर्दैन । धूर्तले जहिले पनि र जसलाई पनि धोका दिन सक्छ ।

'किं न खादन्ति वायसाः ।' कौवाहरू के मात्र खाँदैनन्, अर्थात् उनीहरूले नखाने कुरो के छ ? त्यही चुच्चो बिष्टामा र सिनोमा पनि गाड्छ र दूधको तरमा पनि चोबल्न भ्याउँछ ।

कोही कोही हुन्छन् कौवाभन्दा धूर्त र तिनलाई कौवाको फूल चोर्ने भनिन्छ । चोरमाथि चकार भनेको पनि यही होला ।

खै ! कुन प्रेरणाले हो कुन्नि, मेरी पत्नीले बिहान भात पस्किने बेलामा पहिलो अंश चरालाई भनेर छुट्याउन थालिन् । अब त्यो नित्यकर्म जस्तै भएको छ । हरेक दिन पहिलो पनियुँ भात छुट्टिन्छ र त्यो छतमा लगेर राखिदिने काम म घरमा भएसम्म मेरो हो । म नहुँदा बिरलै हुन्छ । साँच्चै भनूँ भने घरमा मभन्दा दश वर्ष कान्छी पत्नी र तीस वर्ष कान्छो छोरोभन्दा फुर्तिलो मै छु । खुरुरुरु दगुरेर छतमा गई त्यो भात राखिदिने फुर्तिलो मै हुँ ।

पहिले त एउटा भाँडो पनि थियो तर कुनै दिन खान नपाएको झोंकमा हो वा आपसमा झगडा परेर हो रिकापी ती धूर्त कौवाले चुच्चाले च्यापेर कहाँ

पुऱ्यायो कहाँ ? अब भने एउटा टायलमाथि राखिदिन्छु । पहिले तल ट्रसमुनि र ाखिदिन्थेँ, अचेल माथिल्लो छतमा राखिदिन्छु । तल राख्दा तिनको बासै यहीँ हुन थालेको थियो र जताततै फोहर गरेर हैरान पारेका थिए । ती दिनको दुई पटक मेरो बाटो हेर्छन् । एउटा समय हो दश बजेदेखि साढे दश बजेसम्मको र अर्को हो बिहान सात बजेतिरको । तपाईं भन्नुहोला दश बजे त भात पाउने आशामा बाटो हेरेका होलान् तर सात बजे किन नि ? मैले पहिले नै भनेको छु- 'किं न खादन्ति वायसाः ?' अर्थात् कौवाले नखाने कुरो के छ ? सात बजे म पूजाका भाँडा सफा गर्छु । पालामा तेलमा भिजेको र बल्दाबल्दै निभेको बत्ती हुन्छ र उनीहरू त्यही खान तँछाड् मछाड् गरी आउँछन् । ती त कतिसम्म धूर्त छन् भने पत्नीले तुलसीमठमा बत्ती बालेर भित्र पस्न भ्याएकी हुँदिनन्, ती आइहाल्छन् र बलिरहेको बत्तीलाई हल्लाएर निभाएर खान्छन् । एक दिन त ताँबाको पाला नै उडाइदिए । अब बत्ती बाल्ने काम बन्द भएको छ ।

भनिन्छ कौवाको एउटा आँखामा मात्र नानी हुन्छ र त्यसैलाई यताउता घुमाएर हेर्छ । यो उसको प्राकृतिक विशेषता होला तर हाम्रा ईश्वरवादी साहित्यकारहरू यसमा पनि ईश्वरीय दण्ड र पुरस्कार जसलाई अभिशाप र वरदान पनि भनिन्छ, देख्छन् र त्यसको आख्यानीकरण गर्दछन् । तुलसीदासले एउटा प्रसङ्ग उठाएका छन् जुनअनुसार उसको एउटा आँखो प्रभु रामले फुटालिदिनुभएको हो । पञ्चवटीमा राम र सीता मात्र भएको समय पारेर स्त्रीलम्पट इन्द्रको त्यस्तै लम्पट छोरो जयन्त सीताको सौन्दर्यमा लट्ठिएर पञ्चवटीमा आएछ कौवाको शरीर धारण गरेर । पहिले त परैबाट ओल्टीपल्टी गरी हेरेछ तर 'गुलाफलाई देखेर राम्रो हे भाइ नछुनू, लोभले हेऱ्यो मोहनी गऱ्यो जङ्गली नहुनू ।' भन्ने हाम्रा महाकविको भाव नबुझ्केको शठ जयन्तमा जङ्गली चरित्र जागेछ र उसले सीताको पाउको चुम्बन लिने दुष्प्रयास गरेछ । यो देखेका रामलाई रिस उठेछ र त्यहीँ भएको एउटा छेस्को टिपेर जयन्तमाथि प्रहार गरेछन् । जयन्तसम्म पुग्दा त त्यो छेस्को भयानक अस्त्र बनेछ । जयन्त प्राण जोगाउन भागे, जति भागे पनि अस्त्रले पछ्याउन नछोडेपछि ऊ पहिले त आफ्नै बाबुको शरणमा गएछ तर उसले केही गर्न नसकेपछि विभिन्न देवताहरू कहाँ गुहार लगाउन पुगेछ । अन्तमा नारदले 'तँ जसको अपराधी होस् उनकै शरणमा जा । उहाँ दयालु हुनुहुन्छ । पक्कै जीवनदान पाउलास् भनेपछि त्यो फर्केर पञ्चवटीमै आएर रुन थालेछ । अन्तमा रामलाई दया लागेछ र भनेछन्- 'यो अस्त्र त अमोघ छ । यो त्यसै त फिर्ता हुँदैन र तिम्रो कर्म पनि दण्डरहित छैन तसर्थ म तिम्रो एउटो आँखो खोसिदिन्छु । यसै आँखाका कारण त तिमीमा त्यो दुस्साहस आएको हो । जो मानिस आँखाले देखेको र मनले चाहेको पाउनैपर्छ भन्ने सोच राख्छ त्यसले अपराध गर्छ र अपराधी दण्डनीय

हुन्छ' अनि उनको अमोघ अस्त्रले कौवारूपी जयन्तको एउटा नानी फुटालिदिएछ। पछि जयन्तले आफू कुरूप भएको भनी रोएपछि रामले भनेछन्, 'जाऊ तिमीलाई र मलाई छोडर अरू कसैले थाहा पाउने छैन।' त्यसै समयदेखि कौवाको एउटा मात्र नानी भएको रे ! त्योभन्दा पहिले के थियो त्यो कथाकार नै भन्लान्।

अँ, ती कौवा कति धूर्त छन् भने जुन दिन पालामा बत्तीको ठुटो हुँदैन त्यस दिन कराएर हैरान पार्छन्। सके सत्तोसराप गरेका होलान् मलाई। कुनै कुनै त पखेटाले र खुट्टाले मलाई हिर्काएरै उड्छन्। तिनैमध्ये एउटो त्यो एकखुट्टे पनि हो। तिनको पर्खाइको पनि समय छ। साढे दशपछि उनीहरू पर्खिन्नन् र त्यो खाने पालो आउँछ साना भँगेराको। ठ्याक्कै त्यस्तै जस्तो बडे बडे भुँडेहरूको भुँडीमा नअटाएपछि मात्र केही बजेट जनतासम्म पनि पुग्छ। त्यसो त म चाहन्छु मैले दिएको त्यो भात साना र निमुखा भँगेराहरूको भुँडीमा परोस् तर ती धूर्तहरू बरु कतै खसोस् त तर मुखमा अटी नअटी भर्छन्।

एक दिन भात पिँधमा लाग्यो र अलिकति डढ्यो पनि। मैले त्यो पनि सँगै लगेर राखिदिएँ तर तिनले त्यो खाएनन्। कति मात्तेका त ? कति सोखिन त। अझ कुनै दिन यसो मासुसासुको गन्ध परेको छ भने त लुछाचुँडी नै चल्छ। चरालाई मान्छेले खाना दिनु पर्दैन तर मान्छे आफूजस्तै प्रकृति पनि आश्रित होस् भन्ने चाहन्छ। यो त्यसैको एउटा कडी हो। यसरी ती कौवाले प्रायः मेरो घरलाई नै अस्थायी घर बनाएका छन् र जताततै बिस्ट्याएर उधुम मच्चाएका छन्।

साना भए पनि सोझा त भँगेरा पनि हुँदा रहेनछन्। मापाका जिद्दी र रिसाहा हुँदा रहेछन्।

मलाई हिन्दी साहित्यकी अब्बल निबन्धकार महादेवी वर्माका धेरै निबन्धमध्ये जीवलाई पात्र बनाएर लेखिएका दुईवटा निबन्ध साह्रै मन परेका हुन्। तीमध्ये एउटा हो 'गिल्लु' जुन लोखर्केलाई पात्र बनाएर लेखिएको छ र अर्को हो 'सोना' जुन हरिणको बच्चालाई पात्र बनाएर लेखिएको छ। निबन्धकारले तिनीसितको आफ्नो भावनात्मक सम्बन्धको भावुक वर्णन गर्दै तिनको भयानक अन्तको प्रकटीकरण पनि हृदयस्पर्शी शैलीमा गरेकी छन्।

अँ त, म भन्दै थिएँ भँगेरा हेर्दा मात्र साना हुन्छन् तर ज्यादै रिसाहा र मापाका ज्याद्रा हुन्छन्। उनीहरूको 'चीचीं'बाट मैले केही त उनीहरूलाई बुझ्न पाएँ।

पोहोर जेठमा उत्पात गर्मी भएपछि ऐरिन तैरिन बूढी बाखी किन ? भने झैं मैले पनि घरमा वातानुकूलन यन्त्र लगाउने चरमोत्कर्षको निर्णय लिएँ तर दुई कोठामा लगाउन बुताले नभ्याएपछि छोराको कोठामा लगाएँ। आफ्नो कोठामा लगाउन बाबु भएकाले सकिनँ। सोचेँ गर्मीभरि सबै यहीं सुतौंला तर भनेजस्तो

भएन र हामी उही पङ्खामुनि छौं र एसीको लाभ छोराले प्राप्त गरिरहेको छ। सन्तोष के मानेमा छ भने कम्तीमा छोरालाई त गर्मीमा सुत्न दिइनँ। अब हाम्रो कोठामा पनि लगाउनु भनेको त फजुल खर्च नै थियो। कमाइ आफ्नै भए पनि आफ्नो सुविधाका लागि खर्च गर्ने अधिकार हामी बाहरूलाई छैन। बाहरू त कर्तव्यका निम्ति मात्र हुन्।

जब त्यो यन्त्र हामीले जडान गर्‍यौं भँगेराले गुँड बनाउने सुरक्षित स्थान भेटिहाले।

'दुवै भालेपोथी हरबखत पालो गरी गरी
लगी दिन्थ्यौं खाना विकल बचराका मुखभरि।'

भालेपोथीले दिनभरि चिर्रचिर्र गर्दै र भुर्रभुर्र गर्दै उडेर जाने र सानो चुच्चामा एउटा धर्सो खर लिएर आई त्यहाँ राख्ने गर्न थालेछन्। एक सातापछि मात्र हामीले थाहा पायौं र उनै लेखनाथ पौड्यालका शब्दमा 'दया माया छोडी मनुज किन हिंसातिर झुक्यो ?' भने झैं म पनि तिनको गुँड भत्काउने अभियानमा लागें अनि भँगेरा र मेरा बीचको युद्ध त्यसै गरी सुरु भयो जसरी रसिया-युक्रेन र इजरायल-गाजाका बीचमा चलिरहेको छ। युक्रेनसित पश्चिमा मुलुकहरू लागे झैं मेरो पक्षबाट रणमैदानमा तैनाथ भए मेरी पत्नी र मेरो छोरो। अब देख्लास् तेरो बाबुको बिहे। हामी तीनजना मान्छेका सामु तँ जाबो अदना चरीको यत्रो फुर्ती ? मेरो एसी नै बिगार्ने गरी त्यहाँ गुँड बनाउने तैंले ? ठ्याक्कै यही भनेको हुँदो हो त्यति बेला हाम्रो सोचले।

हरेक दिन बिहान हामी त्यो गुँड भत्काउँथ्यौं तर अर्को दिन त्यो फेरि तयार हुन्थ्यो। हामी भत्काउँथ्यौं उनीहरू बनाउँथे। हामीसँग भत्काउन तीन जनाका छवटा हात थिए, उनीहरूसँग बनाउन दुईवटा भँगेराका दुईवटा चुच्चा मात्र थिए। फेरि पनि चुनौती उनीहरूमाथि नभएर हामीमाथि नै थियो। भँगेराले हामीलाई लेखनाथ पौड्यालका शब्दमा भन्थे-

तिमि पनि भन्छौ यो घर मेरो, म पनि कहन्छू यै घर मेरो
आखिर तिम्रो हो वा मेरो ? खूब लगाऊ मनमा फेरो।
ईंट काठको बटुली रास, यो घर ठाडो पार्ने खास
सकल बिलाए कर्मी ज्यामी, ओत बसेका छौं अब हामी।

तर हामी यस्ता बकम्फुसे दर्शन मान्नेवाला थिएनौं। हामी चरा होइनौं, मान्छे हौं। त्यसैले हाम्रा निम्ति धन खर्चेर बनाएको घर चाहिन्छ। अन्यथा विश्वमा यति अग्ला घरहरू भएर पनि मान्छे किन खुला आकाशमुनि सुत्छन् त ? हाम्रो भौतिकवादी दर्शन ती चराको अध्यात्मवादी दर्शनभन्दा कडा थियो।

द्वन्द्व नै यसैको छ संसारमा, भौतिकवाद र अध्यात्मवादको। कोही भन्छ-

आँखाअगाडिको सत्य हो जुन जगत् हो आँखापछाडिको त कल्पना हो र अन्धविश्वास हो। अर्को भन्छ- आँखाले देखेको सबै मिथ्या हो जुन अनित्य छ। नित्य त त्यो हो जुन आँखाले देखिँदैन, तर्कले पुष्टि हुँदैन, बुद्धिले भेउ पाउन्न। यिनैमध्ये एउटा भन्छ- हिजो अर्थात् पूर्वजन्मलाई सम्भेर भोलि अर्थात् अर्को जन्मका लागि आज अर्थात् यो जिन्दगीलाई उपयोग गर। हिजो गरेको कर्मले तिम्रो आजको सुखदुःखको निर्धारण गऱ्यो र भोलिको सुखदुःखको निर्धारण आजको कर्मले गर्छ। अर्को भन्छ- हिजो अज्ञात छ र भोलि अनिश्चित छ। जे छ त्यो आज हो। आज र अहिले नै ज्ञात र निश्चित छ। हिजो के थियौ र भोलि के हुने छौ ? त्यो चिन्ताको विषय होइन। चिन्ताको विषय हो तिम्रो आज कस्तो छ ? दिनपछि रात आउँछ भन्दैमा दिनलाई नै अँध्यारो बनाउनु बुद्धिमानी होइन।

एक दुई सातासम्म हाम्रो भीषण द्वन्द्व चलिरह्यो। हामीलाई हाम्रो सामर्थ्य र अर्थमा गुमान थियो। हामीले लाखौं खर्च गरेर बनाएको घरमा यी फिस्टे चराले अतिक्रमण गर्ने ? तर उनीहरूले टेरेनन् र टेर्दै टेरेनन्। अन्तमा हामीले नै सुरक्षित अवतरणको मार्ग अवलम्बन गर्नुपऱ्यो। हामीले विचार गऱ्यौं यदि यो गुँडले हाम्रो कोठामा बतासको आवागमनलाई अवरोध गर्दैन भने यिनको घर किन उजाड्ने ? आत्मा भन्ने केही छ र त्यसलाई साक्षी राखेर सत्य बोलिन्छ भने म बोल्छु, हामीले यो सम्भौता कुनै दया वा मायाले गरेका थिएनौं, अपितु भँगेराको हिम्मत, जिद्दीपन र लगनशीलताका अगाडि शस्त्र विसर्जन गरेर युद्धविरामका नाममा आत्मसमर्पण गरेका थियौं अर्थात् सरेन्डर।

बचेरा उडेपछि तिनले त्यो घर छोडे र अहिले त्यो परेवाको घर भएको छ। यिनले चल्ला उड्ने भएपछि गुँड छोड्दा रहेछन् र अर्को पटक अण्डा पार्ने समयमा फेरि बनाउँदा रहेछन्।

भँगेराले मसित निहुँ खोजेको यो मात्र पहिलो र अन्तिम पटक होइन। बारम्बार मलाई जिस्क्याएका छन् र त मापाका हुन्छन् भनेको हुँ।

आठ वर्षअघि भान्साको ग्यास फाल्न बनाएको प्वालमा पनि यिनले अतिक्रमण गरेर धुरुक्कै रूवाएका थिए। त्यसलाई त मैले एडजस्ट फ्यान फुल स्पिडमा चलाएर जम्नै दिएको थिइनँ। उनीहरू त गए तर त्यहाँ जम्मा गरेका घाँस लगेनन्।

शौचालयको वातायनमा मैले भित्रपट्टिबाट फिक्स जाली के लगाइदिएको थिएँ यिनलाई त लागेछ, यो मनुवाले हाम्रै लागि सुरक्षित ठाउँ दिएको हो र थाले त्यहीँ खर ओसार्न। यहाँ म विवश थिएँ। न त हावा चलाएर उडाउन सक्थें न हातले नै भिकेर मिल्काउन सक्थें। म लाचार थिएँ र उनीहरूले मेरो लाचारीको भरपूर फाइदा उठाएर त्यहाँ गुँड बनाई छाडे। म अरिंगठे किराजस्तै मुर्मुरिएँ, डल्ले

खुर्सानीजस्तै पिरिएँ र मरिचजस्तै चाउरिएँ तर केही गर्न सकिनँ । उनीहरूले त्यहाँ कब्जा जमाए तर तिनको र हाम्रो सुत्ने समय नमिल्दा उनीहरू त्यहाँ टिक्न सकेनन् ।

उनीहरूलाई चाँडै सुत्नुपर्ने र चाँडै उठ्नुपर्ने । उठ्ने कुरामा त केही थिएन तर सुत्ने कुरामा उनीहरूलाई बाधा पुग्यो । हामी राती मात्र सुत्ने र सुत्नुअघि कैयौँपटक शौचालयमा जाँदा बत्ती बाल्ने तथा गतिविधि गर्ने हुँदा उनीहरूले सुत्न पाएनन् र त्यो दुःखले बनाएको घर छोडे । केही पनि लगेनन् । न त बेचे । यो त हाम्रो श्रम हो भनेर दावी गरेनन् । मान्छेले भए चितासम्म पनि पुऱ्याउँथ्यो कि ?

पछि तिनले ट्रसभित्रको प्वालमा सुरक्षित गुँड बनाएछन् र अण्डा पारेर चल्ला पनि कोरलिसकेछन् । एक दिन त तिनले उखुमै गरे । जब म त्यतातिर गएँ अनि त पोथी त्यहीँ बसेर पँधेर्नीजस्तै कराउन थाली र भालेले बाहिर निस्केर उखर्माउलो मच्चाउन थाल्यो । भालेको पौरुष पूर्ण रूपमा प्रकट भएको थियो । ज्यान फुलाएर र भुत्ला ठाडा ठाढा पारेर मेरो वरिपरि घुम्दै मलाई सत्तोसराप गर्न थाल्यो भने कतिखेर त मेरो टाउकैमा छोएर मानौं भन्थ्यो- 'अब छो त मात्र मेरा बचरालाई ! सक्छस् भने आइज, सिङ्गल सिङ्गल भिडौँ' अनि मानौं आफ्नी पोथीलाई पनि आश्वस्त पार्थ्यो- 'तिमी त्यहीँ बसेर बच्चाको रक्षा गर । यसलाई म मेरो पाइन देखाइदिन्छु ।'

यो क्रम तीन दिनसम्म चल्यो तर मैले तिनलाई केही नगरेपछि मप्रति आश्वस्त भए र कराउन छाडे । अब भने बच्चा ठूला भइसकेका छन् । बाआमा नहुँदा गुँडको मुखैमा आएर मलाई हेर्छन् टिठलाग्दा आँखाले मानौं भनिरहेका हुन्छन्- 'हामीलाई केही नगर ल ! बाआमा प...र गा'छन् खानेकुरा लिन ।' समय बित्दै जाँदा ती बचेरा पनि नडराउने भए र माउ पनि नकराउने भए ।

म अहिले सोच्दै छु, भँगेराको त्यो धैर्य, जाँगर, हठ, साहस र त्याग म कहाँबाट ल्याऊँ ? उनीहरूले सोध्ने गरेको प्रश्न 'यो घर कसको ?' को म के उत्तर दिऊँ ?

-_-

तपाईंले साहित्य तथा शैक्षिक अन्तर्वार्ता, कथा, कविता, गीत र विश्लेषण फेसबुक तथा युटुबमा हेर्नुभयो त ?
**Khabari Nepal**

# अस्तित्वका लागि मेरो सङ्घ



राजेन्द्रकुमार आचार्य

म पश्चिममा हाटक देश, धवलागिरितिर निस्कुट राज्य र मध्यभागमा उलुक राज्य थिएँ। पूर्वमा किराँत राज्य तराईमा मिथिला राज्य, कोलीय राज्य र कपिलवस्तु राज्य थिएँ। हाटक देश हुँदा 'सिँजा हाट दुल्लु विराट्' थियो। मेरो हाटक देशमै सिँजा खस राज्यको स्थापना भयो। हिमाली क्षेत्रमा जडान राज्य पनि बन्यो। क्रमशः म 'सपादलक्ष खसान' बनें। यवनहरूद्वारा विस्थापितहरूलाई शरण दिएँ।

मेरै थातथलाका नामबाट मानिसहरूका थर बने। तिनै थरहरूबाट देश-विदेशमा तिनीहरूको चिनारी बनेको छ। मडासैनबाट मरासिनी, रिजुबाट रिजाल, पराजुलबाट पराजुली, भुसाकोटबाट भुसाल, नेपाबाट नेपाल, लम्जीबाट लम्जेल, धिताबाट धिताल, रेगमबाट रेग्मी/रेगामी, रिमबाट रिमाल, बाजगाउँबाट बजगाईं, खरीबाट खरेल, सिमखाडाबाट सिम्खडा, प्याकुरीबाट प्याकुरेल, कोइरेलबाट कोइराला आदि थर बने।

पूर्वमा त्रिशूली, पश्चिममा कुमाउँ, दक्षिणमा बुडान र उत्तरमा मानस क्षेत्रसम्म फैलिएँ। कुमाउँको बालेश्वर, लुम्बिनीको अशोक स्तम्भ र गोर्खाको तागधाई गुम्बा आदिमा प्राप्त अभिलेखहरू ती कुराका साक्षी छन् तर कालान्तरमा म विशाल सिँजा खसानी राज्य टुक्रिएँ- जेठान र ज्वाइँका भागबिलामा, बाइसे र चौबीसे राज्यहरूमा।

म उलुक राज्य छँदा प्राग्ज्योतिषपुर हुँदै किराँत राज्यलाई नछोई तल्लो बाटो आएका अर्जुनको फौजसित मेरो भिडन्त भयो। म युद्ध गर्न चाहन्नथेँ तर उनले युद्धका लागि लल्कारे। युद्धबाट उनीतर्फ धेरै क्षति भएकाले उनले सम्झौताको हात बढाए। मलाई मित्र मानेर निस्कुटतिर लागे।

मेरो निस्कुट राज्यसित पनि उनको भिडन्त भयो। उनी युद्ध मोर्चा छाडेर धवलागिरिपारि हाटक देशतिर लागे। उनी मेरो हाटक देशसित युद्धको खतरा नमोली मानस क्षेत्रको बाटो पश्चिमको काश्मिरतिर गए।

म पूर्वमा किराँत देश थिएँ। मसित युद्ध गर्न अर्जुन मात्र होइन, सितिमिति अरू पनि हिम्मत गर्दैनथे। पछि म ओल्लो, माझ र पल्लो किराँत भएर बाँडिएँ।

नेमुनि, मञ्जुश्री आदिबाट म नेपाल उपत्यका बस्तीयोग्य थलोको रूपमा स्थापित भई महिषपालहरूबाट पालित-शासित भएँ।

पूर्व तथा उत्तरबाट आई चाँगुनारायणको डाँडोलाई राजधानी तुल्याएर किराँतहरू राई अथवा राजा भए। सहकाल फिराउन मच्छिन्द्रनाथलाई ल्याइयो। गोरखनाथलाई गुरु मानियो। कालान्तरमा लिच्छवीहरू आएर शासन मात्र होइन सभ्यता पनि निर्माण गरे।

मिथिलामा राजर्षी जनक र जानकी जन्माएँ। विदुषी गार्गीसित बहस गर्न सक्ने विद्वान् याज्ञवल्क्य जन्माएँ। वाल्मीकिलाई साधना गर्न आश्रय दिएँ। त्यही आश्रममा पछि जानकीले आश्रय पाइन् र लवकुश जन्माइन्। भृकुटी र अरनिकोले देशको इज्जत राखे। तिरहूत राज्य बनाएँ। कलात्मक सिम्रौनगढ निर्माण गरेँ।

कपिलवस्तुमा महर्षि कपिल, कनकमुनि, ककुच्छन्द र सिद्धार्थ जन्माएँ। पाणिनिलाई साधनाका लागि तपोभूमि प्रदान गरेँ।

हिजो उपत्यकामा मल्ल शासन र सभ्यता कायम गरेँ।

सिँजा साम्राज्य टुटेपछि पश्चिममा बाइसे, माझखण्ड तथा पूर्वमा चौबीसे एवं सेन राज्यहरू बने। पृथ्वीनारायण शाह, राजेन्द्रलक्ष्मी र बहादुर शाहको नेतृत्वमा एकीकृत नेपाल राष्ट्र-राज्य निर्माण गरियो। कहिले भोटसँग र कहिले भारतमा शासन गरेका बेलायतीसित युद्ध भयो। हाम्रा वीर विराङ्नाहरू विभिन्न मोर्चामा युद्धहरूमा खटेर वीरता प्राप्त गरे।

जितगढी, सिन्धुलीगढीका भीषण युद्ध जिते पनि पश्चिमतिरका मोर्चामा हार्नुपर्दा सुगौली सन्धि गरी पुर्खाले वीरतापूर्वक लडेर आर्जेको धेरै भूमि गुमाउनु पऱ्यो।

मैले जोशमनी परम्पराका स्वामी शशिधर, बालागुरु षडानन्द, त्याग र सङ्घर्षकी प्रतिमूर्ति योगमाया, सधुक्कडी कवि ज्ञानदिलदास, भानुभक्त, मोतीराम आदि जन्माएँ।

मैले धेरै समस्या झेल्दै आएको छु। दरबारिया सङ्घर्षले असल नेतृत्व गुमाउनु परेको, ठूला रक्तरञ्जित काण्डले थर-जातहरूकै सामूहिक हत्या भएको, लामो समयसम्म निरङ्कुश पारिवारिक शासन झेल्नु परेको, वीर शमशेर जस्ता राणाशासकबाट देशको ढुकुटी रित्याएर विदेशमा धन थुपारिएको, प्रजातन्त्रको हत्या गरिएको पीडा खेपेको छु। माओवादी विद्रोह, भारतीय नाकाबन्दी, सीमा अतिक्रमण, भाषा-संस्कृतिमाथि निर्मम प्रहार आदि अनेकौं सङ्कटबाट गुज्रँदै छु। यी घटनाहरूले मेरो मुटु पीरो हुन्छ तथापि सङ्घर्ष नै जीवन हो भन्ने ठानेर अस्तित्त्व रक्षाका लागि निरन्तर सङ्घर्ष गरिरहेको छु।

--

# जीवनका तन्त्रिकाहरू



**लक्ष्मण अर्याल**

जीवनलाई म औधी मन पराउँछु । तपाईं ठान्नुहोला- म कुनै जीवन नामधारी व्यक्तिप्रति आसक्त छु तर मैले मन पराउने जीवन मान्छे भने होइन । मान्छे नभए पनि त्यो मसँगै साथ लागेर हिँड्छ मेरै अभिन्न छायाजस्तो । यो कवितासँग लुपुक्क टाँसिएर रहने भावजस्तो, कथाको आशयजस्तो, गीतको लयजस्तो । सारङ्गीबाट अनवरत प्रवाहित भइरहने ऱ्याइँऱ्याइँ अनि मादलुको पकधुम पकधुम जस्तो ।

जीवनका समष्टिभित्र अनेकौं व्यष्टिहरू हुन्छन् । मेरा जीवनका व्यष्टिहरू पनि सामान्यतया अरूका झैं नै छन् । अनगिन्ती टुक्राहरूमा छरिएको छु । भूमिकाहरू सन्दर्भअनुसार असरल्ल छन् । म छोरो, बाबु, लोग्ने, भानिज, मामा, भतिज, काका, ससुरा, सम्धी, शिक्षक, विद्यार्थी, नेता, साथी आदि आदिमा विभक्त छु । व्यक्ति एक भूमिका अनेक । म कसैको आदर्श छु र कसैको अनादर्श पनि छु । मन पराइने पनि छु अनि मन नपराइने पनि छु । म जस्तै मेरो जीवन पनि अनेकौं भँगालाहरू भएर अनवरत प्रवाहित छ ।

जीवन के हो ? कोही सोध्छ । म सम्झिन्छु - सुविधाहरूका साथमा जीवन सुविधाजस्तो, असुविधाहरूका साथमा जीवन असुविधाजस्तो, दुःखमा दुःखजस्तो, सुखमा सुखैजस्तो, अभावमा अभावैजस्तो अनि भावमा भाव नै जस्तो । परीक्षाहलमा प्रश्न सापेक्षित उत्तर नआएर कलम टोकिरहने अन्यमनस्क विद्यार्थीजस्तो म छटपटाउँछु र टोलाउँछु जीवनका आयामहरू देखेर ।

के तपाईं भन्नसक्नुहुन्छ- पानीको आकार कस्तो हुन्छ ? म ठान्छु - कदापि सक्नुहुन्न किनकि पानी जसलाई बोतलमा राख्नेले बोतलैजस्तो, गाग्रीमा राख्नेले गाग्रीजस्तो, ग्लासमा राख्नेले ग्लासजस्तो ठान्छ । ठान्नु एउटा भ्रम न हो । जीवनका स्वरूपमा पनि भ्रमले गर्दा मानिसहरू विभिन्न उत्तरहरू गर्छन् ।

तपाईं जीवनवादी हुनुहुँदो रहेछ भन्नुभो- 'कान्छा, जीवन त औधी रमाइलो छ नि !' अनि अर्का एक सज्जन जो असजिलोबाट गुज्रिरहनुभएको थियो उहाँले तपाईंका कुरा काटेर आफ्ना भावना बिसाउनुभयो- 'महाशय, कहाँ छ तपाईंले

सोचेजस्तो जीवन ? म त उकालो मात्र देख्छु यसलाई ।' कुरा नजर र नजरियाको रहेछ । तपाईंको हृदय जस्तो छ जीवनप्रतिको सोच पनि त्यस्तै नै हुने गर्छ । हृदय सफा छ भने जीवन पनि सफा छ, हृदय मैलो छ भने जीवन पनि मैलो । हरियो चस्मा लगाएको भैंसीले सुकेको परालसाई पनि हरियो देख्छ रे ! नायक हृदय सकारात्मक सोच्छ भने खलनायक हृदय नकारात्मक सोच्छ । आशामा जीवन फक्रन्छ भने निराशामा मुर्झाउँछ । आशाले जीवनको लम्बाइ अझ तन्कियोस् भनी सोच्छ भने निराशाले जीवनको सारहीन अस्तित्त्वलाई दर्शन बनाउँछ ।

जीवनमा लक्ष्यहरू हुन्छन् तर जीवन नै लक्ष्य भने होइन । यसलाई लक्ष्यसम्म पुग्ने बाटो भन्न सकिएला बरु । कसैले आफ्नो लक्ष्यसम्म पुग्ने बाटालाई विशाल राजमार्ग बनाएका हुन्छन् भने कसैले डोरेटो, गोरेटो अनि सामान्य चक्रेटो मात्र । बुद्धले आफ्नो लक्ष्य प्राप्तिका दिशामा हिँड्दा हिँडिने बाटालाई विशाल राजमार्ग नै बनाए । जुन राजमार्गमा बुद्ध हिँडे आज विश्व नै त्यो राजमार्ग अनि बुद्धलक्ष्यप्रति नतमस्तक छ । जसले हिँड्ने बाटालाई साँगुरो बनाउँछ त्यसको सम्झना यो संसारले गर्दैन । मरेपछि मर्छन् तिनका बाटाहरू अनि सम्झनाहरू पनि इरेजरले मेटिएको अक्षरजस्तो । बाटालाई विशाल राजमार्ग बनाउने काममा एकाङ्गी सोच र चिन्तन एउटा पर्खाल हो ।

जीवनमा असरल्ल रहरहरू हुन्छन् । रहरहरू भनेका जीवनका सपनाहरू नै हुन् जुन तपाईंसँग पनि छ, मसँग पनि छ अनि जो कोहीसँग पनि हुने गर्छ । एक किसिमले भन्ने हो भने रहरहरूबाटै त उमारिन्छ लक्ष्यलाई पनि । रहर जसको सीमा हुन्न । यो कल्पना हो मान्छेको । रहरहरूका चाङबाट एकदुई रहर मात्र छान्नु सजिलो छैन । आफ्नो क्षमतासँग मेल खाने रहर छान्न सक्यो र तदनुसार त्यसलाई भरणपोषण गर्न सक्यो भने मान्छे बन्यो तर धेरै मान्छेहरू क्षमता र रहरका बीच तालमेल बनाउने क्रममै कुहिराका कागझैं दिशाहीन र अस्पष्ट बन्छन् ।

कविले कविता, कथाकारले कथा, मूर्तिकारले मूर्ति र चित्रकारले चित्र कोर्छ । यी र यस्तै कर्म गर्नेहरू अरू पनि छन् । जजसले जेजे काम गर्छ त्यसमा उसको मिहिनेत, प्रतिभा र सीपको मात्रात्मक सूक्ष्मताले परिपूर्णताको पथलाई सङ्केत गर्छ । भनेको- कला सबै कर्मका लागि पूर्णतातिर उकाल्ने सोपान हो । जीवनलाई पनि एउटा काम नै ठान्नुस् न । तपाईं यसलाई कति कलात्मकताले सिँगार्नुहुन्छ त्यति नै यो प्रष्ट, आकर्षक र जीवन्त बन्छ । तपाईंसँग द्वेष छ - जीवनमा द्वेष मिसाउनुहुन्छ, तपाईंसँग घृणा छ- जीवनमा घृणा घोल्नुहुन्छ अनि तपाईं गुनासो गर्नुहुन्छ- जीवन सोचेजस्तो भएन । म भन्छु- जीवन भनेको रङहीन पानीजस्तै हो भन्या, कुरा बुझ्नुस् न । तपाईं जुन रङको काँचको गिलासमा भर्नुस् त्यही रङको बन्छ पानी । मान्नुस्- तपाईं काँचको गिलास र तपाईंको जीवन सादा

पानी । अब भन्नुस् तपाईं आफ्नो जीवनको रङ र संरचना कस्तो बनाउनुहुन्छ ?

तपाईं मलाई हेरेर भन्नुहोला - 'महाशय, यी त भन्ने कुरा न हुन् । जेजे भने पनि जीवनको पूर्णता ढेवासँग गाँसिन्छ है ।' मैले तपाईंको प्रतिप्रश्नको अड्कल गरें किनकि म तपाईंको हृदयको पदचाप सुन्दछु । अधिकांश मान्छेहरू अर्थको पौललाई नै जीवनको उच्चता ठान्छन् । यदि तपाईं यस्तै सोच राख्नुहुन्छ भने यो अभिव्यक्ति काटीकुटी दुरुस्त तपाईंकै हो । म भन्छु- अर्थको पौल र जीवन समानान्तर रेखा हुन् । समानान्तर रेखालाई जति लम्ब्याउनुस् तिनीहरूको भेट आजीवन हुँदैन । समृद्ध भनिएकाहरूका जीवन झाँक्नुस् त- अनगिन्ती छटपटीहरू छन् त्यहाँ । यो सबै समृद्धहरूको कथा पनि होइन । असमृद्ध ठानिएकाहरूका जीवन पनि कल्पना गरेभन्दा भव्य हुनसक्छन् । असमृद्धतामा जीवनको भव्यता हुन्छ भन्ने सूत्र पनि नबनाउनुस् । यहाँ कुनै पनि सूत्रले काम गर्दैन । यहाँ मूल्याङ्कनको सूत्र परिस्थितिको सापेक्षतामा निर्भर हुन्छ ।

मैले कसैकसैले भनेको सुनेको छु - जीवन समस्याको श्रृङ्खला र समाधानको अनवरत प्रयास हो । म यसरी मात्र हेर्दिन जीवनलाई । जीवनका भौतिक र अभौतिक दुई पाटा हुन्छन् । भौतिक पाटो जन्मदेखि मृत्युपर्यन्तको पाटो हो भने अभौतिक पाटो मृत्युपश्चात् मात्र सुरु हुन्छ । भौतिक पाटालाई तपाईंले कसरी व्यतीत गर्नुभयो यसैमा निर्भर हुन्छ जीवनको अभौतिक पाटो । यो पारलौकिक कुरा पनि होइन इहलौकिक नै हो । कसैकसैको मात्र अभौतिक पाटामा पनि जीवनको सुन्दर छवि टल्किएको हुन्छ । यस्ता मान्छेहरू अनन्त समयसम्म बाँच्छन् ।

जीवन अनभिज्ञताले भरिएको बाटो हो । मेरो भौतिक जीवन कसरी अगाडि बढ्छ ? यो म जान्दिनँ । म मात्र होइन कसैले पनि जानेको हुँदैन । यो जान्न मन नलाग्ने चाहिँ होइन किनकि म समयसमयमा जीवनको आगामी पाटो जान्ने ध्येयले ज्योतिष कहाँ धाउँछु । आफै प्रतिको विश्वासमा कमी भएर पनि होला । अधिकांश ज्योतिषहरू सम्भावना बेचेर खाने व्यक्ति हुन् । विद्याप्रति त कुनै सन्देह होइन । कुरा अल्पज्ञानीहरूको हो । अल्पज्ञानीहरूले बताएका मेरा भविष्यहरू कहिल्यै भनिएको बाटो भएर हिँडेको छैन । तिनीहरू आफै आफ्नो भविष्य जान्दछन् भन्ने पनि लाग्दैन । विषयको ज्ञाता नै रहेछ अनि उसले रिठ्ठो नबिराई भविष्यफल भनेछ भने पनि यसले जीवन सुधार्दैन । जीवन सुधार्ने अचुक कडी भनेको त कर्म नै हो, पाखुरी नै हो । पाखुरीको भाषाले जीवनको नयाँ आयामको उद्घाटन गर्छ । म ठान्छु- भविष्यका पाटाहरू परिवर्तन भइरहन्छन् कर्मका बलमा ।

देवकोटाले भनेथे- 'छामछाम छुमछुम नै जीवनको विश्वविद्यालय हो ।' कति गहिरा कुरा । साह्रै चित्त बुझेकाले म हृदयको लालमोहर ठोकिदिन्छु । भन्छु- गुरुदेव, कति ओजिला कुरा गर्नुभयो जीवनका बारेमा । जाबो मान्छे- आफ्नो जाति

बुझैं भनी तीन हात माथि उफ्रन्छ तर उसको बुझाइ अन्धाले हात्ती छामेर निकालेको निष्कर्ष जत्ति मात्र हो ।

कुरा जेजे भने पनि जीवन नभोगी जानिन्न । नभोगी जानिए यो रोमाञ्चकारी बन्ने पनि थिएन । अर्को कुरा म रोमाञ्चशून्यतालाई जीवन पनि भन्दिनँ । बाटो र गन्तव्यको पुनरावृत्तिले यात्रालाई निरस र अनाकर्षक बनाउँछ भन्ने मेरो ठम्याइ छ । रोमाञ्चको कुरा गर्दा म फुटबल खेललाई सम्झन्छु । यस खेलमा जतिबेला पनि उत्कर्ष उल्टिन सक्छ । यसैले दर्शकहरू पलपल रोमाञ्चको प्रतीक्षामा रहन्छन् । जित्ने ठानिएकाहरू जतिबेला पनि हार्न सक्छन् र हारे भनी सोचिएकाहरू जित्न सक्छन् । हो, जीवन पनि यस्तैयस्तै अनभिज्ञताले भरिएको सम्भावनाको खेल हो ।

रत्ननगर ३, चितवन ।

–_–



**हाम्रा केही**

**निबन्ध-प्रबन्ध-नियात्रा-संस्मरण-वृत्तान्त**

| | | |
|---|---|---|
| २३. परिचय : वसन्तकुमार शर्म्मा नेपाल | -बुनू लामिछाने | २०/- |
| २४. स्मृति र अनुभूति | -उत्तमकृष्ण मजगैयाँ | २००/- |
| २५. देश र विदेश | -विनोद नेपाल | ३७५/- |
| २६. अभिप्रेरणा (Motivation) | -अशोक भर | ३००/- |
| २७. बड्लङ बड्लङ | -पुण्य कार्की | २५०/- |
| २८. मज्जैमज्जा क्या मज्जा | -मेनुका बिमेज | ४५०/- |
| २९. शनैःशनैः यात्रामा | -वियोगी बूढाथोकी | ४००/- |
| ३०. उत्प्रेरणा (विश्व वैज्ञानिकहरूको जीवनी) | -राजेशमान के.सी | २५०/- |
| ३१. मेरो आत्मकथा | -उत्तमप्रसाद घिमिरे | २०/- |
| ३२. डेब्रेकुना | -गोविन्दबहादुर कुँवर | २००/- |
| ३३. टेबलगफ | -गोविन्दबहादुर कुँवर | २२५/- |
| ३४. स्वयात्रा सूर्योदयदेखि सूर्यास्तसम्म | -लक्ष्मी मास्के | १००/- |
| ३५. पातालका मान्छेहरू | -बिनोद खड्का | ५००/- |
| ३६. घाउ | -बिनोद खड्का | ६५०/- |
| ३७. गोल चक्कर | -गोपाल पण्डित | १०००/- |
| ३८. समसाकयिक निबन्ध | -प्राडा. प्रेम खत्री | ५००/- |
| ३९. माथापच्ची | -विनयकुमार शर्मा नेपाल | १५०/- |
| ४०. पुनरावृत्ति | -विनयकुमार शर्मा नेपाल | १७५/- |
| ४१. परावर्तन | -विनयकुमार शर्मा नेपाल | २००/- |
| ४२. खोल | -विनयकुमार शर्मा नेपाल | २२५/- |

# के खुसी नै आनन्द हो ?



विनयकुमार शर्मा नेपाल

के खुसी नै आनन्द हो ? वा आनन्द नै खुसी हो ? खुसी वा आनन्दको उद्‌गम स्रोत के हो ? खुसी र आनन्द बीचको अन्तराल कति हो ? के खुसी आनन्दमा परिवर्तन हुन सक्छ ? हुन सक्दैन भने किन ? हुन सक्छ भने कसरी ?

जब म एक्लै बसेर यस्ता विषय माथि चिन्तन गर्छु वा भनौं सोच्छु तब मेरो मनमा अनेक तर्क, बितर्क र कुतर्कका अनेकौं ज्वारभाटाहरू उठ्छन् । मैले देखे, सुने, पढे, अनुभूत गरे भन्दा कति हो कति फरक वा भिन्न वा धेरै विषय विधाहरू मस्तिष्कमा घुमेर सलबलाउँछन् र ती मेरो जीवनमा सार बनेर टाँसिन्छन् ।

यी विचार मभित्र टुपुल्किए कताबाट ? यसको स्रोत खोज्छु । बालक कालदेखि आफूले बाँचेका, भोगेका, पढेका दिनहरू संस्मरण गर्दा समेत कहीं कतै रौंभर तुक मिल्दैन । म कर्म र व्यवहारका अनेक हिसाब किताब जो मान्छेले आफ्नो जीवन- कालमा हेक्का राख्न वा हिसाब निकाल्न सक्दैन त्यसैलाई मान्छेले भाग्य भनी ठानेको मान्यता राख्ने मान्छे भए तापनि अन्तमा हार खाएर मेरा पुर्खा, दरपुर्खाले खाएर, भोगेर, पढेर, हेरेर पचाएका विषयवस्तुको सारविन्दु वा बीज मभित्र बीज, विन्दु, जिन, जिस्ट वा डिएनएको स्वरूपमा जन्मजात सरेछ भन्ने ठानेर भाग्यवादी बन्न पुग्दछु ।

खुसी प्रसन्नता हो । खुसी सफलता पाइने हर्ष हो, खुसी रमाइलोमा मिल्ने मुस्कान हो । खुसी मनको एक किसिमको अस्थाई सुखदायी भाव हो, खुसी दिलमा वेला वेला देखा पर्ने मात्र क्षणभरको आनन्द हो । खुसी मनको मग्नता हो भने खुसी मनको मुदिता पनि हो ।

त के खुसी नै आनन्द पनि हो ?

आनन्द मन परेको कुरा वा वस्तु पाउँदा वा पूर्ण हुँदा उब्जने अविकारी भाव हो । अविकारी भन्नासाथ तपाईंले विकार घुस्न नसक्ने वा नघुसेको आनन्दित मनको सुखमय अवस्थाको अनुभूति हो भन्ने स्वतः बुझ्नुपर्दछ ।

आनन्द मनको सजिलो अवस्था हो भने हाईसन्चो पन पनि हो। आनन्द मन वा दिलको दीर्घकालीन प्रसन्नता हो र आनन्द दुःख-कष्ट-पीडा-बिस्मात नआउने वा आए पनि विलाउने मनको प्यारो अवस्था वा स्थिति पनि हो।

मैले यति भनिदिएपछि यसैको आधारमा खुसी र आनन्दको अन्तर स्पष्ट पार्न सक्नुहुन्छ नि तपाईं कि सक्नुहुन्न ? अब पार्न सक्ने वा नसक्ने तपाईंकै मर्जी। अब तपाईं नै भन्नुहोस् तपाईंले आफ्नो अनगिनत जीवनका कति दिन, कति वर्ष वा कति कालखण्डमा कति खुसी प्राप्त गर्नुभएको छ वा आनन्द प्राप्त गर्नुभएको छ ?

तपाईं आफूले चाहेको मनमाफिक भोज वा खाना खान पाउँदा खुसी हुन सक्नुहुन्छ। मनले चाहे जति धन वा नगद पाउँदा खुसी हुन सक्नुहुन्छ। कसैले तपाईंको गुण भएभन्दा ज्यादा बढाई चढाई गरिदिंदा खुसी हुन सक्नुहुन्छ। कर्मभूमिमा पदोन्नति हुँदा वा कुनै पनि किसिमको जुनसुकै उन्नति हुँदा खुसी हुन सक्नुहुन्छ तर के क्षणभर, घन्टाभर वा केही दिनपछि नै खोजेको खाना, धन वा उन्नति नपाउँदा खुसी रहन सक्नुहुन्छ ? भर्खर कसैले गुण गाउँदा फुरुङ्ग परेको तपाईंको अनुहार भर्खरै कसैले अवगुण गाउँदा कता गयो ? के भयो ? तपाईंको त्यो खुसी ? घन्टाभर पनि नटिक्ने तपाईंको खुसी कस्तो खुसी हो ? तर चिन्ता नगर्नोस् खुसी हुन्छ नै यस्तै किनकि खुसी आनन्द होइन।

जति सजिलैसँग क्षण क्षण, हरेक दिन, हरेक कार्यमा मान्छे खुसी वा क्षणिक सुख प्राप्त गर्न सक्छ वा कुनै कारण दुःखी हुनसक्छ के त्यसै गरी क्षण क्षण, हरेक दिन, हरेक कार्यमा मान्छे आनन्द प्राप्त गर्न सक्छ ? जति सजिलोसित तपाईं वस्तु वा भाव प्राप्त गर्नुहुन्छ, प्रकृतिको अविचल नियमानुसार त्यो वस्तु वा भाव त्यति नै सजिलोसित वा चाँडो निसृत हुन्छ अर्थात् विलुप्त हुन्छ।

जसरी दिनमा हजारौं पल्ट दुःख वा सुख आउन सक्छ, हरेक कार्य वा हेराईमा खुसी प्राप्त हुन सक्छ। त्यसैगरी सजिलैसित मान्छेको एक जीवनभरमा एकपल्ट पनि आनन्द प्राप्त नहुन सक्छ किनकि आनन्द मनको यस्तो अविकारी भाव वा अवस्था हो जुन मान्छेको एक जीवनकालमा प्राप्त नै नहोला। तपाईंको मलाई थाहा छैन तर म त ठोकेरै भन्न सक्छु आनन्द मनको त्यस्तो आविकारी भाव हो जुन एकपल्ट प्राप्त गरिसकेपछि पल्ट पल्ट प्राप्त गरिरहन जरुरत पर्दैन। आनन्द एकपल्ट प्राप्त भएपछि मान्छेको जीवनभर, सदाकाल चिरस्थाइ भएर मगमगाइरहन्छ।

जसले यस धरतीमा आनन्द प्राप्त गर्छ उसले समग्र ब्रह्माण्डजनित भाव वा वस्तु सबै कुरा सम वा बराबर हैसियतका देख्छ। आनन्द प्राप्त व्यक्तिको सामु जो जे पर्छ त्यसलाई आनन्द प्राप्त व्यक्तिको प्रभाव वा तेजले प्रभावित

नपारी रहन सक्दैन । आफ्नो सामुन्नेको मनुष्यहरूलाई प्रभावित गर्न सक्ने एकप्रकारको आश्चर्यजनित प्रभाव हरहमेसा त्यस्ता आनन्दित व्यक्तिको अनुहारमा विद्यमान हुन्छ । आनन्दित व्यक्तिको बोलीमा बसेको विनम्रता र सोचमा जन्मेको समग्रतालाई कहिल्यै कसैले नास्न, मार्न वा खोस्न सक्दैन, उसको मुहारमण्डलको आभालाई अनुभूत गर्न पनि सामान्य सुखी वा दुःखी मान्छेले संभवतः सक्तैन । त्यस आभालाई देख्न बुझ्न आनन्दको प्रारम्भिक मार्ग बुझ्रेर त्यसमा लागेको हुनैपर्छ ।

मनलाई झुठा सावित गर्ने वा मनलाई आत्मसात नगरेर साक्षी मात्र बन्ने जो कोहीले जति नै ध्यान, योग गरे पनि, लोभ र लालच पालेर जति नै कथा, कविता लेखे पनि, ईर्ष्या र कुण्ठा राखेर जति नै उपदेश, सिद्धान्त वा प्रवचन ठोके पनि, दिनरात कुनै मन्त्र जपे पनि तिनले आनन्द प्राप्त गर्न सकेका हुँदैनन् । बरु वेला कुवेला आनन्द प्राप्त गरेको, ईश्वरलाई भेटेको, स्वर्ग वा स्पेससम्म पुगेको, संसारको यावत् विषय वा गुह्य जानेको, भोगेको भ्रममा अनेक दाबा ठोकिरहेका नौटङ्कीबाजहरू भेटिन सक्छन् । अप्रत्यक्षमा भौतिक वस्तुलाई भोगिरहने, भोग्ने इच्छाशक्ति बढाइरहने तर प्रत्यक्ष वा बोलीमा त्यसको विरोध गरि रहने खालका अर्थात् मन र शरीरले द्वैध कार्य गर्नेले कुनै हालतमा आनन्द प्राप्त गर्न सक्दैन । सबैभन्दा पहिले आनन्द प्राप्त गर्न मन-शरीर र आत्मालाई एकाकार गरेर विचारबाटै घृणा, लोभ, लालच, इच्छा, आकाङ्क्षा, रिस, कुण्ठा, घमण्ड, गर्व, अहङ्कार आदि नकारात्मक शक्तिलाई तिरोहित गर्नुपर्दछ । तपाईंले 'म' तत्त्व वा पनलाई त्याग्नु पर्नेछ । के आँट, हिम्मत, क्षमता छ तपाईंसँग 'म' पनलाई त्याग्ने जुन तपाईंले नै पत्तो नपाउने गरी तपाईंको प्रत्येक बोली, विचार, व्यवहार र हावभावका क्रियाकलापमा फुत्त फुत्त क्षण क्षण देखा परिरहन्छ ।

न त आनन्द त्यस्तो अविकारी भाव हो जुन क्षणिक वा कुनै विषय वा वस्तुका कारण जन्मिने गर्छ । तपाईं के भन्नुहुन्छ ? प्रेम, आस्था, भक्ति जस्ता शब्द सुखकारी हो कि आनन्दकारी ? यी शब्दले प्राप्त गर्ने गराउने भाव आनन्द हो कि सुख हो ? विकारी र अविकारीको अन्तर यदि तपाईं बुझ्नुहुन्छ भने कुन सुख र कुन आनन्द सजिलै पत्तो पाउन सक्नुहुनेछ ।

-_-

http://nepalipublisher.com/downloads-vajyanti

हाम्रो वेबसाइटमा वैजयन्तीका सबै अङ्क
डाउनलोड गर्न सक्नुहुन्छ है ।

# कुरा मान्छेको



विनोद नेपाल

कुहिराको काग भएको छु । के लेखुँ ? कहाँबाट प्रारम्भ गरूँ ? मेसो पाउन सकेको छैन । यस्तो अवस्था प्रायः उत्पन्न हुन्छ किनकि, समय नै यस्तो छ । यत्रतत्र विषयै विषय छन् अर्थात् बग्रेल्ती छन् लेख्ने विषय, कमी छैन, विषयको विस्कुन छ सामुन्ने तर तिनबाट पर्गेलेर उचित विषय छान्नु, ठम्याउनु सहज छैन ।

विषयको उठान आकर्षक, उत्कर्ष रोमाञ्चक र समापन प्रभावकारी हुन सक्यो भने पो त्यसको अर्थ रहन्छ । अक्षरहरूको लहर मात्रले पाना भर्नुको के अर्थ ? यसैले कठिन छ आँट्नु तर यसो हुनुमा दोष आफ्नै छ र यो दोष आफूभित्रको मान्छेको हो, मान्छे अर्थात् मानिस हुनुको हो ।

ज्ञातव्य छ, बुद्धिमान मानिने मानिस जिज्ञासु प्राणी हो । ऊ हरक्षण केही न केही सोचिरहेको हुन्छ, केही न केही खोजिरहेको हुन्छ अर्थात् कुनै पनि समय खाली र निकम्मा अर्थात् बेकार रहँदैन मान्छे । सकारात्मक-नकारात्मक जेसुकै होस् उसको मनमा केही न केही खेलिरहेकै हुन्छ, चलिरहेकै हुन्छ अर्थात् मान्छे सिर्जनात्मक हुन्छ, रचनात्मक हुन्छ यद्यपि त्यसले दृश्य आकार-स्वरूप ग्रहण गर्ने कुरा आफ्नो ठाउँमा छ । यहाँनेर खुसुक्क एउटा कुरा भनिहालुँ मानिस आफ्नो भन्दा बढी अरूका बारेमा सोच्छ र त्यही उसको दुःख, असन्तुष्टिको प्रमुख कारक बन्दछ ।

फेरि फर्कौं पुरानै कुरातर्फ, मेरो विचारमा मानिस सधैं बेफुर्सद छ । के र कस्तो बेफुर्सदी भन्ने कुरा चाहिँ स्वभावमा निर्भर हुन्छ तर विडम्बना ! सोधपुछको क्रममा भुटो दुनियाँका प्रायः मानिस भन्ने गर्दछन् 'केही छैन, यत्तिकै छु, फाल्तु छु, फुर्सदिलो छु ।'

वास्तवमा व्यस्तता मानिसको जन्मजात चरित्र हो र मानिस सधैं व्यस्त छ, बेफुर्सद छ । आवरणमा फुर्सदिलो देखिए पनि ऊभित्र हरहमेसा केही न केही चलिरहेकै हुन्छ । व्यस्तता शारीरिक वा मानसिक हुन सक्छ, व्यक्त वा अव्यक्त, आन्तरिक वा वाह्य हुन सक्छ । कस्तो व्यस्तता भन्ने फरक कुरा हो तर केही नभएको, केही नगरेको वा केही नसोचेको मानिस हुँदैन । अर्को कुरा जीवन

भन्नु नै व्यस्ततामा छ, जीवन यसमै अडेको छ भने मानिस कहाँ पो फुर्सदिलो हुन्छ, हुन सक्छ र ? साँच्चिकै भन्नुपर्दा व्यस्तताविनाको जीवन निर्जीव हुन्छ र निर्जीवता मात्र फुर्सदिलो हुन्छ । व्यस्तता अनेक किसिमका हुन्छन् । पात्र, परिवेश र प्रवृत्ति यसका निर्धारक तत्त्व हुन् । रूप र सारमा पनि विभाजित गर्न सकिन्छ यिनलाई किनकि मानिस रूप र सारमा एउटै हुँदैन, भिन्न हुन्छ ।

यो अनुभूत सत्य हो कि सुन्दर मान्छेका मनभित्र कुरूप विचारको अड्डा, अखाडा हुन सक्छ, असुन्दरका हृदयमा जाज्वल्यमान विचार रहेको हुन सक्छ । हामीले यस्तो बेलाबखत महसुस गरेका, भोगे-व्यहोरेका पनि त छौं । अनुहार, आकृति अर्थात् आवरण सरसरती पढेर 'यो चाहिँ ठीक छ' भन्यो त्यो नै उपद्रयाहा-छुल्याहा चरित्रको हुने र बाहिरबाट बेठीक लागेको चाहिँ इमानदार र नैतिकवान् हुने अवस्था हामीले बेलाबखत भोगेकै, महसुस गरेकै त छौं ।

व्यस्तताको कुरा गर्दा म यिनलाई दृश्य र अदृश्य व्यस्तताका रूपमा विभाजन गर्ने गर्छु । दृश्य व्यस्तता आफ्नै किसिमको र अदृश्य आफ्नै किसिमको हुन्छ । दृश्य व्यस्तता बाह्य जगत्ले छरछिमेक साथीभाइ सबैले देख्ने, महसुस गर्ने खालको हुन्छ भने अदृश्य व्यस्तता अनुभूतिमा रहन्छ, यो आफैमा मात्र सीमित हुन्छ । निश्चय नै मुहारले, हाउभाउले अव्यक्त रूपमै हमेसा केही बोलिरहेको हुन्छ तर त्यो बुझ्ने र त्यसलाई अर्थ्याउने सामर्थ्य निकै कममा मात्र हुन्छ ।

व्यस्तता तनावको कारक हो र यो तनावबाट मुक्तिको उपाय पनि हो । मन कहाँ पुग्छ, के खोज्छ, कस्तो रोज्छ वा भनौं मन कस्तो कुरामा जान्छ त्यसले यसको निर्धारण गर्छ । मानिसले हेक्का राख्नैपर्ने चाहिँ यसैमा हो । उडिरहने मनलाई ठाउँमा अर्थात् काबुमा राख्न सकिएन भने त्यसले दुर्घटना निम्त्याउँछ, यस्तो अवस्थामा दुर्घटना अवश्यम्भावी हुन्छ ।

जीवनको अभीष्ट के हो ? गन्तव्य के हो ? यदि सही निर्णय लिन सकिएन, सही मार्ग पहिल्याउन सकिएन भने त्यसले कता लैजान्छ वा कुन भड्खालोमा पुऱ्याउँछ, भन्न सकिँदैन । कुनै किसिमको प्रलोभनमा फँसियो भने विश्वासमा तीव्र क्षयीकरण हुने र त्यसले गन्तव्यमा पुऱ्याउन नसक्ने निश्चितप्रायः हुन्छ । अविश्वासको दलदल वा आशङ्काको घेरामा परियो भने त्यसले अन्धकार तर्फ नै धकेल्छ ।

अधोगतिको कारक अरू मात्र हुँदैनन् आफ्ना पनि कमी-कमजोरी हुन्छन् भन्ने कुरा स्वीकार गर्न सकिएन र अर्काकै पछि मात्र लागिरहियो भने त्यो महाभूल हुन्छ र त्यसले जीवनलाई थप तनाव, थप अन्योल, थप आक्रोस हुँदै अकल्पनीय दुर्घटनामै पुऱ्याउँछ भन्ने कुरा पनि शायद उल्लेख गरिरहनु नै पर्दैन ।

हामी भनिरहेकै छौं, स्वीकार गरिरहेकै छौं कि जीवन अमूल्य उपहार हो र यसलाई ठट्टा ठान्नु ठूलो भूल हो । जीवन सस्तो छैन, यो दुर्लभ छ, महँगो छ ।

मान्छेहरू पुनर्जन्मको कुरा गर्छन्, कतिपयले त त्यसकै आशामा सत्कर्मको नौटङ्की नै गरिरहेका देखिन्छन् । जीवनमा राम्रो गर्नुपर्छ, राम्रै राम्रो सोच्नुपर्छ । कसैको कुभलो, अहित सोच्नु हुँदैन । नकारात्मकता बाट सदैब टाढा रहनुपर्छ । अर्को जन्मको आशा गर्ने होइन कि यही जीवनलाई सार्थक बनाउनु पर्छ । निश्चय नै भन्नु र व्यवहारमा परिणत गर्नु भिन्न कुरा हो र त्यो कठिन पनि छ । यसका लागि अठोटको आवश्यकता पर्छ, प्रतिबद्धताको अपरिहार्यता रहन्छ । अर्कातिर एउटा औंला देखाउँदा चारवटा औंला आफूतिर फर्किरहेका हुन्छन् भन्नेसम्म त हेक्का नराख्ने मान्छेलाई यसको ख्याल राख्ने फुर्सद नै कहाँ र ?

जेसुकै होस् आफ्ना कर्मको समीक्षा आफूले नै गर्न सिक्नुपर्छ अर्थात् बेलाबेलामा आत्मूल्याङ्कन गरिरहनुपर्छ, आत्मसमीक्षा गर्नुपर्छ कत्ति मोलाहिजा नगरी निर्मम भएर । आफ्ना कमजोरी चिन्नु नै आफूलाई चिन्नु हो । आफूलाई समयमै राम्ररी चिन्न, ठम्याउन सकियो भने मात्र जीवन सफल हुन सक्छ । आफू ठाउँमा बसियो भने मात्रै अर्कालाई औंला देखाउन सुहाउँछ । यो चाहिँ हेक्का राख्नैपर्छ ।

ईर्ष्या, डाहा, लोभ र मोह तनावका कारक हुन् । यिनबाट मुक्त हुन सक्नुपर्छ । चिन्ता होइन चिन्तन गर्न सिक्नुपर्छ । शङ्का होइन विश्वास गर्न सिक्नुपर्छ । जीवन जिउने कलाका अनेक कुरा सुनिन्छ, वास्तवमै जीवन जिउन कला आवश्यक हुन्छ तर कसैले सिकाएर सिकिने कला होइन, आफू भित्रबाट स्वस्फूर्त रूपमा निष्पत्ति हुने कलाले नै जीवनलाई अलङ्कृत गर्न, रसमय र सुस्वादु बनाउन सहयोग गर्छ । हामीले देखेकै त छौं नभएर पनि यथेष्ट, औंलादौंला भएजस्ता सन्तुष्ट कोही र भएर पनि नभएजस्तो कृपण र असन्तुष्ट बाँचिरहेका कोही ! हामीले देखेकै छौं आनन्दमय जीवन बिताइरहेका कोही अनि ईर्ष्या र डाहाको ज्वालामा आफैलाई जलाइरहेका कोही ।

हामीले देखेकै छौं महँगा वस्त्र परिधानमा सजिएका भ्रममा बाँचिरहेका नाङ्गाहरू र आनन्दमय जीवन बिताइरहेका साँच्चिकै नाङ्गा श्रमजीवीहरू । कसैलाई थुपार्ने तनाव छ, थुपार्नकै लागि असन्तोष छ, अनिद्रा छ, रोगको भारी छ, कसैलाई लाज छोप्ने, छाक टार्ने र टाउको ओताउने कुराको मात्र चिन्ता र चासो छ । आनन्द पछिल्लामा छ, आत्मसम्मान पछिल्लामा छ ।

जीवनलाई भोग गर्न जान्नुपर्छ, बाहिर कतैबाट, कसैबाट सिक्ने होइन भोगाइहरूबाट सिक्नुपर्छ, आफैबाट सिक्नुपर्छ, आफैलाई सिकाउनुपर्छ, । यो ज्ञान कुनै शास्त्रबाट प्राप्त हुँदैन । आफैमा उत्पन्न हुने कला हो जीवन जिउने कला, यही कलाले जीवनलाई सार्थक बनाउँछ ।

जीवन समस्या र सम्भावनाहरूको खेल हो र यो पनि सुन्दै आइएको हो कि

जीवनको शब्दकोशमा असम्भव भन्ने शब्द नै छैन। यसैले जीवनलाई निराशा होइन आशा र उत्साह, उल्लास र उमङ्का साथ विताउने प्रयत्न गर्नुपर्छ। मानिस गतिशील र बुद्धिमान प्राणी हो, बौद्धिकता उसको सम्पत्ति हो र गतिशीलता उसको चरित्र हो। मान्छे यथास्थितिमा रमाउन सक्दैन, परिवर्तन चाहन्छ, यसैले अग्रगामी पनि हुन्छ। नाराले अग्रगामी, धेरै हुन सक्छन् तर कर्मले, व्यवहारले अग्रगामी हुनुमा यसको सार्थकता छ र यसका लागि केही नयाँ गर्ने प्रयत्न गरिरहनुपर्छ।

सन्तोष अर्थात् सन्तुष्टि गतिशीलताको बाधक हो, सिर्जनाको बाधक हो। यसैले असन्तुष्ट रहनुपर्छ सधै। केही न केही गर्ने हुटहुटी, अझै केही गर्नुपर्छ भन्ने सोच, अठोट र चाहना हुनैपर्छ तर अस्वाभाविक चाहना र महत्त्वाकाङ्क्षाले भड्खालोमा पार्ने सम्भावनाप्रति भने सदैव सजग रहनुपर्छ। जीवन जिउनु कठिन छ। अझ इमान जिउनु, नैतिकता जिउनु र स्वाभिमान जिउनु झन् कठिन छ र यो झन् झन् कठिन हुँदै गएको छ। यसप्रति सजग रहँदै जिउने प्रयत्न गर्नु वर्तमानको अनिवार्यता हो। ओहदा क्षणिक हो र ओहदाको रवाफ व्यर्थ हो। यसप्रति सदासर्वदा सजग रहनुपर्छ। जहाँसुकै पनि आफ्नो वास्तविक धरातलको हेक्का राख्नुपर्छ।

जीवनमा सुखैसुख भइदिए हुन्थ्यो तर त्यसो हुँदैन। सुखका क्षणहरू सजिलै बित्छन् र बिर्सिइन्छन् पत्तै नपाई तर दुःखका घडीहरू स्मरणमा रहिरहन्छन्। सुखको साथ भन्दा दुःखको हात स्मरणमा रहन्छ।

आफूलाई मन नपर्ने व्यवहार अरूसँग नगरौं, बुझौं त्यसो गर्नु असभ्यता हो। बडप्पन अर्थात् ठुल्याईं महारोग हो, सबैलाई आफू जस्तै देखौं। बुझौं, हामीलाई कसैलाई घृणा र कसैमाथि हेलाहोचो गर्ने अधिकार छैन। आसक्तिले, कसैप्रतिको भक्तिले आफ्नो पहिचान रहँदैन। आत्मनिर्णयको क्षमता हरेकमा हुनुपर्छ। त्यसतर्फ लागौं। बाधा अड्चन आइरहन्छन्, पन्छाउँदै हिँड्नुपर्छ।

मान्छेका अनेक रूप हुन्छन्। कोही दाउपेच, षडयन्त्र, उछितो काढ्नुमा रमाउँछन् आनन्द लिन्छन् भने कोही निरीह, मूक दर्शक बन्नु श्रेयष्कर ठान्दछन्, चयन आआफ्नो हो।

कतै पढेको छु भर्खरै मात्र, मानिस जीवनमा धेरै सोच्दछन् तर आनन्दित कम हुन्छन्, यसो हुनु हुँदैन। तपाईंको मन समाजको फोहर थुपार्ने भाँडो होइन। ख्याल गर्नोस् त, जब छेउबाट कोही गयो भने उसले तपाईंको दिमागमा केही न केही भरेरै जान्छ। दृश्य या ध्वनि, जे पनि जुन तपाईंका इन्द्रियसँग ठोकिन्छ, संवदेना, स्वाद या गन्ध त्यसले तपाईका ज्ञानेन्द्रियलाई स्पर्श गर्दछ, तपाईको मनमा जम्मा भएर बस्छ। जसलाई तपाई मन भन्नुहुन्छ, जे तपाईले आफ्नो मनमा जम्मा अर्थात् भण्डारण गर्नुभएको छ त्यो ती सामाजिक, धार्मिक र सांस्कृतिक स्थितिमा निर्भर हुन्छन् जहाँ तपाई हुर्कनु बढ्नुभएको छ अर्थात्, हामी समाज र सामाजिक परिवेशबाट अछुतो रहन सक्दैनौं।

हामी मनलाई तीन भागमा बाँड्न सक्छौं । मनको विवेक विचार गर्ने भागलाई बुद्धि भन्दछौं, अर्को हो प्राप्त सूचना एकत्रित गर्ने भाग र तेस्रो जागरुकता जसलाई 'प्रज्ञा' भनिन्छ । तपाईं आफ्नो दिमागमा जुन किसिमको फोहर एकत्रित गर्नुहुन्छ जीवनमा त्यस्तै सोच्नुहुन्छ, बुझ्नु र महसुस गर्नुहुन्छ । तपाईंमा केही सामाजिक, केही धार्मिक र केही आध्यात्मिक फोहर छन् जबकि फोहरहरूको जीवनमा कुनै आवश्यकता र उपयोगिता हुँदैन । यिनको व्यवस्थापन गर्ने योग्यतालाई बुद्धि भनिन्छ र यो काम बुद्धिले गर्दछ, गर्नुपर्दछ । बुद्धिले काम गर्न सकियो भने अप्रत्याशित दुर्घटनामा पर्नु पर्दैन ।

पुनः प्रमुख विषयतर्फ लागौं । कुरा फुर्सद बेफुर्सद अर्थात् व्यस्तताबाट थालिएको हो । कसैका मत वा विचारका पछाडि दौडेर अर्थात् पराधीन बनेर व्यस्त भएको देखाउने कि आफ्नै आदर्श, आफ्नै मान्यता, आफ्नै विचार र चिन्तनका अधीन स्वतन्त्र र व्यस्त रहने ? बुद्धिको परीक्षा यहिँनेर हुनसक्छ । समय शक्तिशाली छ । बितेको समय फर्कदैन । यसैले समयमै सही सोच्न सकियो भने जीवनले सही दिशा लिन सक्छ र अनुत्पादक रूपमा समय गुज्रने अवस्था आउँदैन । हरेक मान्छे आफैमा राम हो, कृष्ण हो, बुद्ध हो, इसा मसिह हो, अल्लाह हो । यति मात्रै स्वीकार गर्न सकियो भने धेरै कुरा स्वतः ठीक हुन्छ ।

सुखद भविष्यको खोजीमा बित्छ समय मान्छेको तर विरलै भेटिन्छ त्यो । जीवनको लयलाई आकस्मिक, अप्रत्याशित र आश्चर्यनजक घटनाहरूले भङ्ग गरिदिन्छन् तीसँग सजग रहँदै सन्तुलन मिलाएर हिँड्नुपर्छ । धैर्य सबैभन्दा ठूलो शक्ति हो र यसको सहयोग जीवनका लागि अनिवार्य छ ।

समयको तस्वीर विद्रुप छ । नैतिकता र संस्कारको खडेरी पर्दै गएको समाजमा मान्छेको विश्वास र भरोसा हराउँदै गएको छ । मानवता हराएको र मान्छेको शत्रु मान्छे अनि मान्छेको डर मान्छेसँगै बढ्दै गएको वर्तमानलाई कसरी सभ्यता भन्नु ? कसरी आधुनिकता भन्नु ? मथिङ्गल कुनै आधार भेटाउन सक्दैन । जेसुकै होस् भविष्यको चिन्ता वा आशामा वर्तमानलाई दुःखी बनाउनु बुद्धिमानी हुँदैन । नैतिक बल सबैभन्दा ठूलो शक्ति हो । यसको हेक्का राख्नुपर्छ ।

अन्तमा, विज्ञानको चमत्कारले संसारलाई साँगुरो बनाएको छ तर मान्छेको मनलाई फराकिलो बनाउने उपायतर्फ किञ्चित् चासो देखाएको छैन । देखाओस् पनि कसरी ? त्यो सम्भव पनि त छैन । सम्भवतः यसैले यन्त्र मानवलाई अघिल्तिर उभ्याइदिएको छ र बिस्तारै वैकल्पिक मानवको रूपमा यन्त्रमानवले आफूलाई अघि सारिरहेको छ तर पनि जीवन जिउनु छ, कतै तमासा बन्नु र कतै हेर्नु छ, कतै रुनु र कतै हाँस्नु छ ।

--

# ठालु



डा. विश्वदीप अधिकारी

ठालु भन्ने बित्तिकै भारवाहकको परिकल्पना हुन्छ । शिवले शिरमा गङ्गा धारण गरेर गङ्गाधारी, घाँटीमा कालकुट विष धारण गरेर नीलकण्ठ नाम पाएको पौराणिक कथा हामीले पढे सुनेकै हो । कठिन एवं गम्भीर भार जसले वहन गर्न सक्छ त्यही नै ठालुको गणनामा आउने हो । सबैको हितमा लाग्ने असल नै ठालु हो । ठालुले एउटा विम्बको प्रतिनिधित्व गर्दछ भन्ने मेरो बुझाइ हो ।

धनीमानी, हुनेखाने, प्रतिष्ठित, हैकम चलेको, क्षमता भएको, आफूलाई पीडा दिएर पनि अरूलाई मद्दत गर्ने मान्छेको प्रतिनिधि शब्द हो ठालु । जसको बोली बिक्छ उही ठालु । जसले कजाउन सक्छ त्यही ठालु । जसले मान्छे खेद्न सक्छ त्यही नै ठालु । जो आफूलाई अरूको केन्द्रविन्दु बनाएर राख्न सक्छ त्यही ठालु । ठालुले आफ्नो बोली कसरी बिकाउँछ ? अरूलाई कसरी कजाउँछ ? मान्छे कसरी खेद्छ ? कसरी केन्द्रविन्दुमा रहन्छ ? जस्ता सबै कुरा ठालुका लागि गौण विषय हुन् । समयले ऋतु फेरे झैं शब्दले पनि ऋतु फेर्ने भएर नै कतिपय कुरालाई सामयिक पनि भन्ने चलन छ । उहिलेका पौराणिक ठालु र अहिलेका आधुनिक ठालुले दिने अर्थ पनि फेरिँदो पो छ कि ? भन्ने भान हुन्छ ।

हाम्रो सनातन संस्कृत सूक्ति उक्तिले विद्वान् र शासक कहिल्यै समान हुँदैनन् भनेको हामीलाई थाहा नै छ । शासक आफ्नै देशमा मात्र पूज्य हुन्छ भने विद्वान् संसारभर पूज्य हुन्छ । ठालु भन्दा स्वदेशी ठालु कि विदेशी ठालु ? भन्ने प्रश्न नउब्जने होइन । यसै हिसाबले पनि ठालु थरिथरिका हुने नै भए । असल पनि हुने भए खराब पनि हुने भए । राम्रा पनि हुने भए नराम्रा पनि हुने भए । दुष्ट पनि हुने भए प्रिय पनि हुने भए । ढोंगी पनि हुने भए यथार्थवादी पनि हुने भए । परिवेश अनुसार जस्ता प्रकृतिका पनि ठालु हुने नै भए । आजको समयमा सुकर्म गर्ने मात्र ठालु नभई कुकर्म गर्ने पनि ठालुमा नै गणना हुने गरेको छरपस्ट नै छ । नेता हुने गुण हुँदै नभएकाले आफूलाई नेता भनेर झ्याली पिटेजस्तो ।

आफ्नै नाम, आफ्नै काम, आफ्नै शैली, आफ्नै ढर्रा, आफ्नै टट्टु भए

पनि समग्रमा ठालु भनेर चिनिने मान्छे जुँगामुठे, धसिङ्गरे हुनुपर्ने वा चिपिच्याल्ल चकलेटी हुनुपर्ने कुनै नियम छैन । जस्तोसुकै होस् ठालु भन्ने बित्तिक्कै ठूलो मान्छे भइहाल्यो । ठूला कोही भित्र सकारात्मक भाव असलपन पनि हुन सक्ला । कोहीमा नकारात्मक भाव र खराबपन मात्र पनि होला । जेजस्तो भए पनि ती ठालु । हैकमवाला । प्रतिष्ठित । धनका धनी अर्थात् धनीमानी नै ठालु कहिन्छन् । धनको कारण मान पाएका तर पापी अपराधी पनि ठालु नै गनिन्छन् ।

सुज्ञानी मान्छे ठालुको भेषमा भएको भेऊ मैले पाइरहेको छैन, कि कतै तपाईंले पाउनुभएको छ कि ? सुज्ञानीमा ठूलो पनको अहङ्कार नहुने हुनाले ती असल मान्छे कहलिने गर्दछन् । तिनलाई हामी साधुसन्त भन्ने गर्दछौँ । आधुनिक ठालुभित्र साधु सन्तको पन पाइँदैन । त्यो त त्रेता युगका राजा जनकमा मात्र थियो । उनी राजा अर्थात् ठालु मात्र होइनन् सन्त पनि थिए । त्यसैले त देहधारी भईकन पनि विदेह भनेर पुकारिए ।

ठालु शब्दले ठूलो मान्छेको प्रतिनिधित्व गरिरहेको छ । अरूलाई निचोरेर आफू पुष्ट हुने पन नै हाम्रो समाजमा ठालुको अव्यक्त परिचय हो । अरूलाई दवाएर, दच्काएर, पन्छाएर, सिध्याएर, लतारेर, पछारेर हैकमको दबदबा देखाउने दुष्ट प्रवृत्तिलाई ठालु रूपी विशेषण विभुषित गराइने गरिएको पाइन्छ । जो चिच्याउन जान्दैन, जो हकार्न जान्दैन, जो सोठ्याउन जान्दैन, जो कुर्लन जान्दैन, जो निमोठ्न जान्दैन, जोसँग लठैत हुँदैन त्यो ठालु हुँदैन । एक हिसाबले ठालुले शक्तिको प्रतिनिधित्व गरिरहको हुन्छ । धन र शक्तिको मातमा मदहोस हुने गर्दछ ठालु । विचरा लठैत दालभातको लागि ताबेदारी गर्दछ ।

ठालु हुन जुँगा र रूप चाहिँदैन । लुट्न, चुट्न, पिट्न, खेद्न, धकेल्न, निमोठ्न, भाँच्न, बिगार्न सक्ने आदि गुण नै ठालुका खास परिचय हुन् अहिले । आधुनिक ठालुले डर, त्रास, दुःख, पीडा, हैरानी, अपमानजस्ता विषयको प्रतिनिधित्व गरिरहेको छ ।

गाउँको सङ्ख्या बिस्तारै घटेर शहरको सङ्ख्या विस्तार भइरहेको युग हो अहिलेको युग । पहिले गाउँमा ठालु हुन्थे । अहिले शहरमा पनि ठालु हुने गरेका छन् । गाउँका ठालु सानो माछा मार्दछन् भने शहरका ठालु ठूलो माछा मार्ने गर्दछन् । गाउँको ठालु र शहरको ठालुमा खासै फरक छैन । दुवै उस्तै उस्तै हुन् । पेशाको प्रकृति, मात्रा मात्र फरक हुनु परिवेश एवं क्षमताअनुसार हुने कुरा भयो । शहरमा चलेको डन शब्द पनि ठालुकै पर्याय त हो नि ! होइन र भनेको ? कि होइन जस्तो लाग्दछ तपाईंलाई ? होइन भने पनि केही छैन । परिभाषा, दृष्टिकोण आआफ्नै हुन सक्छ । डनको काम पनि त तर्साउने, धम्क्याउने, छकाउने, कुट्ने, पिट्ने, मार्ने नै त हो । अर्कालाई हानि पुऱ्याएर, पीडा दिएर आफ्नो

उन्नति गर्ने, मोज गर्ने ।

धन, प्रतिष्ठा, शक्ति नभएको मान्छेले आफूदेखिबाहेक अरू कसैलाई पनि हैकम चलाउन सक्दैन । असल मान्छेले विनामिहिनेत धन आर्जन गर्न सक्दैन । उसको मिहिनेतको धन उसलाई वर्षभरि गुजारा चलाउन पुगेस् पुगेस् हुने गर्दछ । मिहिनेतविना धन आर्जन गरी हैकम चलाउने मान्छे बन्न सबै जान्दैनन् । यस्तो प्रकृतिको प्रतिनिधित्व ठालुले गरिरहेको हुन्छ । टुप्पोबाट पलाएको मान्छे प्रतिष्ठित ठालु हुने जमानामा हामी हुर्किरहेको अवस्था हो । फेदैबाट मपाइँले पालेर हुर्की बढेको मान्छे सहजै आफ्नो शील छाड्न सक्दैन ।

हुन त हरेक घर परिवार समाजमा ठालु नहुने होइन, हुन्छ । कसैले भिन्न अप्रिय स्वभाव प्रदर्शन गरेमा ठालु पल्टेको भन्ने चलन नै छ । घर परिवारमा बाबुआमा अभिभावकले सानामाथि देखाउने ठालुपनमा पूर्वाग्रह हुने गर्दैन । त्यसमा अनुशासन अर्थात् निष्ठाको पाठ पढाउन अवलम्बन गरिने सहृदयता भित्रको कठोरतासम्म झल्कने हो । ता कि सन्तान कुबाटो नलागी सुबाटो समाऊन् । यो रक्षा शिक्षाको एउटा कडीसम्म मात्र हो । यसप्रकारको ठालुपनमा स्वार्थले जग नहाली निःस्वार्थपनको मिठास झल्किरहेको हुन्छ ।

ठालु एउटा पेशा पनि हो अहिले । टोले गुण्डादेखि राष्ट्रिय गुण्डासम्म गरी देशभर धेरै प्रकारका ठालु भेटिन्छन् देखिन्छन् महसुस गरिन्छन् । हिजो जुन परिवेशमा ठालु शब्दको विकास भए पनि आज यो शब्द गुण्डासँग जोडिन पुगेको छ । गुण्डासँग जोडिनु भनेको दमनको पर्यायको रूपमा बुझ्नु हो ।

हिजोका दिनमा पुर्खाले ठालु शब्दको चयन गर्दा यस शब्दमा नकारात्मक पनको अवस्था विलकुलै थिएन भन्ने अनुभूति हुन्छ । जान्ने, सुन्ने, बुझेको, गारोसारो पर्दा पैसा पनि खर्च गरिदिने मनकारी, प्रभाव पार्न सक्ने शक्तिसम्पन्न मान्छेको रूपमा यस ठालु शब्दलाई बुझ्ने गरिन्थ्यो । आजको दिनमा ठालु भन्ने बित्तिक्कै चट्टु, छट्टु, स्वार्थी, लुटाहा, पीडाकारी, अप्रिय मान्छेको रूपमा बुझिन्छ । सताउने मान्छेको रूपमा चिनिन्छ । सङ्गत गर्न नहुने मान्छेको रूपमा बुझिन्छ भन्ने मेरो महसुस छ । तपाईंलाई कस्तो लाग्छ ?

–_–

**गीत, गजल, म्युजिक भिडियो,**
**विवाह, कार्यक्रम आदिको लागि**

हामीलाई सम्झनुहोस्

Four Cube Entertainment

9860660925/9841466812

# लामखुट्टे विरुद्धको विज्ञप्ति



श्रीबाबु कार्की

केही दिनदेखि म निबन्ध सोचिरहेको थिएँ।

मस्तिष्कमा निबन्धको कच्चापदार्थ खोज्दै हिँड्दा अनेकौं विषयको खिचडी पाकिरहेको थियो। यो संसारमा लेख्ने कुरा अनेकौं छन्। अनेकौं छन् लेखिन बाँकी कुराहरू पनि जो हामीले लेखेका छैनौं। जटिल कुराहरू धेरै लेखिए/लेखिँदै पनि छन्। कतिपय साधरण कुराहरू पनि लेख्न सकिन्छ जो हाम्रै आँखा अघिल्तिर छुटेका होऊन्। जीवनलाई त्यति क्लिष्ट बनाउनु पनि हुन्न- जीवन त सरल होओस् भन्ने ठान्छु। हामीले जीवन निक्कै कष्टकर बनाउँदै गएका छौं। अप्राप्य कुराहरूमा हाम्रो ध्यान छ। जो पाउँदैनौं त्यसैको पछिल्तिर दगुर्नु बेकार छ। जीवनलाई आशाको खेतीमा दगुराउनु हुन्न भन्ने लाग्छ।

यसो सोच्छु, यो संसार युद्ध/कोलाहल/अशान्ति/बेथिति/विसङ्गति/लोभ/मोह/अभाव/द्वेष र आक्रोशले भरिएको छ। जहाँ मानिसको आफ्नो भन्ने/स्थिर भन्ने र सुखद लाग्ने कुरा निक्कै कम छन्। यी सबै हाम्रा दुःखका कारक हुन्। हामीसँग जे छ त्यसैसँग रमाउनु पर्छ। खुसी त मसिनो मसिनो कुरामा खोज्ने हो। एक्कैचोटि ठूलो खुसीको कल्पना गर्नु सधैं दुःखी बन्ने लक्षण हो। जुन कुराले हामीलाई कहिल्यै खुसी तुल्याउँदैन।

अँ, साँच्चै ! म त निबन्धको कुरामा थिएँ। मैले एउटा निबन्ध लेखेर दिनु छ। समय छोटो छ। छोटो समयमा लेख्न निक्कै गाह्रो छ तर लेख्छु। सम्पादकलाई निराश बनाउनु छैन। मैले सोचें अहिले म दर्शनका ठूला ठूला कुरा लेख्दिनँ। मैले भोगेको/अनुभूत गरेको सामान्य कुरा लेख्छु। कहिले मनमय भइदिन्छु।

के लेख्ने ? के नलेख्ने ? मनमा द्वन्द्व चर्किरहेको थियो।

'भो, केही लेख्दिनँ। यो गर्मीमा के लेख्नु ?

सोच्दा उसै त टाउको चड्किन्छ। नदुखेको टाउको झन् नदुखाउँ' - भित्री मनले यस्तै निर्देश गऱ्यो तर पनि अर्को मन मानेन। कतिपय कुरामा मन पनि विभाजित हुन्छ। मनबाट मनहरू हुन्छन्। सुझाव त मनहरूबाट पनि लिनुपर्छ। अग्रजको आग्रह उसै कसरी इन्कार गर्नु ? कम्तिमा कोसिस त गर्नै पर्छ मनभित्रको

मनले भन्यो ।

म कम्प्युटरको स्क्रिनमा हेर्दै एउटा हातले माउस किटिक-किटिक पार्दै थिएँ । हृदयमा त्यस्तो कुनै विषय आइरहेको थिएन । कुनै नूतन विषय खोजिरहेको थिएँ म । जसले पाठकको मस्तिष्क थोरै भए पनि रोमाञ्च बनाओस्/केही अवसादहरू भूलाओस्/अनावश्यक चिन्ताहरू दूर गराओस्/एकैक्षण भए पनि मनमा खुसीको सञ्चार गरोस् । साहित्यले अरू त के नै दिन सक्छ र ? मन र मस्तिष्कलाई मनोरञ्जन गराउने हो । थोरै मस्तिष्कलाई खुराक दिने हो । थोरै हृदयलाई आल्हादित बनाउने हो । मनको महाऔषधी हो - साहित्य ।

हिजो मात्रै निबन्धकार विनयकुमार शर्मा नेपालले एउटा निबन्ध माग्नुभएको थियो । 'श्रीबाबुजी ! तपाईंसँग एउटा आत्मपरक निबन्ध छ भने पठाउनुहोस् न । 'वैजयन्ती'को निबन्ध अङ्क आउँदैछ ।' 'वैजयन्ती' विधाकेन्द्रित साहित्यिक पत्रिका हो । 'यस अघि ७८ निबन्धकारका निबन्ध प्रकाशित भएछन् । यस अङ्कमा पहिले नसमेटिएका स्रष्टाहरू मात्र समेट्छु ।' भन्नुहुन्थ्यो ।

उहाँको यो आग्रह हार्न सकिरहेको थिइनँ । उहाँको हार्दिकता/स्नेह र आत्मीयताले म मैन झैं पग्लिएको थिएँ । कति पटक माग्दा मैले रचना दिन सकेको थिइनँ । वर्षमा मुस्किलले दुई/तीन निबन्ध र एक दुई कविता लेख्छु । ती कहाँ कहाँ दिऊँ ? कसकसलाई दिऊँ ? अलमलिइरहन्छु ।

केही सम्पादकहरू रिसाउनु पनि हुन्छ । म प्रायः मुडमा लेख्छु । लेखुँ भनेर लेख्न सक्दिनँ पनि । खै के केले हो लेखाउँछ ? मुडमा लेख्दा गति अत्यधिक हुन्छ । मुड नहुँदा मन मेघाच्छादित भइदिन्छ ।

घडीको छक् छक् आवाज पनि आइरहेको थियो । रातको आफ्नै राज्य हुन्छ । यस्तै यस्तै सोच्दै थिएँ । गर्मी मौसम भएकोले सिलिङमा केही लामखुट्टेहरू घुमिरहेका थिए । माउसुली पनि ट्युबलाइटको आडमा बसेर लामखुट्टेको सिकार गरिरहेको थियो । बाहिर झरीले मकैको पातमा मीठो सङ्गीत बजिरहेको थियो । झरीको सङ्गीत बाहिर अझै सघन रूपमा गुञ्जिरहेको थियो । म यता कोठामा निबन्धको धूनमा गुञ्जिरहेको थिएँ । बेला बेला सडकका कुकुरहरूको कर्कस आवाज कानमा ठोक्किन आइपुग्थ्यो ।

म यी सबै दृश्यहरूको रमिते भएको थिएँ । कम्प्युटरको अगाडि शून्य-शून्य अवस्थाबाट गुज्रिँदै छु । आँखाले देखिने दृश्यभन्दा मनले देख्ने दृश्यले भिजेको थिएँ म । मनमा अनेकौं दृश्यहरू सलबलाइरहेका थिए । के लेखौं ? के नलेखौं ? मन विरोधाभाषमा थियो ।

म के शीर्षकमा निबन्ध लेखौं ? किन अरू वेला झैं मस्तिष्कमा बत्तिएर विचारहरू आउँदैन ? किन मेरो मस्तिष्क मौनतामा छ ? किन प्रज्ञा शून्य छु म ?

तत्क्षण मैले निबन्धका अग्रणी व्यक्तित्व फ्रान्सेली विद्वान् मिचेल डी. मोन्तेन सम्झिएँ । उनले भनेका थिए- 'मेरो निबन्धको विषय म स्वयं हुँ ।'

हाम्रै महाकवि/निबन्धकार देवकोटाले- 'निबन्ध रौंचिरा दर्शन होइन, न हो पाण्डित्य दर्शनको ठ्यासफु... ! निबन्ध त केवल टेबलगफ हो ।' भनेको सम्झन्छु ।

मनमा के -के कुरा खेलाउँदै गर्दा म निद्राको पोखरीमा चुर्लुम भएछु ।

म मस्त निद्रामा थिएँ । रात्रीको समय थियो । अलिक गर्मी भएकोले बेलुकी ढिलै सुतेको थिएँ । निद्रा यति मीठो थियो कि- जसै लामखुट्टेले ब्युँझाइदिए । चारैतिरबाट मलाई लामखुट्टेले आक्रमण गरिरहेका रहेछन् । झसङ्ग भएर ब्युँझिएँ । सुरुमा त निद्रामै हात यताउता हानिरहेको रहेछु ।

कानको चारैतिर एकोहोरो झिँकक-टिनिनिनी !

झिँकक-टिनिनिनि ! झिँकक-टिनिनिनी !

निरन्तर लामखुट्टेको साइरन बजिरहेको थियो । आधा रातको त्यो कर्कस आवाजले कसलाई रिस उठ्दैन ? म हतप्रभ हुँदै उठें । एकछिन त विमनस्क रहें ।

उसै त रिसको पुरी हुँ म, निन्द्राबाट ब्युँझन, त्यसमाथि आधारात निद्राबाट उठ्नु परेको झोक - शिरदेखि पाउसम्मै रिसाएको थिएँ । इन्द्रियहरू पनि बसमा थिएनन् । लामखुट्टेलाई हरतरहबाट झम्टिएँ । त्यहीमाथि आधा रातको निद्राबीच निर्घात चुसिएको थिएँ/चिमोटिएको थिएँ/चिथोरिएको थिएँ/चिलिएको थिएँ । उसै कहाँ छाड्थें र म ?

आवेगमा थिएँ । अलिक बढी नै आक्रोशित थिएँ । आक्रमणमा उत्रिएँ । मभित्र काली चढेको थियो/देवाधिदेव महादेवको पनि रौद्ररूप सवार थियो । रिसहरूको पनि 'लाटो रिस' उठ्यो मलाई ।

रिसको प्रकार जान्नु छ भने मेरो 'रिस' निबन्ध हेर्नुहोस् ।

सोचें, अब म लामखुट्टेहरूका 'वालको खाल' उताछुं । आधा रात्रि क्रुद्ध बनेको मनले भेट्टाए जत्ति लामखुट्टेलाई रफादफा गर्ने झोक चलेको छ ।

निद्राका चिम्सा आँखा पनि ठूलो ठूलो हेर्न थालें । हातका औंलाहरू एकीकृत गर्दै करप्प मुठ्ठी कसें अनि कोठाका सम्पूर्ण लामखुट्टेहरूलाई हृदयचन्द्रसिंह प्रधानको 'एकचिहान' औपन्यासिक कृति स्मृतिमा राख्दै निर्मुल पार्ने अभियानमा लागें म ।

अब 'एकचिहान' हुने पालो यी लामखुट्टेहरूको हो । म रिसले क्रुद्ध हुँदै मनमनै सोचिरहेको थिएँ - अब कुनैलाई बाँकी राख्दिनँ । यो आवेगको घोषणा हो । रिसले मेरो अनुहार रातोपिरो भएको थियो ।

प्राणी हिंसाबाट टाढा रहने, झूठो बोल्नबाट टाढा रहने, चोरी नगर्ने, कसैप्रति व्यभिचार नगर्ने, धूम्रपान तथा मध्यपान नगर्ने । बुद्धका 'पञ्चशील'

एकछिनका लागि बिर्सिदिएँ । यी सबैबाट टाडा रहें म । मानिस कति बेला हिंस्रक हुन्छ भन्ने कुरा मैले भनिरहनु परेन । आफूलाई आइपरेको पीडामा जो कोही अलिक आक्रामक हुन्छ/हुँदो रहेछ ।

आधारातमा एक्लो मान्छेलाई बाजागाजासहित 'ग्रुप' लागेर हमला गर्ने, कानको जाली च्यात्तिने गरी साइरन फुक्ने, श्रमजीवीहरूको मीठो निद्रा भत्काइदिने,

मन अझै झनन्न हुँदै थियो । अब बाँकी कसैलाई राख्दिनँ । म आवेगमा थिएँ । आवेगमा वेद पढ्ने कुरा पनि भएन ।

लामखुट्टेहरू मेरो रिसको पारो तातेको बुझे झैं गरेर सबै तितरबितर भए । लाखापाखा लागेका लाम्खुट्टेहरूलाई एकछिन त धुइँपाताल खोजें, देखिए जति मेरो लाटो रिसमा परे । आधारातको लाटो रिस साम्य हुन हम्मेहम्मे परिरहेको थियो ।

अघिसम्म मेरो शरीर निर्घात टोकिरहेका/चिथोरिरहेका/चुसिरहेका/चिमोटिरहेका सयौं लामखुट्टेहरू एक दुई पनि देखिन छाडे । लामखुट्टेहरूको त्यो कर्कस आवाज पनि हरायो । मैले केही खाइ-अघाएका लामखुट्टेहरूलाई दुई तीन थप्पडीमै स्वाहा पारें । महाकवि देवकोटाले भने झैं 'ब्रह्मक्रोध' त जागृत थिएन यद्यपि 'क्षेत्रीयक्रोध' देखाउन थालें ।

दुई हातको चेपोमा च्यापिएपछिको लामखुट्टेको हालत के भो होला ? कल्पना गर्नुहोस् त ?

सयौंको सङ्ख्यामा आएका ती लामखुट्टेहरू बाँकी भागाभाग बनाएँ । खोज्दाखोज्दै समय गयो । निद्रा हरायो । कोठाभित्रै कोही कता, कोही कता सामसुम भए । मेरो रिसको पारो पनि अलि-अलि गर्दै घट्दै गयो ।

रात्रिको समय चकमन्न छ सबैतिर । बाहिर सिङ्गो पृथ्वी चुपचाप सुतेको छ । झ्याल खोलेर बाहिर हेर्छु । जूनको काखमा ताराहरू मस्त निदाएका छन् । भित्ताको घडी हेर्छु - एक बजेको रहेछ । जतिसुकै रिस उठे पनि एक दुई लामखुट्टे मार्न सकें । केही अङ्गभङ्ग पनि भए होलान् । बाँकी सब फरार ! फरारको सूची लामै बन्थ्यो । मैले त्यसपछि खास पछ्याइँन पनि । त्यस्तो दागा धर्नु पर्ने र इगो साध्नुपर्ने केही थिएन ।

अब सुतौं भन्छु - निद्रा आउँदैन । मेरो निद्रा बिगार्ने लामखुट्टेप्रति घोर भर्त्सना गर्दै कोल्टे फर्किएँ । निद्रा नै नआएपछि कोल्टे न सोल्टे । जता फर्किए पनि निद्रा पर्ने सङ्केत नै छैन ।

आँखा चिम्लिएँ । मनमा आएका अनेकौं स्मृतिहरू सिनित्त पुछें । रिसलाई थुमथुम्याएँ । ती लामखुट्टेहरूप्रति भर्त्सना गरें तर निद्रा परे पो !

उल्टो गन्ती पनि सुरु गरें । एक दुई पटक सय उनान्सय गर्दै एकसम्म

पूरा गरेँ । 'ज्ञ'देखि 'क'सम्म पटक पटक सकेँ ।

अहँ, निद्रा आएन । निद्रालाई लामखुट्टेले खाइदियो ।

कतिबेला निद्रा आएछ । मस्त निदाएँछु । बिहान अबेर उठेपछि पो रातीको घटना सम्झिएँ । मलाई घेरेर टोक्ने लामखुट्टेहरूप्रति घोर भर्त्सना गरेँ ।

लामखुट्टे सानो छ भनेर के गर्नु ?

सानोतिनो भनेर हेप्न नहुने रहेछ । त्यही सानो लामखुट्टेले मेरो कति रात बिथोलिदिएको छ । उसैसँग भएभरको ऊर्जा खर्च गर्नु परेको छ । सानो भुसुनाले पृथ्वीकै बढेमान जीव हात्तीलाई रुवाउँछ भन्छन्- हो पो रहेछ । लामखुट्टेभन्दा हजारौँ गुणा ठूलो मानिस लामखुट्टेको सिकार बन्नुपरेको तीतो यथार्थ कसरी कहुँ ? हुन त हाम्रो शरीरको भित्री पत्रमा बसेर आँखाले देख्नै नसकिने जीवाणुले हाम्रो जीवन लीला समाप्त पारिदिन्छ । लामखुट्टे त आँखाले देख्न सकिने जीव हो ।

श्रद्धेय पाठक गण तपाईंहरूलाई त त्यस्तो भएको छैन होला । लामखुट्टेलाई सानो भनेर नहेप्नु है । सानो कुराले पनि धेरै अप्ठ्यारो पार्छ । सानो/होचो/निम्जो भनेर हेप्नु हुन्न रहेछ । बलियो-बाङ्गो पनि कहिले काहीँ सानो सानो कुराबाट प्रताडित हुनुपर्छ । मैले अघिल्लो पटक डेङ्गुको नमीठो पीडा पनि झेलिसकेको थिएँ । त्यस्तो पीडा अरू कसैले भोग्नु नपरोस् । लामखुट्टे सामान्य ठान्नु पनि भूल रहेछ । मैले त झन्डै झन्डै जीवनको पाङ्ग्रो घुम्ने दिन यत्ति रहेछ क्यारे भन्ने ठान्न पनि भ्याएँ ।

हरेक सानो कुरामा नजानिँदो शक्ति हुन्छ । लामखुट्टे सानो छ मानिसलाई रुवाउँछ । भुसुनो सानो छ- हात्तीलाई धुरुक्क रुवाउने बनाउँछ । आवेगको बिउ सानो हुन्छ । जसले परिवार सक्काउँछ । आगोको झिल्को सानो हुन्छ । त्यही झिल्कोले संसार खरानी बनाउँछ । यो संसारमा लाखौँ जीवाणुहरू छन्, जसले ठूला ठूला जीवन समाप्त पारिदिन्छन् । वैज्ञानिकहरूले निर्माण गरेका अनेकौँ ठूला ठूला हतियारभन्दा अणुबम कति शक्तिशाली हुन्छ ?

जीवनको दर्शनले सिकाउँछ- शक्ति त सानो सानो कुरामा छ । अणुमा छ अथाह शक्ति । हामी ठूलो कुराको पछि किन लाग्छौँ हँ ?

तामाकोसी - २ झुले, दोलखा ।

--

वैजयन्तीको लागि रचनाहरू शुद्ध टाइप गरी
shabdarthaprakashan@gmail.com
मा पठाउन सक्नुहुनेछ ।

# बक्सिस



सुमी लोहनी

सर्वसाधारण जनतासँग कुनै सरोकार नभएको सर्वसमर्थ सरकारले तिनै सर्वसाधारण जनताको सारै माया लागेकाले उपकार गरी सहयोग गर्ने महान् उद्देश्य लिएर अनेकौं अनेक सुकार्य गर्ने लक्ष्य लिएको सबैलाई थाहा भएकै कुरो हो। साँच्चै नै सर्वसाधरण जनताको आहत हृदयलाई राहत दिने उपाय सोच्दा-सोच्दा दिमागको बत्ती झिलिक्क बलेछ क्यारे ! अनि त के चाहियो, जनताको करङ कऱ्याककुरुक हुने गरी करको दरमा उच्च बढुवा भइहाल्यो। त्यसपछि आम्दानीको एक दैलो, विभिन्न बहानामा कर तिर्न लाइनमा उभिनुपर्ने अनेकौं झ्याल ! अनि त खल्ती खाली, सारङ्गीजस्तो पेट खाली, भातको थाल खाली..., तैपनि हामीलाई कुनै पीर छैन किनभने हामी निमुखाको घरमा चुलो नबलेर के भो र ? सरकारको महलमा, क्वाटरमा पस्किने अनेकौं परिकारका लागि बले त भइहाल्यो ! यसैमा हामी अति प्रसन्न छौं र खुसी भई बिराज्या छौं।

वास्तवमै नेपाली जनता साह्रै भाग्यमानी पो छन् त हो ! अब हेर्नुस् न, बर्खा मासमा पानीको भेल आउनुभन्दा पहिल्यै आर्थिक वर्षको बजेट भाषणको शुभ-उपलक्ष्यमा खुसियाली मनाउन बजारभाउ बढोत्तरीको उपहार ! अनि हिउँद मासमा पनि अनेक कारण देखाउँदै रमाइलो मान्न महँगी बक्सिस ! अनि कहिलेकाहीँ हाकिम सा'प र बडा व्यापारी सा'पका बीचमा कमिसनको खेल हुँदाको रमाइलो दृश्य देख्दा, चर्मचक्षु चिम्लिने र सुन्दा कानमा तेल हाल्ने उपभोक्तालाई कुनै पनि कारण देखाई बजारभाउ उच्च गरेर च्याखे जितौरी दिनुपरिहाल्यो। त्यसैगरी विभिन्न संस्थानका कर्मचारीलाई बलियो बोनस बाँड्नका लागि उपभोक्तालाई बढी दर फोसामा प्राप्त हुने त भई नै हाल्यो। यसरी सबै कुरामा सक्षम सरकारबाट हरेक मौका र उपलक्ष्यमा नभुलीकन करको दर बक्सिस पाउने नेपालीको जस्तो सौभाग्य कसको होला र संसारमा ?

वास्तवमा यस्ता सुकार्यहरू देशका बडा सा'पहरूको अति दूरदर्शिताको ज्वलन्त उदाहरण हुन् भन्दा कुनै अत्युक्ति नहोला। गूढ कुरोको चूरो चाहिँ के

हो भने संसार गोल छ । गोल संसारको सिधा, सरल कुरो- जसरी जहाँबाट हिंडे पनि दौडे पनि पुगिने त एकै ठाउँमा हो क्यारे ! त्यसैले अरूले गरेको जस्तो काम हामी किन गर्ने ? हामी फरक तरिकाले काम गर्ने नेपाली पो हौं त बाबै ! भन्दै हामी उल्टो अर्थात् पछाडि फर्केर हिँड्दै छौं । यसरी हिँड्दा हिँड्दै एक दिन ढ्याङ्ग लार अविकसित पूर्वका हामी पूर्ण रूपमा विकसित पश्चिममा पुग्ने नै छौं क्यारे !

यसरी ढ्याङ्ग ठोक्किएपछि त आहा ! हरबर पहेँला तोरीका फूल हेर्दै यामानको टुटुल्को छामी नसक्दै मिलिक्कै उन्नति प्रगतिको उच्च शिखरमा पुगिहालिन्छ होला नि ! अब नजान्नेले पो कुनै पनि काम कुरा गर्दा पछिसम्मका लागि सोची सम्झी, मिलाई मिलाई गर्नुपर्छ र ? हामीजस्ता धेरै जान्ने बुझ्ने बुजक्कड बुद्धिमान्ले त उल्टो, सुल्टो जसरी हिंडे पनि के भो र ? आखिर उही ढुङ्गे युगैमा नै त पुग्न खोजेको हो क्यारे ! केको टेन्सन ? जसरी पनि पुगिहालिन्छ नि ! यसो लक्षण हेर्दा, विचार्दा त छिटै पो पुगिएला जस्तो छ है ! कि कसो हो ?

भाटभटेनी, काठमाडौं ।

--

## वर्ष साहित्य पुस्तकहरू

| | |
|---|---|
| १. वर्ष साहित्य पुस्तक २०७१ (पुस्तक परिचय) -साहित्य संवर्द्धन केन्द्र | ४००/- |
